crrs_booklet.qxp 12/12/2012 5:37 PM Page 1

# विद्यालयमा बालअधिकार संरक्षण
# सहयोगी पुस्तक

**प्रकाशक**

समाज सेवा तथा
मानवअधिकारमा महिला र
बालबालिका (सिविस)

जिल्ला शिक्षा कार्यालय, काठमाण्डौं
जिल्ला शिक्षा कार्यालय, ललितपुर
जिल्ला शिक्षा कार्यालय, भक्तपुर

**सम्पादन :** मिलन धरेल, काठमाण्डौं

**प्रकाशन मितिः** डिसेम्बर २०१२

**लेखन समूह**

भोला दाहाल – शिक्षाविद्
नवराज निरौला – विद्यालय निरीक्षक, काठमाण्डौ जिल्ला शिक्षा कार्यालय
गुरुप्रसाद मैनाली – विद्यालय निरीक्षक, ललितपुर जिल्ला शिक्षा कार्यालय
महिमा प्रधान – कार्यक्रम संयोजक, सिविस
कमल चापागाई – कार्यक्रम अधिकृत, सिविस

ISBN: 978-9937-2-5781-7

**संपर्क ठेगानाः**
समाज सेवा तथा मानवअधिकारमा महिला र बालबालिका (सिविस)
पो.ब.नं. २१४३३, बुद्धनगर, काठमाडौं, नेपाल
फोनः ९७७–१–४७८४५४५
फ्याक्सः ९७७–१–४७८१३८६
इमेलः info@cwish.org.np
वेबसाइटः www.cwish.org.np

# विषय सूची


| | |
|---|---|
| आभार | छ |
| १. सहयोगी पुस्तकको बारेमा | १ |
| २. विद्यालयमा बाल अधिकार | ३ |
| ३. विद्यालयमा बाल बचाउको अधिकारको संरक्षण र सम्वर्द्धन | ३७ |
| ४. विद्यालयमा बाल बिकासको अधिकारको संरक्षण र सम्वर्द्धन | ४७ |
| ५. विद्यालयमा बाल संरक्षणको अधिकारको संरक्षण र सम्वर्द्धन | ५९ |
| ६. विद्यालयमा बाल सहभागिताको अधिकारको संरक्षण र सम्वर्द्धन | ७० |
| अनुसूची | ७८ |
| विद्यालयमा बाल अधिकार संरक्षण सम्वर्द्धन योजना तथा अनुगमन फारम | ७८ |
| विद्यालयमा बाल अधिकार अनुगमन तथा सुझाव फारम | ७९ |

crrs_booklet.qxp 12/12/2012 5:37 PM Page 4

# शुभकामना सन्देश

नेपाल सरकार
शिक्षा मन्त्रालय
शिक्षा विभाग
**जिल्ला शिक्षा कार्यालय**
काठमाडौं

चागल, तहाचल
फोन नं: ४२८२९८५, ४६७२३३९
फ्याक्स: ४२८४५९९
Website: nepalschools.org
Email: deo_kath@wlink.com.np

प.सं
नं

मितिः-२०६९/ ६ / २४

**बिषयः- शुभकामना ।**

समाज सेवा तथा मानव अधिकारमा महिला र बालबालिका (CWISH) काडमाडौंले जिल्ला शिक्षा कार्यालयसंगको सहकार्यमा **"विद्यालयमा बाल अधिकार संरक्षण सहयोगी पुस्तक"** संयुक्त रुपमा प्रकाशन गर्न लागेकोमा मलाई अत्यन्तै खुशी लागेको छ ।

विद्यालयमा बाल अधिकार संरक्षण सम्बन्धी अन्तराष्ट्रिय महासन्धीहरु कानूनी तथा नीतिगत व्यवस्था, राष्ट्रिय ऐन तथा नियमावलीहरु समावेश गरी यसका सरोकारवाला निकायहरुबाट प्रदान गरिने सेवा सुविधाहरु र जिम्मेवार संस्थाहरुको बारेमा विद्यालय भित्र तथा बाहिर सम्पूर्ण जनमानसमा बालबालिकाको नैसर्गिक अधिकार र सो को संरक्षण, सम्वर्धन गर्न योजना निर्माण, कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन गर्ने कार्यमा यस पुस्तिकाले उल्लेखनीय भूमिका निर्वाह गर्ने आशा राखेको छु ।

करिव ४ प्रतिशत बालबालिका अझै विद्यालय बाहिर रहेको तथ्याङ्क देखिने काठमाडौं जस्तो सुविधासम्पन्न शहरी जिल्लामा विद्यालयले बाल अधिकार संरक्षण र सम्वर्धनमा अग्रसरता देखाउन सके यसले परिवार, समाज र राष्ट्रको शैक्षिक उपलब्धी सुदृढिकरणमा सकारात्मक प्रभाव पार्न सक्ने भएकाले बाल अधिकार संरक्षण र सम्वर्धनका लागि विद्यालयहरुसंग सहकार्य गर्ने उद्देश्यका साथ अगाडी बढेको सिविस नेपाल प्रति हार्दिक शुभकामना व्यक्त गर्दछु ।

.......................

(बैकुण्ठप्रसाद अर्याल)
जिल्ला शिक्षा अधिकारी

crrs_booklet.qxp 12/12/2012 5:37 PM Page 5

# शुभकामना सन्देश

☎ ५५३८४१७

नेपाल सरकार
शिक्षा मन्त्रालय
शिक्षा विभाग
**जिल्ला शिक्षा कार्यालय**
ललितपुर

कनिवहाल, लगनखेल

पत्र संख्या ०६९/७०
चलानी नं. :-

मिति: २०६९/८/१८

विषय :- **शुभकामना**

सिविस नेपालले नेपालका बालबालिकाहरुको अधिकार, शिक्षा, संरक्षण लगायतका विषयमा सहयोग पु-याउदैं आइरहेको सन्दर्भमा सो कार्यलाई संस्थागत रुपमा अघि वढाउने उद्देश्यले यस कार्यालय तया सम्वन्धित विज्ञहरु समेतको संलग्नतामा तयार पारेको विद्यालयमा **वाल अधिकार संरक्षण सहयोगी पुस्तिका** छपाई गर्न लागेकोमा सो कार्यको सफलताको शुभकामना सहित धन्यवाद दिन चाहन्छौ ।

प्रस्तुत पुस्तकमा उल्लेखित विषयवस्तुहरुले विद्यालयमा अध्ययनरत बाल बालिकाहरुको वाल अधिकार संरक्षणका लागि उपयोगी हुने देखिएको छ । यस कार्यवाट बालबालिकाहरु लाभान्वित हुने हुंदा संलग्न सवै संस्था तथा सरोकारवाला महानुभावहरुमा यस कार्यालय आभार प्रकट गर्दै धन्यवाद ज्ञापन गर्न चाहन्छ । -

८।१८

(महेश्वर शर्मा)
उप-सचिव

crrs_booklet.qxp 12/12/2012 5:37 PM Page 6

# शुभकामना सन्देश

नेपाल सरकार
शिक्षा मन्त्रालय
शिक्षा विभाग

## जिल्ला शिक्षा कार्यालय

भक्तपुर

पत्र संकेत : विविध/२०६९।०७० भ.न.पा–१०, ब्यासी
चलानी नं. : मिति :२०६९।७१



## शुभ-कामना

समाज सेवा तथा मानव अधिकारमा महिला र बालबालिका (CWISH) ले महिला, युवा, बालबालिका आदिका विभिन्न अधिकारहरुको संरक्षण, उत्थान एवं प्रबर्द्धन गर्न सहयोग पुग्ने गरी पुस्तक प्रकाशन गर्न लागेकोमा खुसी लागेको छ।

विद्यालय भित्र र बाहिर रहेका सम्पूर्ण बालबालिकाहरुको सम्मान, संरक्षण तथा शिक्षा प्राप्ती र समग्र विकासमा विद्यालयहरुसँग सहकार्य गर्दै आएको यस संस्थाबाट प्रकाशित पुस्तकको अध्ययनबाट महिला, बालबालिका तथा मानव अधिकारका क्षेत्रमा चासो राख्ने अध्यताहरुको जिज्ञासा पूरा गर्न सकोस् भन्ने शुभेच्छा व्यक्त गर्दै वडा दशैं एवं समस्त राष्ट्रिय पर्वहरुको उपलक्ष्यमा हार्दिक शुभकामना सहित संस्थाको उच्च प्रगतिको कामना गरिन्छ।

दिपक काफ्ले
जिल्ला शिक्षा अधिकारी

# आभार

नेपालले बाल अधिकार महासन्धि अनुमोदन गरेको २१ बर्षमा प्रवेश गर्न लागिरहेको यस अवस्थामा नेपाली बालबालिकाहरूको अधिकार उपभोग र अनुभवहरूमा निकै प्रगति भएको छ । यद्यपि बालबालिकाहरूले सबै स्थानहरूमा आफ्ना सबै अधिकारहरू उत्तिकै मात्रामा उपभोग गर्न भने अझै पाएका छैनन् ।

विद्यालय ५ देखि १५ बर्ष उमेर समूहका बालबालिकाहरूका लागि अधिकांश समय व्यतित हुने प्रमुख थलो हो । विद्यालयले बालबालिकालाई शिक्षित मात्र बनाउँदैन बरु सक्षम नागरिकमा हुनुपर्ने गुण र सीपहरूको पनि बीजारोपण गरिदिएको हुन्छ । सत् प्रतिशत विद्यालय जाने उमेरका बालबालिकाहरू विद्यालय जानेछन् भन्ने अवस्थाको परिकल्पना गरिरहेको यस अवस्थामा विद्यालयभित्र र वरिपरिको परिवेशमा बालबालिकाको अधिकारहरूको संरक्षण र सम्वर्द्धन गर्नुपर्ने आवश्यकता अत्यन्तै टड्कारो देखिन्छ ।

विद्यालयमा बाल अधिकारका कतिपय पक्षहरूको उपयुक्त सम्मान, संरक्षण र कार्यान्वयन हुन नसक्दा धेरै बालबालिकाहरू विद्यालय छाड्न बाध्य छन् भने कतिपय अनुपस्थित हुने र यस्ता कार्यहरूको परिणामस्वरूप सिकाइ उपलब्धि कमजोर हुने अवस्था पनि रहेको छ । यस सन्दर्भमा विद्यालयले बाल अधिकारको संरक्षण र सम्वर्द्धन गर्न अग्रसर हुन अति जरुरी देखिएको छ ।

विद्यालयले बाल अधिकार संरक्षण र सम्वर्द्धन प्रक्रियामा अग्रसर हुँदा बालबालिकाहरूको शैक्षिक सम्पादनमा उल्लेखनीय प्रगति हुनका साथै पकड क्षेत्रका समुदायमा प्रशस्त सकारात्मक प्रभावहरू पर्न सक्दछ । यसै कुरालाई मध्यनजर गर्दै बाल अधिकार संरक्षण र सम्वर्द्धनका लागि विद्यालयहरूसँग सहकार्य गर्ने उद्देश्यले सिविस नेपालले यो “विद्यालयमा बाल अधिकार संरक्षण सहयोगी पुस्तक” प्रकाशन गरेको छ ।

यस पुस्तकका लागि आवश्यक सामग्रीहरू लेखिदिएर सहयोग गर्नुहुने श्री भोला दाहाल, नवराज निरौला, गुरुप्रसाद मैनाली, महिमा प्रधान र कमल चापागाईलाई हार्दिक धन्यबाद दिन चाहन्छु । त्यसै गरी यस पुस्तकको

crrs_booklet.qxp 12/12/2012 5:37 PM Page 8

सम्पादन गरी यो रूपमा ल्याउन सहयोग गर्नुहुने मिलन धरेलप्रति आभार व्यक्त गर्दछु। यो पुस्तक प्रकाशन र वितरणका लाग आर्थिक सहयोग उपलब्ध गराउने फिनल्याण्ड विदेश मन्त्रालय तथा इन्टरपेडिया फिनल्यानन्डप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

अन्तमा, यस पुस्तकलाई अध्ययन गरी आफ्ना अमुल्य सझाव र प्रतिक्रियाहरू उपलब्ध गराई सहयोग गरिदिनुहुन सबैमा हार्दिक अनुरोध गर्दछु ।

श्री विमला ज्ञवाली
अध्यक्ष

# १. सहयोगी पुस्तकको बारेमा

## सहयोगी पुस्तक के हो ?

विद्यालय सञ्चालन तथा व्यवस्थापनका निकायहरूलाई आफ्नो विद्यालयभित्र तथा विद्यालयको व्यवस्थापन क्षेत्रभित्र रहेका बालबालिकाहरूको अधिकार संरक्षण र सम्वर्द्धन गर्नका लागि आवश्यक विभिन्न ब्याबहारिक क्रियाकलापहरू गर्न सन्दर्भ सामग्रीको रूपमा यो सहयोगी पुस्तक प्रकाशन गरिएको हो ।

## विद्यालयमा बाल अधिकार संरक्षण र सम्वर्द्धन किन जरुरी छ ?

सरकारी तथ्यांक अनुसार ९३ प्रतिशत बालबालिकाहरू विद्यालयभित्र रहेका छन तर बीचमा कक्षा छाड्नेको संख्या हेर्ने हो भने ७० प्रतिशतको हाराहारीमा छ । साथै अझ पनि ७ प्रतिशत बालबालिकाहरू विद्यालय बाहिर रहेका छन् । यसरी बालबालिकाहरू विद्यालय बाहिर हुने, बीचमा कक्षा छाड्ने अवस्था सिर्जना हुनुमा विद्यालयमा हुने गरेका बाल अधिकारका हनन्का घटनाहरू पनि प्रमुख कारण भएको हुनाले सो समस्यालाई सम्बोधन गर्न सकिएमा बालबालिकाको शैक्षिक उन्नति तथा बाल अधिकारको संरक्षण तथा सम्बर्द्धनमा पनि योगदान पुग्न सक्छ ।

## यो सहयोगी पुस्तक कसका लागि तयार गरिएको हो ?

यस सहयोगी पुस्तकलाई विद्यालयका व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघका पदाधिकारीहरू, शिक्षक, बाल क्लबका सदस्यहरू, स्रोत व्यक्ति तथा विद्यालय निरीक्षकहरूले विद्यालयमा बाल अधिकार संरक्षण तथा सम्वर्द्धन कार्य गर्नका लागि योजना निर्माण, कार्यान्वयन तथा अनुगमन गर्नका लागि प्रयोग गर्न सक्छन् ।

## यस सहयोगी पुस्तकको प्रयोग कसरी गर्ने ?

यस सहयोगी पुस्तकमा बाल अधिकारका प्रमुख चार अधिकारहरू तथा विद्यालयमा बाल अधिकार गरी पाँचवटा प्रमुख पाठ्यांशहरू रहेका छन् । प्रत्येक पाठ्यांशमा सम्बन्धीत अधिकारको सामान्य परिचय तथा त्यस सम्बन्धी राज्यका नीतिहरू एवं विद्यालयमा गर्न सकिने व्यावहारिक क्रियाकलापहरूको बारेमा उल्लेख गरिएको छ । प्रत्येक पाठको अन्तमा छलफलका लागि प्रश्नहरू दिइएको छ । पाठकहरूले उक्त पाठ्यांशका आधारमा दिइएका प्रश्नहरूमाथि छलफल गरी आफ्नो विद्यालय परिसरमा बाल अधिकार संरक्षण र सम्वर्द्धनका लागि गरिने क्रियाकलापहरूको सूची बनाउन सक्छन् र पुस्तकको अन्तमा दिइएको नमुना योजना फारम अनुसार कार्ययोजना बनाइ कार्यान्वयन तथा अनुगमन गर्न सक्छन् ।

## यो सहयोगी पुस्तक कसले प्रकाशन गरेको हो ?

यो सहयोगी पुस्तक काठमाण्डौं, ललितपुर तथा भक्तपुर जिल्लाका जिल्ला शिक्षा कार्यालयहरूले संयुक्त रूपमा समाज सेवा तथा मानव अधिकारमा महिला र बालबालिका (सिविस)को सहयोगमा प्रकाशन गरेको हो ।

## यस पुस्तकका बारेमा सुझाव प्रतिक्रिया कहाँ पठाउने ?

यस पुस्तकको बारेमा सुझाव तथा प्रतिक्रियाहरू काठमाण्डौं, ललितपुर तथा भक्तपुरस्थित जिल्ला शिक्षा कार्यालयका ठेगाना तथा समाज सेवा तथा मानव अधिकारमा महिला र बालबालिका (सविस) को कार्यालय ठेगानाम पठाउन सकिन्छ । सबै ठेगानाहरू तल दिइएको छ :

- जिल्ला शिक्षा कार्यालय काठमाण्डौं, चागल, ताहाचल
- जिल्ला शिक्षा कार्यालय ललितपुर, कनिबहाल, लगनखेल
- जिल्ला शिक्षा कार्यालय भक्तपुर, व्यासी, भक्तपुर
- समाज सेवा तथा मानव अधिकारमा महिला र बालबालिका (सिविस), बुद्धनगर, काठमाडौं ।

# २. विद्यालयमा बाल अधिकार

## गुणस्तरीय विद्यालय शिक्षा

*शिक्षा एक प्रक्रिया हो जसबाट व्यक्तिले ज्ञान पाउँछ, जीवन चिन्छ, समाज बुझ्छ र जीउन सिक्छ ।* आजभन्दा करीब २ सयवर्षअघि शिक्षाविद् जोन दुवेले विद्यार्थी, शिक्षक र समाज शिक्षाका तीन अभिन्न अंग रहेको तथ्य वर्णन गरेको पाइन्छ । यी तीन अंगको त्रिकोणात्मक अन्तरक्रियाबाट मात्र शिक्षा गुणस्तरीय, व्यावहारिक र जीवनोपयोगी रहने विषयमा हालसम्म पनि वकालत र बहस पैरवी भैरहेका छन् । उनले समाजलाई पाठ्यक्रमको रूपमा परिभाषित गरी शिक्षा समाज अनुकूल कामयावी र प्रयोगात्मक हुनुपर्ने कुरामा बढी जोड दिएका थिए । विद्यालयले बालमैत्री भएर बालबालिकाको अधिकार संरक्षण र सम्वर्द्धन गर्न सकेमा मात्र गुणस्तरीय शिक्षा सम्भव रहन्छ ।

गुणस्तरीय विद्यालय शिक्षा भन्नाले सामान्यतया तल उल्लेखित पाँचवटा प्रमुख आयामहरूको समग्र स्वरूपलाई जनउने गर्दछ :

- **विद्यार्थी बालबालिकाको अनुभव वा सक्षमता** जस अन्तर्गत स्वस्थ, सुपोषित, सिकाइ पक्रियामा अग्रसर र सक्रिय तथा अभिभावक, परिवार र समाजबाट सिक्नमा प्रेरित विद्यार्थीहरू पर्दछन् ।
- **सिकाइको वातावरण** अर्थात स्वस्थ, सुरक्षित, लैंगिक तथा अपांग मैत्री र पर्याप्त स्रोत साधन उपलब्ध सिकाइ वातावरण पर्दछ ।
- **सिकाइको पाठ्यक्रम तथा पाठ्यवस्तुहरू** जसले समयसान्दर्भिक साक्षरता, सांख्यिक ज्ञान तथा जीवनोपयोगी सीपहरू जस्तै, स्वास्थ्य, पोषण, समानता, शान्ति, मानव अधिकार र लोकतान्त्रिक सँस्कृतिलाई प्रवर्द्धन गर्न सकोस् ।

- **शिक्षण सिकाइ प्रक्रिया** जस अन्तर्गत बालमैत्री सुव्यवस्थित कक्षा कोठामा बाल केन्द्रित विधि तथा प्रक्रियाहरूको प्रयोगबाट विषमताहरूलाई न्यूनीकरण गर्नेगरी बालबालिकाको सिकाइ प्रक्रियाको सहजीकरण तथा सिकाइस्तरको उपयुक्त मुल्यांकन गरिन्छ ।

- **गुणस्तरीय सिकाइ उपलब्धि** जसले सामजमा सकारात्मक संलग्नताका लागि प्रेरित गर्न र राष्ट्रिय शिक्षाको लक्ष्य प्राप्त गर्नमा बालबालिकाहरूमाझ सीप, ज्ञान, धारणाको उपयुक्त विकास हुने गर्दछ ।

माथि उल्लेखित पाँच वटा आयामहरूमध्ये कुनै एक आयामको अभावमा मात्र पनि गुणस्तरीय शिक्षाको प्राप्ति लगभग असम्भव रहन जान्छ । यसअर्थमा हेर्ने हो भने उत्कृष्ट सिकाइ उपलब्धि र शैक्षिक विकासका लागि यी पाँचवटै तत्वहरूको एकीकृत उपलब्धता र उपभोग हुनु जरुरी छ । यसका लागि बालबालिकाको स्वस्थ जीवन र पोषिलो खानपान, सुरक्षित र स्वस्थ वातावरण, अहिंसाको अभ्यास, सहभागितात्मक अध्ययन र निर्णय प्रक्रिया, उपयुक्त शारीरिक तथा मानसिक स्वास्थ्य सेवा, समावेशिता, शारीरिक अभ्यास खेलकुद र विकासका अवसरहरू तथा समाजिक र जीवनोपयोगी अतिरिक्त ज्ञान तथा सृजनात्मक सीप प्रस्फुटन र विकासका अवसरहरू महत्वपूर्ण पक्षहरू हुन् ।

यस अर्थमा बालबालिकाको आधारभुत अधिकारहरूको संरक्षण र सम्वर्द्धन नभई विद्यालयमा गुणस्तरीय शिक्षा असम्भव छ ।

बालअधिकार भनेको बालबालिकाहरूको विशेष मानवअधिकार हो । यस अन्तर्गत बालबालिकाको स्वस्थ रहन र दिगो जीवनको सुनिश्चितताको अधिकार, शैक्षिक, शारीरिक तथा सामाजिक एवं संवेगात्मक विकासको अधिकार, हिंसा दुर्व्यवहार, भेदभाव, द्वन्द्व र शोषणबाट संरक्षणको अधिकार तथा निर्णय प्रक्रियामा सूचना प्राप्त गर्ने अभिव्यक्त गर्ने र उनीहरूको विचार र भावनाको उचित सुनुवाइ हुनुपर्ने अधिकार तथा संगठित हुन पाउने अधिकारहरू पर्दछन् । बाल अधिकारको दृष्टिकोणमा भन्नुपर्दा बालबालिकाहरू अधिकारका धारक हुन भने विद्यालय, प्रौढ व्यक्ति तथा संघसंस्थाहरू बालअधिकारका परिपालक हुन् र त्यसै अनुसार आफ्नो

अधिकारको दावी र कर्तव्यको निर्वाह गनुपर्दछ भन्ने विश्वव्यापी मान्यता रहेको छ ।

तसर्थ विद्यालय बालअधिकार सम्मान, संरक्षण र प्रवर्द्धन गर्ने राज्यको जिम्मेवार प्रारम्भिक संस्था हो भने बालबालिका त्यसका साझेदार । विद्यालयमा बाल अधिकारको सम्मान, संरक्षण र प्रवर्द्धनको कार्य गरिनाले बालबालिकाहरूले केवल आफू सुरक्षित र सहज वातावरणमा भएको महसुस मात्र गर्दैनन् साथमा उनीहरूको सिकाइ प्रक्रियामा तीव्रता आउनुका साथै सिकाइ उपलब्धिमा प्रगति पनि हुन जान्छ र सामाजिक जीवनमा समता, सम्मान, सद्भाव, शान्ति र लोकतान्त्रिक संस्कृतिको अभ्यास गर्न सफल भई जिम्मेवार नागरिकको रूपमा पनि स्थापित हुन सक्दछन् ।

कुनै पनि विद्यार्थीलाई शिक्षकबाट दिइने प्रेरणा, हौसला र प्रोत्साहन तथा बोलिने राम्रा शब्द जस्तैः स्यावास, ठीक, राम्रो जस्ता सकारात्मक शब्दले सिक्न उत्साहित बनाउँछ भने गालीबेइज्जत, दण्ड, सजाय, पिटाइ जस्ता नकारात्मक व्यवहारले दुखित बनाउँछ । उनीहरूको भविष्य जीवनमा मात्र होइन, तत्काल पनि हीन मनोभावनाको विकास हुने, विद्यालयमा अनियमित हुने, बीचमा विद्यालय छोड्ने, परीक्षामा असफल हुने, शिक्षकप्रतिको सोचाइ नकारात्मक रहने र विद्यालय सजाय दिने केन्द्रको रूपमा रूपान्तरण हुनपुग्छ । अतः शैक्षिक प्रगति, लोकतन्त्रको संस्थागत अभ्यास र शान्तिपूर्ण समाजका लागि बाल अधिकार सुरक्षित विद्यालय कार्यान्वयनका लागि विद्यालय व्यवस्थापक, शिक्षक, अभिभावक र विद्यार्थीहरूको सामूहिक प्रयास तत्काल आवश्यक छ ।

बालअधिकार सबैको सरोकारको विषय हो । प्रौढहरूले आफनो कर्तव्य पूरा गरेमा मात्र बालबालिकाले अधिकार प्राप्त गर्दछन् । बालअधिकारका सम्बन्धमा आत्मसात् गर्नुपर्ने महत्वपूर्ण पक्ष भनेको बालबालिका स्वतन्त्र व्यक्तिहरू हुन् र मानवसमुदायमा बालबालिकाले पनि वयस्कहरू जत्तिकै समान हैसियत राख्दछन् भन्ने कुरालाई मान्यता प्रदान गर्नु हो । उनीहरू बाबुआमाका सम्पत्ति र राज्यका उत्पादक वस्तु हैनन् । बालबालिकाको स्वस्थ विकास र सक्रिय सहभागिता कुनै पनि समुदायको भविष्यका निम्ति ज्यादै महत्वपूर्ण रहेको हुन्छ । यसो भन्नुको मतलव के हो भने हामीले भोलिको समाजमा कस्ता

खालका व्यक्ति तयार गरिरहेका छौं भन्ने कुरा आज हामीले बालबालिकालाई उपलब्ध गराएको ज्ञान, बुझाइ, शिक्षा तथा अवसरहरूमा भर पर्दछ । समाजले बालबालिकालाई समाजको हितमा समेत क्रियाशील हुने गरी विकसित गराइरहेका हुन्छौं । उनीहरूलाई वृहत् सामाजिक परिवेशमा प्रक्रियासङ्गत किसिमबाट आफ्ना अधिकारहरू मागदावी गर्ने र अरूका अधिकारहरूलाई सम्मान गर्ने खालको वातावरण प्रदान गर्न सोंचपूर्ण सँस्थागत प्रयत्न गर्नु आवश्यक छ । त्यसैगरी बालबालिकालाई ध्यान नदिएबापत समाजलाई भविष्यमा पर्न सक्ने व्यापक जोखिमबाट बचाउन पनि बालबालिकालाई उचित ध्यान दिनु जरुरी हुन्छ । अनुसन्धानले देखाएको छ कि, बालबालिकाको प्रारम्भिक जीवन कस्तो हुन्छ त्यही अनुरूप नै व्यक्तिको वयस्क जीवनको खाका र आधार निर्धारण भएको हुन्छ ।

यसर्थ विद्यालय तथा स्थानीय निकायमा बालबालिकाको सार्थक संलग्नता गराउनु ज्यादै आवश्यक कुरा हो । बालबालिकासँग सम्बन्धीत विषयमा निर्णय गर्दा उनीहरूका कुरा सुनिने, उनीहरूलाई सहभागी गराइने गर्नाले उनीहरूमा उत्तरदायित्वको भावना विकास गराउन सकिन्छ । यस प्रक्रियाले वृहत्तर रूपमा उनीहरूलाई लोकतान्त्रिक पद्धतितर्फ दीक्षित र अभ्यस्त गराइरहेको हुन्छ । साथै बालसहभागिता भनेको नै बालबालिकाको जीवनलाई सक्रिय र उन्नत बनाउन र उनीहरूलाई आफू र अरूहरूका अधिकारका लागि क्रियाशील बनाउने विधि समेत हो । यसले बालबालिकालाई बाल्यकालदेखि नै अधिकार प्राप्तिका लागि आफ्नो तहबाट कार्य गर्न प्रोत्साहित गर्दछ । यसले अन्ततः बालअधिकारको समग्र कार्यान्वयनमा समेत योगदान दिन्छ ।

## विद्यालयमा बाल अधिकारको वर्तमान अवस्था

- ५५.७ प्रतिशत बालबालिका (६४ लाख) सामान्य शौचालयको पहुँच नहुँदा खुला रूपमा दिसापिसाब गर्न बाध्य छन् ।
- ११.४ प्रतिशत (१३ लाख) बालबालिका सफा खानेपानीको पहुँचभन्दा टाढा रहेका छन् ।
- पाँच बर्षभन्दा कम उमेरका ४९ प्रतिशत बालबालिकाहरूको कुपोषणका

कारणले उमेर अनुसार उपयुक्त शारीरिक वृद्धि हुन सकेको छैन भने ३९ प्रतिशतको उमेर अनुसार तौल वृद्धि हुन सकेको छैन ।

- ३२ प्रतिशत बालबालिकाहरू (करिब ३० लाख) आधारभूत सूचनाको पहुँचभन्दा बाहिर रहेका छन् ।
- कक्षा १ मा भर्ना हुने उमेर समूहका बालबालिकामध्ये झण्डै ५ प्रतिशत विद्यालयको पहुँचभन्दा टाढा रहेका छन् भने विद्यालय भर्ना भएका मध्ये पनि कक्षा १० सम्म पुग्दा प्रत्येक एकसय जनामा करिब ६० जनाले विद्यालय छाड्ने गर्दछन् ।
- नेपालभर रहेका करिब १२ हजार बाल क्लब तथा समूहहरूमा करिब २ लाख ५० हजार बालबालिकाहरू मात्र संगठित भएका छन् ।
- नेपालमा करिब ११ लाख बालबालिकाहरू घर परिवारभन्दा बाहिर रहेका छन् ।
- १८ लाख बाल श्रमिकहरू रहेकोमा १४ प्रतिशत बाल श्रमिकहरू विद्यालय बाहिर रहेका छन्, कक्षा चढ्दै जाँदा करिब २५ प्रतिशत १४ देखि १७ बर्ष उमेर समूहका बालश्रमिकहरू विद्यालय बाहिर रहेका छन् ।
- विद्यालयमा बालबालिकाहरूलाई अनुशासनको नाममा गरिने हिंसायुक्त सजाय अभ्यास प्रशस्त मात्रामा व्याप्त रहेको छ ।
- विद्यालय गइरहेका बालबालिकाहरूमध्ये करिब ४० प्रतिशतले कुनै न कुनै किसिमको यौन दुर्व्यवहारको अनुभव गरेको बताएका छन् ।
- आज पनि देशका कतिपय विद्यालयहरूमा बालबालिकाहरूमाफ लिंग, जात, सम्प्रदाय र आर्थिक सामाजिक हैसियतका आधारमा विभेदपूर्ण ब्यबहार गरिएको पाइन्छ ।
- नेपालमा करिब ११ लाख बालबालिकाहरू आफ्नो घर परिवारभन्दा बाहिर रहेका छन् जसको अधिकांश हिस्सा ३०.६ प्रतिशत केवल अध्ययन अवसरका लागि मात्र घर परिवारबाट छुटिएर रहेका छन् ।
- करिब १७ प्रतिशत बालबालिकाहरू विवाहका कारणले विद्यालय छाड्ने गरेका छन् ।

- राजनीतिक द्वन्द्वहरूमा विद्यालय र विद्यार्थीहरूको प्रयोग भएको पाइएको छ भने, रजनीतिक क्रियकलापहरूमा बालबालिकाहरूलाई जबर्जस्ती वा प्रलोभनका साथ असुरक्षित अवस्थामा प्रयोग गरिएको पाइन्छ ।
- विद्यालयका नीति निर्माण तथा निर्णय प्रक्रियाहरूमा बालबालिकाको परामर्श र सहभागितालाई नजरअन्दाज गरेको पाइन्छ ।
- विद्यालयको कतिपय कक्षाका पाठ्यपुस्तकहरूमा बाल अधिकारका तथा जीवनोपयोगी विषयहरू समावेश भएपनि त्यसको प्रभावकारी र व्यावहारिक शैलीमा पठनपाठन हुन नसकेको पाइन्छ ।

*(स्रोत : नेपालमा बाल गरिबी, २०१०, युनिसेफ, राष्टिय बाल श्रम प्रतिवेदन, २०११, केन्द्रीय तथ्यांक विभाग)*

## विद्यालयमा बाल अधिकार संरक्षणसम्बन्धी कानुनी नीतिगत व्यवस्थाहरू

**नेपालको अन्तरिम संविधान २०६३ :** नेपालको अन्तरिम संविधान, २०६३ मा बालबालिकाको सम्बन्धमा धारा २२ मा विशिष्ट मौलिक हक अधिकारहरूको व्यवस्था गरिएको छ । यसका साथै संविधानको धारा १३ को समानताको हक र अन्य नागरिक अधिकारहरू बालबालिकाको लागि पनि लागू हुन सक्दछन् । संविधानमा देहायका अधिकारहरू प्रत्याभूत गरिएका छन् :

**बालबालिकाको हक (धारा २२) :** यस धारामा बालबालिकाको हक सम्बन्धमा देहाय बमोजिमका प्रावधानहरू रहेका छन् :

- प्रत्येक बालबालिकालाई आफ्नो पहिचान तथा नामको हक हुनेछ ।
- प्रत्येक बालबालिकालाई पालनपोषण, आधारभूत स्वास्थ्य र सामाजिक सुरक्षा प्राप्त गर्ने हक हुनेछ ।
- प्रत्येक बालबालिकालाई शारीरिक, मानसिक वा अन्य कुनै पनि किसिमको शोषण विरुद्धको हक हुनेछ । यस्ता शोषणजन्य कार्य कानूनद्वारा दण्डनीय हुनेछन् र त्यस्ता कार्यबाट पीडित भएका व्यक्तिलाई कानूनले निर्धारण गरे बमोजिमको क्षतिपूर्ति दिइनेछ ।

- असहाय, अनाथ, सुस्त मनस्थितियुक्त, द्वन्द्व पीडित, विस्थापित एवं जोखिममा परेका, सडक बालबालिकालाई सुनिश्चित भविष्यका लागि राज्यबाट विशेष सुविधा पाउने हक हुनेछ ।
- कुनै पनि नाबालकलाई कुनै कलकारखाना, खानी वा यस्तै अन्य कुनै जोखिमपूर्ण काममा लगाउन वा सेना, प्रहरी वा द्वन्द्वमा प्रयोग गर्न पाइने छैन ।

## बाल अधिकार महासन्धि र यसका ऐच्छिक प्रलेखहरू

नेपालले बाल अधिकार सम्बन्धी महासन्धिलाई सन् १९९१ सेप्टेम्बर १४का दिन अनुमोदन गरेको हो । यस महासन्धिले बालबालिकाको समग्र विकास संरक्षण सहभागिताका अवस्यकतालाई ध्यानमा राखी पारिवारिक स्याहार र बालबालिकाको हित, स्वास्थ्य तथा कल्याणकारी व्यवस्था, नागरिक राजनीतिक अधिकार तथा विशेष संरक्षणका अधिकारहरूको व्यवस्था गरेको छ । बाल अधिकार महासन्धिमा उल्लेख गरिएका प्रमुख केही अधिकारहरू निम्न रहेका छन् : भेदभाव गर्न नहुने (धारा-२ ), नाम र राष्ट्रियता (धारा-७), अवैध स्थानान्तरण र नफर्काउनुको विरुद्ध (धारा-११), गोपनियता निजिपनको संरक्षण (धारा-१६), दुर्व्यवहार र उपेक्षाबाट संरक्षण (धारा-१९), शरणार्थी बालबालिका ( धारा-२२), सामाजिक सुरक्षा (धारा-२६), बालश्रम रोक्ने (धारा-३२), लागू पदार्थको दुरुपयोग र दुर्व्यसनबाट संरक्षण (धारा-३३), यौन शोषणबाट संरक्षण (धारा-३४), बेचविखन, सौदावाजी र अपहरणबाट संरक्षण (धारा- ३५), अन्य किसिमका शोषणबाट पनि संरक्षण (धारा-३६),यातना र स्वतन्त्रताको अपहरण हुनबाट संरक्षण (धारा-३७), सशस्त्र संघर्षमा सहभागिता तथा यसका नकारात्मक असरहरूबाट संरक्षण (धारा-३८), बालबालिका सम्बन्धी न्यायप्रशासनको व्यवस्था (धारा-४०) ।

महासन्धिका साथै नेपाल सरकारले सन् २००६ मा यस महासन्धिका ३ मध्ये २ वटा ऐच्छिक प्रलेखहरूलाई पनि अनुमोदन गरेको छ । नेपाल सरकाले अनुमोदन गरेको बालबालिकाको बेचबिखन, बालवेश्यावृत्ति र अश्लील चित्रणविरूद्ध बालअधिकार सम्बन्धी महासन्धिको ऐच्छिक प्रलेख, २००० ले राज्यहरूलाई बालबालिकाको यौन शोषण, दुर्व्यवहार, बेचबिखन तथा अश्लील

चित्रण हुनबाट रोक्न, यस्ता समस्याबाट प्रभावित भएका बालबालिकाहरूको संरक्षण, न्याय र पुनर्स्थापना गर्न तथा भविष्यमा यस्ता समस्याबाट खतरामा रहेका बालबालिकाहरूलाई विशेष संरक्षण प्रदान गर्न जिम्मेवार बनाएको छ । त्यसै गरी अर्को ऐच्छिक प्रलेख सशस्त्र द्वन्द्वमा बालबलिकाहरूको संलग्नता रोक्ने ऐच्छिक प्रलेख २००१ ले बालबालिकाहरूलाई कुनै पनि रूपमा सशस्त्र द्वन्द्व, लडाइ तथा संघर्षहरूमा सहभागी हुनबाट रोक्न, बालबालिका र उनीहरूले प्रयोग गर्ने स्थानहरूलाई यस्ता द्वन्द्वहरूको नकारात्मक प्रभावहरूबाट संरक्षण गर्न विशेष व्यवस्था गरेको छ ।

सन्धि ऐन २०४७ को दफा १० ले नेपाल पक्ष भएका अन्तरराष्ट्रिय सन्धि सम्झौताका प्रावधानहरू नेपाल कानूनसँग बाझिएमा अन्तरराष्ट्रिय सन्धिका प्रावधानहरू लागू हुने हुने व्यवस्था गरेको छ । नेपाल पक्ष राष्ट्र भएको बालअधिकार महासन्धि, १९८९ का सबै प्रावधानहरू नेपालमा राष्ट्रिय कानूनसरह लागू हुन्छन् ।

## मानव अधिकारसँग सम्बन्धित अन्य महासन्धिहरू

नेपाल सरकाले बाल श्रमको समस्यालाई विशेष अभियानकासाथ समाधान गर्ने उद्देश्यका साथ निकृष्ट बाल श्रम सम्बन्धी अन्तर्राष्टिय श्रम संगठनको महासन्धि नं. १८२ र श्रममा प्रवेश गर्ने न्युनतम उमेर सम्बन्धी नं. १३८ दुबैलाइ अनुमोदन गरेको छ ।

यस बाहेक संयुक्त राष्टि संघबाट पारित तथा नेपाल सरकारले अनुमोदन गरेका मानव अधिकार सम्बन्धी विभिन्न महासन्धिहरू जस्तै नागरिक राजनीतिक अधिकार सम्बन्धी महासन्धि, आर्थिक सामाजिक सांस्कृतिक अधिकार सम्बन्धी महासन्धि, यातनाविरुद्धको महासन्धि, जातीय तथा रंगभेद विरुद्धको महासन्धि, महिलाविरुद्ध हुने हिंसा निर्मुलन गर्ने महासन्धि, अपाँगता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धि, आप्रवासी श्रमिकहरूको अधिकार सम्बन्धी महासन्धि आदिमा पनि बालबालिकाको हक अधिकारको विशेष व्यवस्था गरिएको छ ।

## बालबालिकाको हित सम्बन्धी व्यवस्था गर्ने सार्क स्तरीय अभिसन्धि

दक्षिण एशियाली स्तरमा बालबालिकाहरूको हकअधिकारको संरक्षण र उनीहरूको सर्वांगिण विकासको लागि क्षेत्रीय सहकार्य र समन्वयमा अभिवृद्धि गर्नका लागि सन् २००२ मा दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन सार्कले बालबालिकाको हित सम्बन्धी क्षेत्रीय व्यवस्था गर्ने सार्क स्तरीय अभिसन्धि पारित गरी लागू गरेको छ ।

## राष्ट्रिय ऐन तथा नियमावलीहरूमा भएका प्रावधानहरू

## शिक्षा ऐन २०२८

- चार वर्ष उमेर पुगेका वालबालिकालाई एक वर्षे पूर्व प्राथमिक शिक्षा दिने व्यवस्था ।
- दृष्टिविहिन, वहिरा, सुस्त श्रवण र वौद्धिक वा शारिरीक रुपले अपाङ्ग बालबालिकालाई विशेष किसिमको शिक्षा दिने व्यवस्था ।
- प्राथमिक तहको शिक्षा मातृभाषामा दिन सकिने प्रावधान
- नेपाल सरकारले विकट हिमाली क्षेत्रमा घुम्ती विद्यालय सञ्चालन गर्न सक्ने ।
- नेपाल सरकारले गाउँ विकास समिति वा नगरपालिकाको सहयोगमा खोलिएका शिशु विकास केन्द्रलाई तोकिए बमोजिम अनुदान दिन सक्ने ।
- सामुदायिक विद्यालयको प्राथमिक तहको शिक्षा निःशुल्क हुने र त्यस्तो विद्यालयमा भर्ना हुने विद्यार्थीलाई नेपाल सरकारले पाठ्यपुस्तक निःशुल्क उपलव्ध गराउने ।
- सामुदायिक विद्यालयको निम्न माध्यमिक र माध्यमिक तहमा अध्ययन गर्ने गरिवीको रेखामुनि रहेका दलित जनजाति र महिला लगायत अन्य विद्यार्थीलाई निःशुल्क शिक्षाको व्यवस्था ।

- कुनै कक्षामा भर्ना गर्दा एक पटक भर्ना शुल्क लिई सकेपछि पुनः सोहि विद्यालयमा अर्को कक्षामा भर्ना गर्नको लागि शुल्क लिन नपाउने ।
- संस्थागत विद्यालयले कूल विद्यार्थी संख्याको दश प्रतिशतमा नघट्ने गरी तोकिएवमोजिम विपन्न, अपाङ्ग, महिला, दलित, वा जनजाति विद्यार्थीलाई निःशुल्क छात्रवृत्ति उपलब्ध गराउनु पर्ने ।

## शिक्षा नियमावली, २०५९

### गाउँ शिक्षा समितिको काम कर्तव्य र अधिकार

- बालबालिकालई कम्तीमा प्राथमिक शिक्षासम्म अध्ययन गराउन प्रोत्साहन गर्ने ।
- विद्यालयमा भर्ना भएका वा नभएका बालबालिका लगायत अन्य व्यक्तिको उमेर,जात, लिंग समेतको आधारमा विवरण बनाई अध्यावधिक गराई राख्ने ।
- विद्यालयको शैक्षिक योजना सम्वन्धी अभिलेख अध्यावधिक गराई राख्ने तथा त्यस्तो योजनाको अनुगमन गरी सम्बन्धीत निकायमा सुझाव पठाउने ।
- व्यवस्थापन समितिलाई स्थानीय स्रोत साधनको पहिचान र परिचालनमा सहयोग पुऱ्याउने तथा विद्यालयलाई प्राप्त स्रोतको बाँडफाँड गर्ने ।
- गरिवीको रेखामुनि रहेका परिवारको लगत राखी त्यस्ता वालवालिकालाई शिक्षामा सहभागिता गराउन आवश्यक व्यवस्था मिलाउने ।
- व्यवस्थापन समितिको कार्यमा समन्वय गर्ने तथा शिक्षाको गुणात्मक विकासका लागि विद्यालयको सुपरीवेक्षण र अनुगमन गरी प्रधानाध्यापक, शिक्षक लगायत व्यवस्थापन समितिलाई आवश्यक सुझाव र सहयोग गर्ने ।
- विद्यालय स्तरीय अन्तरखेलकुद तथा अतिरिक्त शैक्षिक क्रियाकलापको विकास तथा सञ्चालन गराउने र सोको लागि पुरस्कारको व्यवस्था गर्ने ।

**शिक्षा नियमावलीमा भएका अन्य केही महत्वपूर्ण व्यवस्थाहरू**

- अशक्त विद्यार्थीको लागि परीक्षामा विशेष व्यवस्था गर्न सकिने ।
- विद्यालयमा अध्ययन नगरेका वा अध्ययन गरी बीचैमा छाडेका बालबालिकाको लागि विद्यालयको पाठ्यक्रमको आधारमा तयार गरिएको पाठ्य सामाग्रीको प्रयोग गरी वैकल्पिक शैक्षिक कार्यक्रम सञ्चालन गर्न सकिने ।
- अन्धा, वहिरा, सुस्त मनस्थिति भएका वा शारीरिक कारणले अपाङ्ग बालबालिकालाई विशेष शिक्षा प्रदान गर्न सकिने ।
- नेपाल सरकारले शिशु विकास केन्द्रलाई जिल्ला शिक्षा अधिकारीको सिफारिसको आधारमा अनुदान दिन सक्ने ।
- विद्यालयले विद्यार्थीहरूको सिर्जनात्मक प्रतिभाको विकासका लागि विद्यालयमा अतिरिक्त क्रियाकलाप सन्चालन गर्नु पर्ने । अतिरिक्त क्रिया( कलापमा शिक्षक र विद्यार्थी दुबैले भाग लिनु पर्ने ।
- विद्यालयले शुक्रवारको दिन दैनिक पठनपाठनको कार्य समाप्त भएपछि विद्यार्थीलाई अतिरिक्त क्रियाकलापको कार्यक्रममा सहभागी गराउनु पर्ने ।

## बालबालिका सम्बन्धी ऐन, २०४८

बालबालिकाको हक, हितको संरक्षण गरी तिनीहरूको शारीरिक, मानसिक र बौद्धिक विकास गर्न समयानुकूल कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले बालबालिका सम्वन्धी ऐन, २०४८ बनेको कुरा यस ऐनको प्रस्तावनामा उल्लेख छ । यो ऐन २०५० बैशाख १ गतेबाट लागू भएको हो । यो ऐनले बालबालिकाका सम्वन्धमा गरेका केही मुख्य व्यवस्थालाई निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

- सोह्र वर्षको उमेर पूरा नगरेको बालबालिका बालक भनेर परिभाषित गरिएको ।
- प्रत्येक बालक जन्मेपछि बालकको नाम राखिदिनु पर्ने ।

- बाबु, आमाले आफ्नो परिवारको आर्थिक अवस्था अनुसार प्रत्येक बालकको पालनपोषण गर्नुको अतिरिक्त निजको शिक्षा, स्वास्थ्योपचार, खेलकुद तथा मनोरञ्जन सुविधाहरूको व्यवस्था पनि गर्नुपर्ने

- आफ्ना बालकलाई रोगबाट बचाउन दिनुपर्ने खोपहरू दिलाउनु पर्ने र यस कार्यमा स्थानीय निकायहरू र सरकारका सम्बद्ध निकायहरूले सहयोग गर्नुपर्ने ।

- बालकको पालनपोषण शिक्षा तथा स्वास्थ्योपचारमा छोरा वा छोरीको आधारमा मात्र वा छोरा छोरा वा छोरी छोरीको बीच कुनै भेदभाव गर्नुनहुने ।

- कुनै स्त्री पुरुषको बीचमा वैवाहिक सम्बन्ध कायम हुनुअघि वा वैवाहिक सम्बन्ध कायम भै सकेपछि जन्मेका बालकहरूको पालनपोषण, शिक्षा वा स्वास्थ्योपचारमा कुनै भेदभाव गर्नु नहुने ।

- आफूले जन्माएको बालक तथा आफूले राखेको धर्मपुत्र वा धर्मपुत्रीको बीच कुनै किसिमको भेदभाव गर्नु नहुने।

- बालकप्रति क्रुर वा यातनापूर्ण व्यवहार गर्नु नहुने । वैवाहिक सम्बन्ध विच्छेद भई वा अरु कुनै कारणबाट बाबु र आमा भिन्न बसेको अवस्थामा बाबुसंग बसेको बालकलाई आमासंग र आमासंग बसेको बालकलाई बाबुसंग समयसमयमा भेटघाट गर्न वा केही समयको निमित्त साथ बस्न दिनु पर्ने ।

- कसैको छोरा वा छोरीलाई धर्मपुत्र वा धर्मपुत्री राख्ने व्यक्तिले त्यस्तो धर्मपुत्र वा धर्मपुत्रीले चाहेमा तिनीहरूलाई जन्म दिने बाबु आमासंग निय( मित रूपमा भेट गर्न वा पत्रचार गर्न दिनुपर्ने ।

- कुनै औपचारिक काम कारवाई वा लिखतमा कानूनबमोजिम बाबु र बाजेको नाम खुलाउनु पर्ने अवस्थामा बाबुको पत्ता नलागेसम्म बालकले आमा र आमाको बाबुको नाम उल्लेख गर्न सक्ने । बाबु र आमा दुवै पत्ता नलागेको बालकको हकमा निजलाई पाल्ने व्यक्ति वा संस्थाले बाबु आमा

पत्ता नलागेको भनी लेखिदिएमा त्यस्तो बालकले बाबु, आमा वा बाजेको नाम उल्लेख नगरे पनि हुने ।

- कानुनबमोजिम अपराध ठहरिने कुनै काम दश वर्ष मुनिको बालकले गरेको रहेछ भने निजलाई कुनै प्रकारको सजांय नहुने ।
- तर बालकको उमेर दश वर्ष वा सो भन्दा माथि र चौध वर्षभन्दा कम रहेछ भने निजलाई कानूनबमोजिम जरिवाना हुने कुनै अपराध गरेकोमा हप्काई, सम्झाई बुझाई र कैद हुने गरेकोमा कसूर हेरी छ महिनासम्म कैद हुने र चौध वर्ष वा सोभन्दा माथि र सोह्र वर्ष भन्दा मुनिको बालकले कुनै अपराध गरे निजलाई कानूनबमोजिम उमेर पुगेका व्यक्तिलाई हुने सजांयको आधा सजांय मात्र हुने । बालकलाई सिकाई कसैले कुनै अपराध गर्न लगाएमा सिकाउनेलाई निज आफैंले अपराध गरे सरह कानूनबमोजिम पूरा सजांय हुने ।
- सजांय गर्ने प्रयोजनको निमित्त पटक कायम गर्दा बाल्यावस्थामा गरेको अपराधको गणना नगरिने ।
- बालकले एउटै अपराध एक पटकभन्दा बढी गरेको भए पनि पटकको आधारमा थप सजांय नगरिने ।
- धार्मिक वा सांस्कृतिक रीतिस्थितिको पालन गर्दा बाहेक कुनै पनि बालकलाई भिक्षा माग्ने काममा लगाउनु नहुने ।
- सन्यासी, भिक्षु र फकीर बनाउने उद्देश्यले कुनै पनि बालकलाई मुड्नु नहुने ।
- कसैले आफ्नो वा अरु कसैको बालकलाई किनी वा कुनै प्रलोभन दिई वा अरु कुनै किसिमको करकाप वा अनुचित प्रभावमा पारी आफ्नो कुनै भाकल वा अन्य कुनै धार्मिक अभिप्राय पूरा गर्ने उद्देश्यले कुनै देवी देवताको नाउंमा चढाउनु वा समर्पण गर्नु नहुने ।
- बालकलाई नेल, हतकडी लगाउन, एकान्त कारावासमा राख्न वा कुनै अपराध गरे वापत कैदको सजाँय पाएमा उमेर पुगेका कैदीको साथमा राख्न नहुने ।

- कसैले पनि बालकलाई अनैतिक पेशामा लगाउन वा प्रयोग गर्न नहुने र बालकलाई अनैतिक पेशामा लगाउने उद्देश्यले निजको फोटो खिच्ने वा खिच्ने अनुमति दिने वा त्यस्तो फोटो वितरण गर्ने वा प्रदर्शन गर्ने कार्य गर्नु नहुने ।
- कुनै बालकको चरित्रमा आघात पर्ने किसिमको निजको व्यक्तिगत घटना, विवरण वा फोटोको प्रकाशन, मुद्रण, प्रदर्शन वा वितरण गर्नु नहुने ।
- बालकलाई मादक पदार्थ लागू औषध वा यस्तै अन्य नशालु पदार्थको बिक्री वितरण वा ओसारपसार गर्ने काममा लगाउनु नहुने ।
- कुनै बालकको विरुद्ध लगाइएको फौजदारी अभियोगमा निजको प्रतिरक्षा गर्ने कानूनव्यवसायी नभएमा अदालतले मुद्दाको कारवाही वा किनारा गर्न नहुने र उल्लेखित अवस्थामा सम्बन्धीत अदालतले नै सरकारको तर्फबाट नियुक्त भएको वैतनिक कानूनव्यवसायी वा अन्य कुनै इच्छुक कानूनव्यवसायीको सेवा उपलब्ध गराइदिनुपर्ने ।
- वालकको हकको प्रचलनको लागि बालकको तर्फबाट जोसुकैले पनि बालक रहे बसेको इलाकाको जिल्ला अदालतमा निवेदन दिनसक्ने ।
- कुनै बालकको हेरचाह गर्न एकाघरका कोही नातेदार नभएको कुराको जानकारी बाल कल्याण अधिकारी वा प्रमुख जिल्ला अधिकारीलाई प्राप्त हुन आएमा निजले त्यस्तो बालकको पालनपोषणको सम्बन्धमा आवश्यक व्यवस्था मिलाउनुपर्ने । त्यस्तो व्यवस्था मिलाउंदा सकभर बालकलाई निजको नजिकको नातेदारको जिम्मा लगाइदिनु पर्ने ।
- हेरचाह गर्ने एकाघरका कोही नातेदार नभएको बालकको कुनै सम्पत्ति भएमा बाल कल्याण अधिकारी वा प्रमुख जिल्ला अधिकारीले त्यसको फाँटवारी तयार गरी त्यसमा कम्तिमा दुई जना स्थानीय व्यक्तिलाई साक्षी राखी त्यसको एक प्रति आफ्नो कार्यालयमा राखेर अर्को प्रति बालकको पालनपोषणको जिम्मा लिने व्यक्ति वा संस्थालाई बुझाउनु पर्ने ।
- बाबु, आमा वा एकाघरका उमेर पुगेका कोही नातेदार जीवित नरहेको वा

भएपनि शारीरिक वा मानसिक अशक्तताको कारणले बालकको पालनपोषण तथा रेखदेख गर्न नसक्ने भएमा त्यस्तो बालकलाई कुनै संरक्षकको जिम्मा लगाउनको निमित्त जोसुकैले पनि बाल कल्याण अधिकारी समक्ष निवेदन दिन सक्ने । यस्तो निवेदन पर्न आएमा बाल कल्याण अधिकारीले आवश्यक जांचबुझ गरी त्यस्तो बालकको निमित्त यस दफाको अन्य कुराको अधीनमा रही संरक्षक नियुक्ति गरिदिनु पर्ने ।

- केन्द्रमा केन्द्रीय बाल कल्याण समितिको व्यवस्था र प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा प्रत्येक जिल्लामा एक जिल्ला बाल कल्याण समितिको व्यवस्था गर्ने ।
- नेपाल सरकारले आवश्यकतानुसार नेपाल अधिराज्यको विभिन्न क्षेत्रमा बालकल्याण गृहको स्थापना गर्ने व्यवस्था गर्ने ।
- नेपल सरकारले आवश्यकतानुसार बाल सुधार गृहको स्थापना गर्न सक्ने
- बालकसम्बन्धी कुनै मुद्दाको कारवाई चल्दा कानून व्यवसायी, बालकको बाबु, आमा नातेदार वा संरक्षक र मुद्दा हेर्ने अधिकारीले उपयुक्त देखी अनुमति दिएमा बालकको हकहित संरक्षण गर्ने कार्यमा संलग्न कुनै व्यक्ति वा सामाजिक संस्थाको प्रतिनिधि इजलासमा उपस्थित हुनसक्ने ।
- कुनै बालक वादी वा प्रतिवादी भएको मुद्दालाई प्राथमिकता दिई कारवाही र किनारा गर्नुपर्ने ।

## बालश्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६

यो ऐन मंसिर १, २०६१ देखि लागू भएको हो । यस ऐनमा बालक भन्नाले बालक र बालिका दुवैलाई जनाउने भनी परिभाषित गरिएको छ ।

**यस ऐनमा भएका मुख्य व्यवस्थाहरू निम्नानुसार छन् :**

- कसैले पनि १४ वर्ष उमेर पूरा नगरेका बालकलाई श्रमिकको रूपमा काममा लगाउनु हुँदैन ।
- कसैले पनि बालकलाई जोखिमपूर्ण भनी उल्लेखित व्यवसाय वा काममा लगाउनु हुँदैन ।

- कसैले पनि बालकलाई ललाई–फकाई वा झुक्याएर वा कुनै प्रलोभनमा वा डर, त्रास वा दबाबमा पारी वा अन्य कुनै तरिकाले निजको इच्छाविरूद्ध श्रमिकको रूपमा काममा लगाउनु हुँदैन ।

- कुनै प्रतिष्ठानले १५ बर्षभन्दा माथि उमेरको बालकलाई काममा लगाउनु परेमा सम्बन्धीत श्रम कार्यालय वा सो कार्यालयले तोकेको अन्य कुनै निकाय वा अधिकारी र बालकको बाबु, आमा वा संरक्षकको स्वीकृति लिनुपर्नेछ। बालकलाई बेलुका ६ बजेपछि विहान ६ बजेसम्मको अवधिभर काममा लगाउनु हुँदैन ।

- १५ बर्षभन्दा माथि उमेरका बालकलाई काममा लगाउँदा दिनमा ६ घण्टा र एक सप्ताहमा ३६घण्टाभन्दा बढी अतिरिक्त पारिश्रमिक दिई वा नदिई काममा लागाउनु हँदैन ।

- बालकलाई प्रत्येक दिन लगातार तीन घण्टा काम गरेपछि आधा घण्टा आराम गर्ने समय र प्रत्येक सप्ताहमा एक दिनको बिदा दिनु पर्नेछ ।

- एकैदिन एउटा प्रतिष्ठानमा काम गरिसकेको बालकलाई सोही दिन पुनः अर्को प्रतिष्ठानमा काममा लगाउनु हुँदैन ।

- प्रतिष्ठानले श्रमिकको रूपमा काम गर्ने बालककलाई लिङ्ग, वर्ण, धर्म वा जात जातिको आधारमा कुनै भेदभाव नगरी समान कामको लागि समान पारिश्रमिक र सुविधा दिनु पर्नेछ ।

## स्थानीय स्वायत्त शासन ऐन, २०५५

स्थानीय स्वयत्त शासन ऐन, २०५५ ले गाउँ परिषद्, नगर परिषद् र जिल्ला परिषद् को गठन सम्वन्धी व्यवस्था गरेको छ । त्यसै गरी यस ऐनले वडा समिति, गाउँ विकास समिति, नगरपालिका र जिल्ला विकास समितिको गठन सम्बन्धी पनि व्यवस्था गरेको छ ।

यी परिषद् तथा समितिहरूको काम कर्तव्य र अधिकारलाई अलग अलग रूपमा व्यवस्था गरिएको छ । ऐनमा मा उल्लिखित काम कर्तव्य र अधिकारलाई हेर्दा बालअधिकारको संरक्षण र सम्वर्धनमा स्थानीय निकायले

धेरै काम गर्नु पर्ने र गर्न सक्ने अवस्था देखिन्छ । बाल अधिकारको संरक्षण र संम्वर्धन मा सहयोग पुग्ने यी निकायका कामहरूलाई निम्नानुसार रहेका छन् ।

**वडा समितिको काम कर्तव्य**

- वडामा स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी आदिको व्यवस्थापनमा सहयोग पुऱ्याउने ।
- वडामा विद्यालय तथा पुस्तकालयको स्थापना र सञ्चालनमा सहयोग पुऱ्याउने ।

**गाउँ विकास समिति र नगरपालिकाको काम कर्तव्य**

- आफ्नो स्रोतबाट पूर्व प्राथमिक विद्यालयहरू स्थापना गर्ने, स्थापना गर्न अनुमति दिने तथा सन्चालन र व्यवस्थापन गर्ने ।
- सन्चालन भएका विद्यालयहरूको रेखदेख र व्यवस्थापन गर्ने ।
- मातृभाषामा प्राथमिक तहको शिक्षा उपलव्ध गराउन सहयोग गर्ने ।
- प्रौढ शिक्षा तथा अनौपचारिक शिक्षा सम्बन्धी कार्यक्रम बनाई सन्चालन गर्ने गराउने ।
- पुस्तकालयको स्थापना र सञ्चालन गर्ने गराउने ।
- खेलकुद विकास सम्वन्धी योजना बनाई कार्यान्वयन गर्ने ।
- आर्थिक दृष्टिले अत्यन्त पिछडिएका उत्पीडित जनजातिहरूका छात्र-छात्राहरूलाई छात्रवृत्ति दिने व्यवस्था मिलाउने ।
- गाउँस्तरीय स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी तथा उप स्वास्थ्य चौकीहरू सन्चालन र व्यवस्थापन गर्ने ।
- परिवार नियोजन तथा मातृ-शिशुकल्याण सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने ।

crrs_booklet.qxp 12/12/2012 5:37 PM Page 20

- प्रचलित कानून वमोजिम जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना दर्ता गर्ने ।
- असहाय, अनाथ र अपाङ्ग बालबालिकाहरूको लगत राख्ने र तिनीहरूलाई उपयुक्त ठाउँमा राख्ने व्यवस्था गर्ने ।

**जिल्ला विकास समितिको काम कर्तव्य अधिकार**

- राष्ट्रिय नीतिअनुरूप अनाथ बालबालिका, अनाथ, असहाय, महिला, वृद्ध, अपाङ्ग तथा असक्तहरूको सरक्षण सम्वन्धी कार्य गर्ने र सामाजिक कुरीतिहटाउने तथा चेलीवेटी तथा नारीको संरक्षणसम्वन्धी काम गर्ने गराउने ।
- जिल्ला विकास क्षेत्रभित्र विद्यालय स्थापना गर्न प्राथमिकता तोकी सीफारिस गर्ने ।
- आफ्ने क्षेत्र भित्रका विद्यालयहरूको रेखदेख र अनुगमन गरी सञ्चालन र व्यवस्थापनमा सहयोग गर्ने ।
- खेलकुद र शारीरिक विकाससम्बन्धी कार्यक्रम बनाई कार्यान्वयन गर्ने गराउने ।
- वालश्रम निवारण तथा उद्धारसम्बन्धी कार्यक्रम बनाई सन्चालन गर्ने ।
- परिवार नियोजन, मातृ शिशु कल्याण, विस्तारित खोप, पोषण तथा जनसंख्या शिक्षा जनस्वास्थ्य जस्ता कार्यक्रमहरूको तर्जुमा र कार्यान्वयन गर्ने ।

## मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४

यस ऐनले कुनैपनि बालबालिकालाई ललाई फकाई, धाक धक्मी, अपहरण, लोभ वा प्रलोभनमा पारी यौन शोषण कुनै प्रकारका आर्थिक लाभ लिनका लागि करकापमा पारी कसैलाई बसिरहेको घर, स्थान वा व्यक्तिबाट छुटाई लग्ने वा आफूसँग राख्ने वा आफ्नो नियन्त्रणमा लिने वा कुनै स्थानमा राख्ने वा नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा वा विदेशमा लैजाने वा अरु कसैलाई दिने जस्ता कार्य गर्न नपाइने कुराहरूको व्यवस्था गरेको छ ।

## घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६

यस ऐनले प्रत्येक बालबालिकाहरूले सुरक्षित र सम्मानजनक तवरले बाँच्न पाउने अधिकारको सम्मान गर्दै घर परिवारभित्र वा घर परिवारसँग गाँसिएर हुने हिंसाजन्य कार्यलाई दण्डनीय बनाएको छ । यस अन्तरगत कुनैपनि बालबालिकाहरूलाई मानसिक, यौनजन्य, आर्थिक यातना तथा भावनात्मक रूपमा चोट वा असर पर्ने कुनैपनि कार्यलाई दण्डनीय मानी पीडित व्यक्तिलाई संरक्षण गरी न्याय प्रदान गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न यस ऐनको व्यवस्था गरिएको हो ।

## बालन्याय (कार्यविधि) नियमावली, २०६३

यस कार्यविधिले कुनै पनि बालबालिकाहरू कानूनी विवादमा परेको अवस्थामा उनीहरूलाई संरक्षण गर्नको लागि अपनाउनु पर्ने कुरालाई उल्लेख गरिएको छ । जसमा बालबालिकाको लागि छुट्टै सुधार गृह, बाल इजलास, बाल मनोविमर्शकर्ता, महिला प्रहरी जस्ता कुराको व्यवस्था गरेको छ भने यसमा प्रहरी ,अदालत जस्ता निकाय ले अवलम्वन गर्नु पर्ने कुरा लाई व्यवस्था गरेको छ ।

## नीति तथा कार्ययोजनाहरूः

### बालबालिकासम्बन्धी १० बर्षीय राष्ट्रिय कार्ययोजना, (२०६१/६२-२०७१/७२)

बालबालिकासम्बन्धी १० बर्षीय राष्ट्रिय कार्ययोजना, (२०६१/६२-२०७१/७२) ले बालबालिकाले आफू सुहाउँदो समुदायमा आफ्ना अधिकारहरू भरपूर उपयोग गर्नेछन् र तिनीहरूको पूर्ण सामर्थ्यको उपयोग र महशुस गर्नेछन् भनी दीर्घकालीन सोच (Vision) निर्धारण गरेको छ । यस्तै बालमैत्री वातावरणको प्रवर्द्धन गर्दै बालबालिकाविरुद्ध हुने सबै प्रकारका शोषणको अन्त्य गरी बालबालिकाको जीवनस्तर उच्च पार्न प्रत्येक बालबालिकाको अधिकार सुनिश्चित गरिने लक्ष्य तोकिएको छ। यस कार्ययोजनाले शिक्षा, बालविकास, स्वास्थ्य, पोषण र अन्य सम्बन्धीत क्षेत्रमा केन्द्रित भई बालमैत्री वातावरणको प्रवर्द्धन गर्ने उद्देश्य लिएको छ ।

**बालमैत्री स्थानीय शासन कार्यान्वयन कायविधि तथा निर्देशिका, २०६८**

नेपाल सरकारले स्थानीय निकायलाई बालमैत्री बनाउने अभिप्रायले बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि, २०६८ तयार गरी कार्यान्वयनमा ल्याएको छ । कार्यविधि अनुसार स्थानीय निकायहरूले कार्यक्रम सञ्चालन गर्दा बालमैत्री कार्यक्रम सञ्चालन गर्नुपर्ने कुरा उल्लेख गरिएको छ । यस निर्देशिकाले स्थानीय निकायहरूले बालबालिकाहरूलाई लक्षित गरी उनीहरूको संरक्षण, संवर्द्धन र बालअधिकारको सुनिश्चितताका निम्ति हुने कार्यक्रम सञ्चालन गरी स्थानीय निकायलाई बालमैत्री बनाउनु पर्ने व्यवस्था गरेको छ। उक्त कार्यविधिमा बालमैत्री स्थानीय शासनको परिभाषा, नेपालमा बालमैत्री स्थानीय शासनको थालनी, बालमैत्री स्थानीय शासनको महत्व तथा साझेदारहरूको बारेमा निम्न अनुसार उल्लेख गरिएको छ ।

**बालश्रम निवारण सम्बन्धी गुरु योजना**

बालश्रम निवारण गुरु योजना बालश्रमीक को निवारण लाई लक्षित गरि निमार्ण गरिएको योजना हो । जसमा सन् २०१६ सम्म निकृष्ट प्रकारको बालश्रम तथा सन् २०२० सम्ममा सबै प्रकारका बालश्रमको अन्त्य गर्ने लक्ष्य राखिएको छ ।

**विद्यालय शान्ति क्षेत्र नीति तथा कार्यक्रम**

विद्यालय शान्ति क्षेत्र राष्टिय नीतिले विद्यालयमा हुने सबै प्रकारका हिंसा,भेदभाव,वन्द वा हडताल जस्ता विषयलाई अन्त्य गर्न ल्याइएको कार्यक्रम हो। यस नीतिले विद्यालयमा बालसंरक्षण समितिको निर्माण गर्नुपर्ने, विद्यालयमा कुनै राजनैतिक सभा तथा सम्मेलन गर्न नपाइने, बालबालिकालाई बन्द हडतालमा सहभागी गराउन नहुने, कुनैपनि सशस्त्र समूहको प्रवेशलाई निषेध गर्ने जस्ता विषयलाई उल्लेख गरेको छ ।

**विद्यालय क्षेत्र सुधार योजना**

विद्यालय क्षेत्र सुधार योजना नेपाल सरकार, शिक्षा मन्त्रालयद्वारा परिलक्षित आधारभूत तथा माध्यमिक शिक्षाका लक्ष्य तथा उद्देश्यहरू प्राप्त गर्न आ.व.

२०६६/०६७ देखि २०७२/०७३ सम्मका लागि तयार गरिएको एउटा दीर्घकालीन रणनीतिक योजना हो । यस योजनाले बालबालिकाको शिक्षाको अधिकारलाई सुनिश्चित गर्न प्रारम्भिक तह देखि उ.मा.वि. तह सम्मको संरचनात्मक अवधारणालाई व्यवस्थित गरी अगाडि ल्याउनुको साथै, विद्यार्थी भर्ना दर वढाउन, शिक्षाको गुणस्तरमा सुधार गर्न, बालमैत्री शिक्षण विधि अवलम्वन गर्न, विभिन्न कारणले विद्यालयभन्दा बाहिर रहेका बालबालिक( ाहरूलाई विद्यालयमा ल्याउन, शिक्षा क्षेत्रमा स्थानीय सरकारको सहभागिता वढाउन, विद्यालय व्यवस्थापनलाई व्यवस्थित र समयसापेक्ष बनाउन विभिन्न रणनीतिका साथ वृहत् कार्ययोजना अगाडि सारेको छ ।

विद्यालय क्षेत्र सुधार योजनाले गरिव तथा पिछडिएका वर्ग तथा समुदायका बालबालिकाका लागि,दलित बालबालिकाहरूका साथै सबै बालिकाहरूका लागि विशेष छात्रवृति मार्फत  शिक्षाको अधिकार लाई सम्वोधन गर्ने प्रयास गरेको छ। विद्यालयमा भर्ना दर वढाउनका लागि मातृभाषा शिक्षा तथा आय आर्जनका कार्यक्रम, विद्यालयको भौतिक पुर्वाधार सुधार तथा शिक्षामा लगानी बढाउन स्थानीय सरकारको सहभागिता, शिक्षाको गुणस्तरियता वृद्धि समयसापेक्ष शिक्षण सिकाई क्रियाकलापका  लागि शिक्षक तालिम जस्ता कुरालाई महत्वका साथ यस योजनाले अगाडि सारेको छ ।

**बालमैत्री विद्यालय राष्ट्रिय कार्यढाँचा**

२०६७ मा नेपाल सरकारद्वारा लागू गरिएको बालमैत्री विद्यालय राष्ट्रिय कार्यढाँचाले बाल अधिकार महासन्धि, सहस्राब्दी विकास लक्ष्य तथा शिक्षा सम्बन्धमा राष्ट्रिय लक्ष्यलाई प्राप्त गर्नका लागि बालबालिकाहरूका लागि सहज, सरल मैत्रीपूर्ण, सुरक्षित र स्वस्थ वातावरण एवं भौतिक संरचानाहरू सहितको विद्यालयको मार्गदर्शन गरेको छ । नेपालका सबै विद्यालयहरूमा लागू हुने यस कार्यढाँचाले विद्यालय व्यवस्थापनमा विभिन्न ९ पक्षहरूमा न्यूनतम र अधिकतम अपेक्षित सूचकहरू तय गरी लागू गरेको छ । यस कार्यढाँचाले तय गरेका न्यूनतम र अधिकतम सूचकहरू तल विषयवस्तु अनुसार नै उल्लेख गरिएको छ ।

**संरचनाहरू**

नेपालमा बालअधिकारको प्रवर्द्धनका लागि नीति तथा कार्यक्रम तर्जुमाका लागि महिला बालबालिका तथा समाजकल्याण मन्त्रालयको गठन गरेको छ भने केन्द्रीय स्तरमा बालबालिका र त्यस क्षेत्रमा काम गर्ने निकायको सञ्चार, सूचना तथा समन्वय र अनुगमनका लागि केन्द्रीय बालकल्याण समिति र यसको सचिवालय क्रियाशील छ । ७५ वटै जिल्लामा जिल्ला बालकल्याण समिति र ७ सयभन्दा बढी गाँऊ विकास समितिहरूमा गाँऊ बालअधिकार समितिहरू कार्यरत छन् । देशका ५० भन्दाबढी जिल्लाहरूमा बालअधिकारको कार्यान्वयन र प्रवर्द्धनका लागि बालअधिकार अधिकृतहरूको नियुक्ति र परिचालन गरिएको छ । त्यसै गरी जिल्ला बालकल्याण समिति, जिल्ला बाल संरक्षण उपसमिति, गाँउ तथा नगर बालसंरक्षण समिति, विद्यालयस्तरीय बाल संरक्षण समिति, बाल क्लबहरू तथा स्थानीय निकायहरूमा पनि बालबालिकाको सहभागिताका लागि नीतिगत व्यवस्था भएको पाइन्छ ।

यसको साथै प्रहरी निकायमा केन्द्रीय स्तरमा महिला तथा बालबालिका सेवा निर्देशनालय र जिल्लास्तरमा महिला तथा बालबालिका सेवा केन्द्रहरू गठन गरी सञ्चालन गरिएको छ । त्यस्तै बाल न्याय सेवालाई अझ बढी प्रभावकारिताका साथ सञ्चालन गर्न अदालतहरूमा बाल इजलास तथा जिल्ला एवं केन्द्रीय स्तरमा बाल न्याय समन्वय समिति गठन गरी परिचालन गरिएको छ ।

दक्षिण एशियाली स्तरमा नै बालबालिकाविरुद्धको हिंसा अन्त्य गर्नका लागि South Asian Initiaves to End Violence against Children (SAIVAC) गठन गरिएको छ र त्यसको कार्यालय पनि नेपालमा नै रहने व्यवस्था भएको छ ।

## विद्यालयमा बाल अधिकारका प्रमुख सिद्धान्तहरूको पालना

बाल अधिकार महासन्धिले आफ्ना चार प्रावधानहरूलाई (जीवन रक्षा र विकास, भेदभावरहित, सर्वोत्तम हित, सहभागिता) लाई सिद्धान्तको रूपमा स्वीकार गरेको छ । यिनीहरू आफैमा महासन्धिमा व्यवस्था भएका

अधिकारका प्रावधानहरू समेत हुन् । यी सिद्धान्तहरू महासन्धिमा व्यवस्था भएका सबै हक-अधिकार कार्यान्वयनका सन्दर्भमा समेत समान रूपमा लागू हुन्छन् । यसर्थ विद्यालय तथा विद्यालय व्यवस्थापन समितिले बालअधिकारको प्रवर्द्धनसम्बन्धी कार्य गर्दा यी सिद्धान्तहरूलाई आधारस्तम्भको रूपमा लिनु पर्दछ :

***१) भेदभाव गर्न नहुने (बालअधिकारसम्बन्धी महासन्धिको धारा २):*** यस सिद्धान्तले कुनै पनि किसिमको बाधा अवरोध विना सम्पूर्ण अधिकारहरू सबै बालबालिकालाई सँधै उपलब्ध हुनेछ र हुनुपर्दछ भन्ने मान्यता राख्दछ । बालबालिकालाई उसको वा उसका बाबु-आमाको वा अभिभावकको जाति, रङ्ग, लिङ्ग, भाषा, धर्म, राजनैतिक वा अन्य विचारहरू, राष्ट्रिय, जातीय वा सामाजिक उत्पत्ति, सम्पत्ति, अशक्तता, जन्म वा अन्य हैसियतको आधारमा भेदभाव नगरी समान अधिकारको प्रत्याभूति दिनुपर्दछ । सामान्यतया उत्तरदायित्व वहनकर्ता राज्यका निकाय वा वयस्कका संघ-संस्था तथा व्यक्तिहरूले बालबालिकाको हक-अधिकारको लागि कार्य गर्दा उनीहरूलाई कुनै पनि किसिमको भेदभावबाट जोगाउनु पर्दछ । यो सबैको कर्तव्य हुनेछ ।

*विद्यालय तथा स्थानीय तहका निकायमा बालसहभागिता प्रवर्द्धन गर्दा वा बालबालिकाको संरक्षणको अधिकार सुनिश्चित गर्दा बालबालिकाको भेदभावविरुद्धको अधिकार प्रबर्द्धनको लागि समेत सकारात्मक कार्य गर्नुपर्दछ । यसको अर्थ के हो भने विद्यालय तथा समुदायसँग काम गर्दा आफ्नो अधिकारको प्राप्तिमा विभेद भोगिरहेका कुनै बालक वा बालिका र बालबालिकाको समूहको पहिचान गरी उनीहरूको अधिकार प्राप्त गराउन विशेष ध्यान पुऱ्याउनु पर्दछ । उदाहरणका लागि विद्यालयले आफ्नो सेवा क्षेत्रभित्रको श्रमिक बालबालिका, बालिकाहरू, अपाङ्गता भएका बालबालिका, जनजाति अथवा दलित समुदायका बालबालिका आदिलाई विद्यालय शिक्षाको पहुँच बढाउन तथा अवसरहरू उपलब्ध गराउने विशेष कार्यक्रम तथा अभि( यान तर्जुमा गरी लागू गराउन सक्दछन् ।*

***२) बालबालिकाको सर्वोत्तम हित (बालअधिकारसम्बन्धी महासन्धिको धारा ३) :*** यस सिद्धान्तले बालबालिकाको सम्बन्धमा गरिने सम्पूर्ण क्रियाकलापहरूले उनीहरूको सर्वोत्तम हितलाई मध्यनजर राखिनेछ भन्ने मान्यता राखेको छ ।

बाबु आमा वा अन्य जिम्मेवार मानिसहरूले बालबालिकाको हितमा काम गरेनन् भने त्यस्तो स्थितिमा स्थानीय निकाय तथा विद्यालयले त्यस्ता बालबालिकाको पर्याप्त स्याहारसुसार गर्ने या स्याहारकर्ताको सक्षमता बढाउनुपर्दछ वा त्यसको लागि वैकल्पिक व्यवस्था गर्नुपर्दछ । यसरी हेर्दा यो सिद्धान्तको परिपालनाका लागि राज्य वा विद्यालयले बालबालिकाका परिवार, अभिभावक तथा समुदायका अन्य जिम्मेवार व्यक्तिहरूलाई उनीहरूका आफ्ना जिम्मेवारी बोध गराई बालबालिकाप्रतिका आ-आफ्नो दायित्व निर्वाह गर्न सक्षम बनाउँनु पर्दछ भन्ने देखिन्छ ।

*विद्यालय तथा स्थानीय निकायहरूले आफ्ना काम, कर्तव्य तथा निर्णयहरूमा बालबालिकाको उच्चतम हितलाई प्राथमिकतामा पारिएको छ भन्ने सुनिश्चित गरिनुपर्दछ । अर्को सवाल भनेको स्रोतको बाडफाँड अनि योजनाहरूको प्राथमिकताक्रम निर्धारण गर्दा बालबालिकालाई अग्रपङ्तिमा राखिएको छ भन्ने सुनिश्चित गर्नु हो । विद्यालयले आफ्ना हरेक गतिविधिहरू, क्रियाकलापहरू तथा व्यवहारले बालबालिकाको जीवनमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्रभाव पार्ने भएकोले आफ्नो कामको सन्दर्भमा यसलाई गम्भीरताका साथ लिइनु पर्दछ ।*

***३) बाँच्न पाउने हक, दीर्घ जीवन र विकास (बालअधिकारसम्बन्धी महासन्धिको धारा ६) :*** यस सिद्धान्तले प्रत्येक बालबालिकाको स्वाभाविक बालापनको सुनिश्चितता गर्नु अनि उनीहरूको बाँच्न पाउने, दीर्घ जीवन र विकासको जन्मसिद्ध अधिकारको पूर्ण प्राप्तिमा जोड दिन्छ । विद्यालयले आफ्ना विद्यार्थीहरूको बाँच्न पाउने, दीर्घ जीवन र विकासको अधिकारलाई यथासम्भव पूरा गर्ने पहल गनुपर्छ । प्रत्येक परिवार र अभिभावकलाई बालबालिकाको दीर्घ जीवन र समुचित विकासको निम्ति सहयोग गर्न प्रारम्भिक बालविकासका अवसर, गुणस्तरीय शिक्षा, स्वास्थ्य, खेल, मनोरञ्जन आदि सुविधा पुऱ्याउने वा पहुँच बढाउने आफ्नो दायित्व विद्यालयले बुझी त्यसलाई पूरा गर्न कोशिस गर्नुपर्दछ । बालबालिकाको विकास भन्नाले बालबालिकाको शारीरिक, मानसिक वा संवेगात्मक, आध्यात्मिक, नैतिक, मनोवैज्ञानिक र सामाजिक विकास समेतलाई जनाउँछ ।

*विद्यालयले आफ्ना काम, कार्यविधि तथा निर्णय प्रक्रियाका सबै चरणहरूमा बालबलिकाको बाँच्न पाउने, दीर्घ जीवन र विकासको अधिकारको प्राप्तिका लागि उच्च प्राथमिकता दिनुपर्दछ । सबै बालबालिकाले स्वाभाविक बाल्यकालका लागि चाहिने उचित वातावरण, शिक्षा र विकासका अवसरहरू समानरुपले उपलब्ध गराउनु पर्छ । बालबालिकालाई उनीहरू भविष्यमा सक्षम नागरिकको रूपमा विकास भइरहेका छन् भन्ने कुराहरूलाई विद्यालयले प्रमुख सवालका रूपमा ध्यान दिनुपर्दछ ।*

***४) बालबालिकाको विचार अभिव्यक्ति र त्यसको कदर (बालअधिकारसम्बन्धी महासन्धिको धारा १२) :*** यस सिद्धान्तले बालबालिकालाई आफ्नो जीवनसँग सम्बन्धीत कुनै पनि कुरा वा कार्यविधिका सम्बन्धमा विचार प्रकट गर्न पाउने अधिकार छ भन्दछ । त्यसैगरी बालबालिकाले व्यक्त गरेका विचार अनि अभिव्यक्तिलाई जिम्मेवार व्यक्ति तथा निकायले उनीहरूको बढ्दो उमेर र परिपक्वताअनुरूप उचित कदर गरिनुपर्दछ । बालबालिकाको विचार अभिव्यक्तिको अधिकारलाई परिपालना गर्न, गराउन उनीहरूलाई निर्णय प्रक्रियामा सहभागी हुन पाउने वातावरण र अवसर प्रदान गर्ने उत्तरदायित्व वयस्क व्यक्ति र संघ-संस्थाको हो ।

*विद्यालय तथा स्थानीय निकायहरू भनेको राज्यको तर्फबाट बालबालिकालाई सबभन्दा नजिकबाट हेर्न र सुन्न सक्ने तह हो । यसर्थ आफ्ना हरेक क्रियाकलापका सन्दर्भमा तिनीहरूले बालबालिकाका विचारलाई सुन्ने गर्नु पर्दछ । बालबालिकालाई अधिकारका धारकका रूपमा स्वीकार गरी र समुदायका नागरिकका हैसियतले विद्यालयका हरेक क्रियाकलापमा बालबालिकालाई सहभागी हुनको लागि प्रोत्साहन गर्नुपर्दछ । समुदायमा बालबालिकालाई प्रभाव पार्ने जुनसुकै विषयमा पनि उनीहरूलाई विचार अभिव्यक्ति गर्नको लागि स्वतन्त्रता दिइनुपर्दछ । तिनका विचारहरूलाई विद्यालयको कामको सन्दर्भमा गम्भीरताकासाथ सुनिने र कदर गरिने कुरालाई सुनिश्चित गरिनु पर्दछ । निचोडमा भन्नुपर्दा विद्यालयको सन्दर्भमा बालबालिकालाई एक क्रियाशील र सुसूचित सहभागीका रूपमा स्वीकार गरिनुपर्दछ । यसको लागि विद्यालयको योजना तर्जुमा, नीति तथा आचारसंहिता निर्माण, तिनको कार्यान्वयन तथा अनुगमनका विभिन्न तह, विधि, प्रक्रिया र तौरतरीकामा सहभागी गराउनु पर्दछ ।*

## बालअधिकारको कार्यान्वयन र प्रवर्द्धनमा विद्यालयको भूमिका

शिक्षक बालअधिकार कार्यान्वयनका कुशल सहजकर्ता हुन् । हरेक विद्यालय तथा समुदायले बालअधिकार तथा बालसंरक्षणका क्षेत्रमा निम्न क्रियाक( लापहरू गर्न गराउन सक्दछन् :

१) **बालअधिकारको प्रचारप्रसार:** बालअधिकारको बारेमा विद्यालयमा विद्यार्थीहरूबीच कक्षा लिने, छलफल चलाउने, अभिभावकहरूलाई जानकारी गराउने तथा बालअधिकारकोबारेमा प्रचारप्रसार गर्ने, गराउने ।

२) **जन्मदर्ता:** आफ्नो सेवा क्षेत्र भित्रका सबै बालबालिकाको जन्मदर्ता सुनिश्चित गर्न, गराउन आवश्यक सबै कार्य गर्ने, गराउने । *तर जन्मदर्ता नभएकै कारणले बालबालिकालाई विद्यालय भर्ना हुनबाट बंचित भने गर्न हुँदैन ।*

३) **शिक्षा:** आफ्नो सेवाक्षेत्रका विद्यालय जाने उमेरका सबै बालबालिकालाई विद्यालयमा ल्याउने तथा उनीहरूको नियमित उपस्थिति गराउने, शैक्षिक उपलब्धि सुधार गर्न सबै कार्य गर्ने, गराउने ।

४) **स्वास्थ्य:**

अ) बालबालिकालाई रोग प्रतिरोधात्मक खोप दिलाउन, स्वास्थ्य परीक्षण गर्न तथा उपचारात्मक स्वास्थ्य सेवा पुऱ्याउने व्यवस्था गर्न नजिकको स्वास्थ्य संस्थासँग समन्वय गरी कार्य गर्ने, गराउने ।

आ) समुदायका बालबालिका तथा अभिभावकहरूमा स्वास्थ्य चेतना बढाउन सम्बन्धीत संघ-संस्था र बालक्लबहरूसँग मिलेर जनचेतना अभियान सञ्चालन गर्ने, गराउने ।

इ) बालबालिकाको स्वास्थ्य र विकासमा नकारात्मक असर पर्ने हानिकारक परम्परागत अभ्यासहरूविरुद्ध जनचेतना बढाउने कार्य गर्ने, गराउने ।

५) **<u>अभिभावकविहीन बालबालिकाको हेरचाहमा समन्वय:</u>** विद्यालय सेवाक्षेत्र भित्रका बाबुआमा–अभिभावकबिहीन बालबालिकाको स्याहारसुसार, पालनपोषण, शिक्षादीक्षा, स्वास्थ्यस्याहार र उपचारलगायतका कुराहरूको उचित प्रबन्ध गर्न सम्बन्धीत निकाय वा संघ-संस्थासँग समन्वय गर्ने, सूचना आदानप्रदान गर्ने र आवश्यक सेवा उपलब्ध गराउने ।

६) **<u>बालसंरक्षण:</u>**

अ) आफ्नो सेवा क्षेत्रबाट १६ वर्ष मुनिका बालबालिकालाई बालश्रमिक, सडक बालबालिका, यौनव्यवसाय वा अन्य कुनै पनि निकृष्ट प्रकारको श्रम वा जोखिमपूर्ण कार्यबाट संरक्षण गर्नको लागि चेतनामूलक एवं रोकथाममूलक कार्य गर्ने, गराउने । यसको लागि स्थानीय तहसँग मिलेर आवश्यक नीति बनाएर लागू गराउने तथा जोखिममा परेका बालबालिकाको उद्धार गरी विद्यालयमा पढ्ने वातावरण तयार गर्ने कार्य गर्ने, गराउने ।

आ) आफ्नो विद्यालय र सेवा क्षेत्रमा रहेका बालबालिकामाथि हुनसक्ने दूर्व्यवहार, शोषण, हेलाँ वा उपेक्षा, भेदभाव वा हिंसाबाट उनीहरूलाई संरक्षण गर्न सम्भाव्य जोखिमी अवस्थाको आँकलन गरी त्यसलाई बेलैमा सम्बोधन गर्ने ।

इ) कुनै पनि बालबालिका दूर्व्यवहार, शोषण, हेलाँ वा उपेक्षा, भेदभाव र हिंसाजस्ता अपराधबाट पीडित भएमा तिनीहरूको उचित स्याहार, उपचार, सामाजिक संरक्षण, कानूनी उपचारलगायत आवश्यक सेवा सुविधाको प्राप्तिका लागि पहल र समन्वय गर्ने । त्यसैगरी पीडकलाई कानूनको दायरामा ल्याई सजाय गराउन सम्बन्धीत निकायसँगको समन्वयमा आवश्यक कार्यहरू गर्ने, गराउने ।

७) **<u>बालबालिकाको उद्धार तथा मानवीय सहयोग :</u>**

अ) विपत्ती, प्राकृतिक प्रकोप, सशस्त्र द्वन्द्व लगायत कुनै पनि मानवीय सङ्कटको अवस्थाबाट बालबालिकाको संरक्षण गर्न, पीडित

बालबालिकालाई उद्धार गर्ने तथा मानवीय सहयोग र मनोसामाजिक परामर्श सेवा प्रदान गर्न विद्यालयले सहजकर्ताको भूमिका निर्वाह गर्ने ।

आ) विद्यालय तथा समुदायस्तरमा बालउद्धार कोषको स्थापना र सञ्चालनको जिम्मेवारी लिने ।

८) **बालसहभागिता :**

अ) आफ्नो विद्यालय तथा सेवा क्षेत्रमा बालसहभागिता बढाउन परिवार, समुदाय, तथा स्थानीय निकायमा जनचेतना जगाउने र बालसहभागिताका क्षेत्रहरू र विधिहरूको बारेमा प्रचारप्रसार गर्ने, गराउने ।

आ) समुदाय तथा विद्यालयको समिति तथा संरचना तथा क्रियाकलापमा बालसहभागिता बढाउन प्रोत्साहन र सहयोग गर्ने, गराउने ।

इ) विद्यालय तथा स्थानीय निकायको निर्णय प्रक्रिया र योजना प्रक्रियामा बालसहभागिता सुनिश्चित गर्न शिक्षा, चेतना बढाउने तथा बालबालिका र बालसंस्थाहरूको संस्थागत क्षमता बढाउन कार्य गर्ने ।

ई) आफ्नो विद्यालय तथा सेवा क्षेत्रमा भएका बालबालिकाले नेतृत्व गरेका संस्थाहरू (बाल क्लबहरू) तथा तिनीहरूको सञ्जाललाई गाविस वा नगरपालिकामा सूचीकृत गर्ने र अन्य आवश्यक सहयोगको लागि समन्वय गर्ने।

९) **बालअधिकार हननबारे उजुरी र सुनुवाइको व्यवस्था :** बालअधिकार उलङ्घनको बारेमा बालबालिका र अभिभावकले उजुरी गर्ने संयन्त्रको विकास विद्यालय तथा स्थानीय निकायमा गर्ने, तिनलाई सुदृढ गर्ने तथा परेका उजुरी एवं जानकारीमा आएका अधिकार हनन्का स्थितिलाई आवश्यकताअनुसार सम्बोधन गर्ने कुरालाई सुनिश्चित गर्ने ।

१०) **<u>बालमैत्री विद्यालय तथा समुदाय बनाउने अभियानमा सक्रियताः</u>** आफ्नो विद्यालय तथा सेवा क्षेत्रका समुदाय र गाविस वा नगरपालिकालाई लाई शिक्षा मन्त्रालय र स्थानीय विकास मन्त्रालयले जारी गरेको निर्देशिकाबमोजिम बालमैत्री बनाउन सक्रियतापूर्वक क्रियाशील रहने ।

११) **<u>बालअधिकारको स्थितिसम्बन्धी प्रतिवेदन तयार गर्ने</u>** : आफ्नो विद्यालय तथा सेवा क्षेत्रका समुदायमा बालबालिकासम्बन्धी यथार्थ संख्या, उनीहरूको शिक्षा, स्वास्थ्यलगायतका आधारभूत अधिकारमा पहुँचको अवस्था, बालअधिकारको परिपूर्ति तथा हनन्को अवस्थासमेतको यथार्थ विवरण तयार गरी वार्षिक रूपमा तयार गरिएको प्रतिवेदनलाई गाविस वा नगरपालिकामा १ प्रति, स्रोत केन्द्रमा १ प्रति, जिल्ला शिक्षा कार्यालयमा १ प्रति र जिल्ला बालकल्याण समितिमा १ प्रति बुझाउने । साथै प्रतिवेदनमा देखिएका बालअधिकारसम्बन्धी समस्यालाई के कसरी संम्बोधन गर्नुपर्दछ र गर्न सकिन्छ भन्ने बारेमा विद्यालय व्यवस्थापन समिति तथा शिक्षकहरूको रायसुझाब समेत तयार पारी बालअधिकार अधिकृतलाई उपलब्ध गराउने र त्यसको कार्यान्वयनको लागि दबाब दिने ।

## विद्यालयमा बाल अधिकार संरक्षण र सम्वर्द्धन गर्न कसले के के गर्न सक्छ ?

### जिल्ला शिक्षा कार्यालय :

- विद्यालयमा बालअधिकारको अवस्थाको बारेमा अनुगमन र मूल्यांकन गर्ने ।
- बालअधिकार प्रवर्द्धन र संरक्षणको लागि संरचना निर्माण गर्न सर्कुलर जारी गर्ने ।
- विद्यालयका शिक्षकहरूको लागि बालअधिकारसम्बन्धी तालिमको आयोजना गर्ने ।
- विद्यालयलाई बाल अधिकार संरक्षण र सम्वर्द्धन कार्यका लागि स्रोत उपलब्ध गराउने ।

- शारीरिक सजायलाई निषेध गर्न विद्यालयहरूलाई निर्देशन दिने ।
- जोखिम अवस्थाका बालबालिकाहरूको पहिचान गरी तिनीहरूको संरक्षणका लागि कार्ययोजना तयार गर्ने । उनीहरूका लागि सकारात्मक विभेदका उपायहरू लागू गर्ने ।
- विद्यालयको भौतिक वातावरण बालमैत्री बनाउन आवश्यक उपायहरू अपनाउने र सहयोग उपलब्ध गराउने ।
- समुदायलाई बालविकास केन्द्र स्थापना र संचालनमा सहयोग गर्ने ।
- विद्यालय बाहिर रहेका बालबालिकाहरूको शैक्षिक सुनिश्चितताका लागि कार्यक्रम बनाई कार्यान्वयन गर्ने ।
- जिल्लास्तरीय बालक्लव सञ्जालको निर्माण गर्ने ।
- जिल्ला शिक्षा समितिको बैठकमा बालबालिकाहरूको प्रतिनिधित्व गराउन पहल गर्ने ।
- बालबालिकाहरूको गुनासा सुनुवाइ गर्न जिल्ला शिक्षा कार्यालयमा छुट्टै डेस्कको व्यवस्था गर्ने ।
- बालबालिकाको सर्वागींण विकासका लागि जिल्लास्तरीय खेलकुद, सांस्कृतिक तथा साहित्यिक प्रतियोगिताहरू संचालन गर्ने ।
- जिल्लाका सबै विद्यालयहरूमा आचारसंहिता निर्माण र कार्यान्वयन गर्न पहल गर्ने ।
- उत्कृष्ट रूपमा बाल अधिकार संरक्षण र सम्वर्द्धन गर्ने विद्यालयलाई पुरस्कृत गर्ने ।

**स्रोत केन्द्र तहमा**

- आफ्नो स्रोत केन्द्र अन्तरगतका जोखिमयुक्त ठाउँको पहिचान गरी निगरानी गर्ने ।
- बालमैत्री वातावरण निर्माण गर्न शिक्षकहरूलाई तालिम दिने ।

- स्रोत केन्द्रस्तरीय साहित्यिक, सांस्कृतिक तथा खेलकुद कार्यक्रमहरू आयोजना गर्ने ।
- बालअधिकारसम्बन्धी वकतृत्वकला, बादविवाद, चित्रकला जस्ता कार्यक्रमहरू आयोजना गरी बालबालिकाहरूमा सचेतना जगाउँने ।
- जिल्लाका नीति नियमहरू कार्यान्वयन भए नभएको अनुगमन गर्ने र जिल्लामा जानकारी गराउँने ।
- व्यवस्थापन समिति, शिक्षकहरूलाई वालक्लबहरू गठन गर्न, बालमैत्री वातावरण तयार गर्न तालिम तथा कार्यशाला आयोजना गर्ने ।
- विद्यालयमा रहेका सामाजिक विविधताहरूको पहिचान गरी तिनीहरूको उचित व्यवस्थापन गर्ने ।
- शिक्षकहरूलाई शिक्षक केन्द्रित शिक्षण विधिको साटो बालबालिका केन्द्रित शिक्षण विधि प्रयोग गर्न उत्साहित गर्ने ।
- जिल्ला शिक्षा कार्यालयबाट उपलब्ध छात्रवृत्ति, पोशाक, पुस्तक आदि समयमै विद्यार्थीको हातसम्म पुगेको सुनिश्चित गर्ने ।
- आफ्नो स्रोत केन्द्रभित्र बालविकास केन्द्रहरूको संचालन गर्न समुदायलाई अभिप्रेरित गर्ने ।
- विद्यालयभित्र हुने लैगिक विभेद हटाउन पहल गर्ने ।
- शिक्षकहरूलाई विद्यार्थीहरूसँग सम्मानजनक व्यवहार गर्न उत्प्रेरित गर्ने ।
- उत्कृष्ट रूपमा बाल अधिकार संरक्षण र सम्वर्द्धन गर्ने विद्यालयलाई पुरस्कृत गर्ने ।

**जिल्ला बालकल्याण समिति**

- विद्यालयमा बाल सहभागिता प्रवर्द्धन गर्न गठन गरिएको बालक्लबलाई सूचीकृत गर्ने ।
- बालबालिकाहरूको समूहले सञ्चालन गर्ने कार्यक्रमहरूलाई सहयोग गर्न बजेट विनियोजन गर्न पहल गर्ने ।

- विद्यालयमा बालअधिकार संरक्षण र प्रवर्द्धनको लागि वकालत गर्ने तथा विद्यालयहरूलाई प्राविधिक सहयोग उपलब्ध गराउने ।
- विद्यालयमा भएका बालक्लबहरूको सञ्जाल निर्माण गरी सामूहिक अभि( यान सञ्चालन गर्न सहजीकरण गर्ने ।

**गा.वि.स. तथा नगरपालिका**

- विद्यालयमा रहेका बालबालिकाहरूको अधिकार सुनिश्चित गर्न स्थानीय स्तरमा बजेटको विनियोजन गर्ने । यसको लागि विद्यालय वा स्थानीय संघसंस्थाहरूसँग सहकार्य गर्ने ।
- बाल अधिकार संरक्षण र सम्वर्द्धनमा टेवा पुर्‍याउन विद्यालयले सञ्चालन गरेका कार्यक्रमहरूलाई आर्थिक तथा प्राविधिक सहायता उपलब्ध गराउने ।
- आफ्नो क्षेत्रलाई बालदुर्व्यवहाररहित क्षेत्र घोषणा गरी सोही अनुरूप कार्यक्रम सञ्चालन गर्ने ।
- आफ्नो क्षेत्रमा बालअधिकारको प्रवर्द्धन र संरक्षण गर्न उच्चस्तरको समन्वयकारी संयन्त्र वा पद्धतिको निर्माण गर्ने ।
- बालअधिकारको संरक्षण र प्रवर्द्धनको लागि विद्यालयहरूलाई समेत समेट्ने गरी स्थानीय नीति निर्माण गरी लागू गर्ने ।

**विद्यालय व्यवस्थापन समिति/अभिभावक शिक्षक संघ**

- विद्यालयमा बालअधिकार र बालसंरक्षण सुनिश्चित गर्न नीति, योजना तथा संरचना निर्माण गर्ने र लागू गर्ने ।
- बालबालिकामाथि हुन सक्ने हिंसा तथा दुर्व्यवहारलाई मध्यनजर राखी त्यसको अवलोकन गर्न बालसंरक्षण समिति निर्माण गरी परिचालन गर्ने ।
- बालसंरक्षण समितिको माध्यमबाट बालबालिकाका अभिभावकहरूलाई सचेत पार्ने कार्यक्रमको योजना तर्जुमा गर्ने ।

- विद्यालयमा बालक्लबको गठन गर्ने, प्रशिक्षित गर्ने र बाल क्लबका कार्यक्रमहरूलाई सहयोग उपलब्ध गराउने ।
- बालसंरक्षण समिति र बालक्लबलाई परिचालन गर्न विद्यालय स्तरमा बजेट विनियोजन गर्ने।
- विद्यालय व्यवस्थापन समिति र अभिभावक शिक्षक संघमा बालक्लबको प्रतिनिधि राख्ने ।
- विद्यालयमा गरिने सबै प्रकारका निर्णयहरू बालबालिकाको लागि गरिने हुँदा बालबालिकाको राय तथा सल्लाह लिनु आवश्यक भएकोले विद्यालयमा बाल सल्लाहकार समिति गठन गरी सक्रिय बनाउने ।
- विद्यालयका शिक्षकहरूको लागि बालअधिकार, बालसंरक्षणको तालिम आयोजना गर्ने ।
- विद्यालयलाई हिंसा मुक्त घोषणा गर्ने ।
- विद्यालयमा बालमैत्री तथा गुणस्तरीय शिक्षा प्रवर्द्धन गर्ने ।

**बाल क्लब**

- विद्यालयमा बालक्लबको माध्यमबाट विभिन्न रचनात्मक तथा सिर्जनात्मक कार्यक्रमहरूको आयोजना गर्ने ।
- विद्यालयमा अध्ययनरत विभिन्न जातजाति, समुदायका साथीहरूलाई बालक्लबको सदस्य बनाई सक्रिय बनाउने ।
- लिंग, जाति, वर्ण, धर्म वा अन्य कुनै पनि आधारमा कसैलाई भेदभाव नगर्ने।
- विद्यालयमा हुने हिंसा, दुर्व्यवहार वा बालअधिकार विरुद्धका घटना भएमा बालसंरक्षण समितिलाई उजुरी गर्ने ।
- बालअधिकार, बालसंरक्षण र बालदुर्व्यवहारसम्बन्धी विद्यालयका अन्य साथीहरूलाई जानकारी दिने ।

- विद्यालयमा अध्ययनको लागि नियमित आउने र नियमित आउने अन्य विद्यार्थी साथीहरूलाई प्रोत्साहन गर्ने ।
- विद्यालयको शैक्षिक गतिविधिमा सहभागी हुने ।

**स्थानीय संघसंस्थाहरू**

- विद्यालयमा बालअधिकार प्रवर्द्धन र संरक्षणको लागि योजना तर्जुमा गरी कार्यान्वयन गर्ने ।
- विद्यालयमा गरिने कार्यक्रमको लागि अन्य संघसंस्थाहरूसँग सहकार्य गर्ने ।

**बालसंरक्षण समिति**

- विद्यालयमा बालअधिकार र बालसंरक्षणका अवस्थाको अनुगमन गर्ने ।
- बालअधिकारको प्रवर्द्धनको लागि विभिन्न कार्यक्रमहरूको आयोजना गर्ने ।
- विद्यालयमा अध्ययनरत बालबालिकाका अभिभावकहरूको लागि स्थानीय स्तरमा चेतनामूलक कार्यक्रमहरूको आयोजना गर्ने ।

**समुदाय**

- विद्यालयको नियमित अनुगमन तथा भ्रमण गर्ने ।
- विद्यालयले आयोजना गरेको कार्यक्रमहरूमा सकृय सहभागी हुने तथा सकरात्मक सुझाव र प्रतिक्रियाहरू प्रदान गर्ने ।
- बालबालिकाहरूलाई नियमित विद्यालय पठाउने ।
- बालअधिकार र बालसंरक्षणको विषयमा सचेत हुने, अरुलाई सचेत बनाउने र समुदायमा बालमैत्री वातावरणको प्रवर्द्धन गर्न सक्रिय रहने ।
- बालबालिकाको पढाइको विषयमा शिक्षकहरूसँग नियमित छलफल तथा अर्न्तक्रिया गर्ने ।

# ३. विद्यालयमा बाल बचाउको अधिकारको संरक्षण र सम्वर्द्धन

## बाल बचाउको अधिकार

सबै बालबालिकाहरूको बाँच्न पाउने अधिकार छ । कुनै पनि कारणले बालबालिकाहरूको मृत्यु हुनबाट रोक्नु हामी सबैको कर्तव्य हो । यस अन्तर्गत बालबालिकाहरू स्वस्थ र सुरक्षित जन्मनका लागि गर्भवती आमाको सुरक्षा र स्याहार, जन्मेपछि रोगहरूसँग लड्नका लागि खोप तथा आवश्यकता परेको समयमा उचित औषधी उपचार पाउने अधिकारहरू पर्दछन् । यस अधिकारलाई बाल अधिकारसम्बन्धी महासन्धिको धारा ६, ८ र २७ मा उल्लेख गरिएको छ ।

## बाल बचाउको अधिकारले शैक्षिक सम्पादनमा पार्ने प्रभाव

शारीरिक तथा मानसिक स्वास्थ्यका हिसाबले अस्वस्थ बालबालिकाहरू प्राय विद्यालयमा अनुपस्थित रहने तथा कक्षामा उपस्थित भएपनि ध्यान अध्ययनमा ध्यान केन्द्रित गर्न सक्दैनन् । त्यसैगरी कुपोषणको शिकार भएका बालबालिक( ाहरूमा शारीरिक, मानसिक तथा संवेगात्मक विकास नै कमजोर रहेको हुँदा उनीहरूको ग्रहण गर्न सक्ने क्षमता तथा स्मरण गर्न सक्ने क्षमता पनि कमजोर हुने गर्दछ ।

यदि विद्यालयमा उपयुक्त स्वास्थ्य तथा सरसफाइको व्यवस्था छैन भने बालबालिकाहरू विभिन्न रोग तथा महामारीको शिकार हुन सक्छन् जसले गर्दा अधिकांश बालबालिकाहरू विद्यालय नआउने तथा विद्यार्थीहरू पनि ज्यानै जान सक्ने गरी रोगको शिकार पनि हुन सक्छन् ।

कमजोर पोषण, स्वास्थ्य तथा उपयुक्त सरसफाइको अभावमा बालबालिकाको शैक्षिक सम्पादनमा पर्न सक्ने प्रभावलाई बुँदागत रूपमा यसरी उल्लेख गर्न सकिन्छ :

- जीवनको पहिलो ३ बर्षमा प्राप्त गरेको पोषण, स्याहार र स्वास्थ वातावरणले बालबालिकाको औपचारिक शिक्षण सिकाइ क्षमतामा प्रभावित गर्ने कुरा अनुसन्धानहरूले प्रमाणित गरेका छन् ।

- बालबालिका विद्यालयमा नियमित रूपमा उपस्थित हुन नसक्दा उसको सिकाइ प्रक्रियामा अत्यन्तै नकारात्मक असर पर्न जान्छ । अध्ययनहरूले देखाएअनुसार बालालिकाहरू विद्यालयमा गयल हुने एक प्रमुख कारण विरामी पर्नु पनि हो । नेपालको तथ्यांकले पनि के देखाउँछ भने प्रत्येक दिन पाँच बर्ष मुनिका ७० जना बालबालिकाको मृत्यु दुषित पानीका कारणले र प्रत्येक बर्ष करीब २ लाख बालबालिकाहरू दुषित खानेकुराहरूका कारणले टाइफाइडको बिरामी पर्ने गर्दछन् ।

- उपयुक्त मात्रामा प्रकाश नभएको, पर्याप्त हावा प्रसार हुन नसक्ने तथा फोहोर र दुर्गन्धित परिसर भएका कक्षा कोठाहरूमा अध्ययन गर्ने बालबालिकाहरूमा नियमित जस्तो रूपमा विभिन्न रोगहरू देखा पर्ने गरेका छन् ।

- पोषीलो र पर्याप्त खानाको अभावमा बालबालिकाहरूको पर्याप्त शारीरिक, मानसिक तथा दिमागी विकास हुन सक्दैन जसले गर्दा उनीहरूको सिकाइस्तर कमजोर हुन सक्दछ ।

- विभिन्न देशहरूमा गरिएको अध्ययनले विद्यालयमा नियमित रूपमा जुक( ाको औषधी सेवन कार्यक्रम सञ्चालन गर्दा मात्र पनि बालबालिकाहरूको शैक्षिक सम्पादनमा १० देखि १५ प्रतिशत सुधार आएको पाइएको छ भने भिटामिन ए, आयोडिन, आइरन चक्की वितरण तथा सरसफाइ र निय( मित रूपमा विद्यालय स्वास्थ्य कार्यक्रम सञ्चालन गरिएका विद्यालयहरूमा बालबालिकाको फेल हुने, कक्षा छाड्ने र विद्यालय अनुपस्थिती हुने दर अत्यन्तै न्यून हुन गएको देखिएको छ ।

## विद्यालयमा बाल बचाउको अधिकार सम्बन्धी नीतिगत आधारहरू

**राष्ट्रिय पोषण नीति तथा रणनीति :** यस नीतिले कुपोषणको समस्या मानव अधिकारको हननका साथै प्रथामिक शिक्षाको सहस्राब्दी लक्ष्य प्राप्तीका लागि एक महत्वपूर्ण अवरोधको रूपमा लिइ विभिन्न १३ वटा उद्देश्यहरूका साथ बालबालिका र महिलामा देखिएको पोषणको अभावको समस्यालाई अन्तर्क्रिया समन्वय र सहकार्यको अवधारणाबाट सम्बोधन गर्ने लक्ष्य लिएको छ ।

**विद्यालय स्वास्थ्य कार्यक्रम :** नेपाल सरकारको स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र शिक्षा तथा खेलकुद मन्त्रालयको संयुक्त प्रयासमा सञ्चालन गरिएको यस कार्यक्रमले विद्यालय सरसफाइ, नियमित स्वास्थ्य जाँच तथा औषधी वितरण र स्थानीय सतरमा स्वासथ्य जनचेतना र ब्यबहार परिवर्तनमा विशेष जोड दिएको छ ।

**बालमैत्री विद्यालय राष्ट्रिय प्रारुप :** नेपाल सरकार शिक्षा मन्त्रालय शिक्षा विभागद्धारा लागू गरिएको यस निर्देशिका बालबालिकाको लागि सुहाउँदो, सुरक्षित तथा उच्च सिकाइ अवसर भएको विद्यालय विकासका लागि र सबैका लागि शिक्षा तथा निःशुल्क र गुणस्तरीय शिक्षाको अवसर प्रदान गर्नका लागि विद्यालयभित्र पोषण, सरसफाइ र स्वस्थ वातावरणको सूचक तथा प्रक्रियाहरूका बारेमा मार्गदर्शन प्रदान गर्दछ । यस कार्यढाँचाले बालबालिक( ाको स्वास्थ्य, पोषण तथा सरसफाइका बारेमा तय गरेको न्यूनतम र अपेक्षित सूचकहरू निम्न रहेका छन् :

| न्यूनतम सूचकहरू | अपेक्षित सूचकहरू |
| --- | --- |
| ● वर्षको १ पटक विद्यालयमा तालिम प्राप्त स्वास्थ्यकर्मीबाट बालबालिकाको स्वास्थ्य परीक्षण गरेको<br>● प्राथमिक उपचार बाकस उपलब्ध भएको र सो बाकसभित्र प्राथमिक उपचार, जुकाको औषधी, र सुईको व्यवस्था भएको<br>● धुमपान, मद्यपान, लागूपदार्थ निषेधका लागि आचारसंहिता निर्माण भएको<br>● विद्यालय सरसफाई गर्न कोही न कोही जिम्मेवार भएको<br>● बालबालिका सफासुग्घर भएर आएको/नआएको हेर्ने गरेको<br>● विद्यालय हातामा पानी नजम्ने बन्दोवस्त मिलाएको<br>● बालबालिकाले पोषिलो खाजा ल्याए नल्याएको जाँच गर्ने गरेको<br>● फोहोर बटुल्ने निश्चित ठाउँ वा फोहोर फाल्ने भाँडोको व्यवस्था भएको | ● वर्षको २ पटक विद्यालयका सबै बालबालिकाको स्वास्थ्य परीक्षण गरेको र हरेक बालबालिकाको व्यक्तिगत स्वास्थ्य विवरण दुरुस्त राखेको<br>● प्राथमिक उपचार बाकस उपलब्ध भएको, प्राथमिक उपचार कसरी गरिन्छ भन्ने विषयमा सबै शिक्षक/शिक्षिका एवं ठूला बालबालिकाहरूलाई तालिम दिएको, वर्षको एक पटक आँखा, मुख र कानको परीक्षण गर्ने गरेको र सिकाइमा विशेष समस्या भएका बालबालिकाको शारीरिक, मानसिक र संवेगात्मक अवस्थाको परीक्षण गर्ने गरेको तथा नियमित जुक(ाको औषधी वितरण भएको<br>● विद्यालयमा प्रत्येक वर्ष खोप कार्यक्रम सञ्चालन गरेको र बालबालिकाले खोप लिएको/नलिएको रेकर्ड राखेको र स्वास्थ्यसँग सम्बन्धीत फोहोरहरू फाल्न बाकसको व्यवस्था भएको<br>● धुमपान, मद्यपान, लागूपदार्थ निषेधका लागि तयार गरिएको आचारसंहिताको पालना भए नभएको मूल्यांकन भएको । |

| न्यूनतम सूचकहरू | अपेक्षित सूचकहरू |
|---|---|
| ● विद्यालय हाताभित्र पिउन योग्य पानी भएको । | ● विद्यालयमा दिनदिनै सफा गर्ने काममा बालबालिका लगायत सबैलाई नियमित रूपमा संलग्न गराएको<br>● बालबालिकाको व्यक्तिगत सरसफाइको नियमित जाँच गरी व्यक्तिगत सरसफाइ अवलम्बन गर्न सिकाएको र आवश्यकतानुसार अभिभावकलाई पनि सम्पर्क गरेको ।<br>● विद्यालय हातामा पानी नजम्ने ढलको व्यवस्थाका साथै शौचालयको फोहोर र धाराको पानीको निकासको उचित प्रबन्ध भएको<br>● विद्यालय स्वयंले पोषिलो खाजाको व्यवस्था गरेको र बालबालिकाको पोषणको स्तर प्रत्येक ३/३ महिनामा जाँच्ने गरेको |

## विद्यालयमा बाल बचाउको अधिकार सुनिश्चित हुँदाका सम्भावित सूचकहरू

कुनै पनि विद्यालयले बाल बचाउको अधिकारलाई संरक्षण र सम्वर्द्धन गरिरहेको अवस्था पहिचान गर्नका लागि निम्न सूचकहरूलाई आधार मानेर निर्क्यौल गर्न सकिन्छ :

**नीतिगत सूचकहरू**

- विद्यालय सुधार योजना तथा बार्षिक कार्यक्रम योजनामा विद्यालय पोषण, विद्यालय स्वास्थ्य तथा सरसफाई सम्बन्धमा कार्यक्रमहरू स्रोत सहित उल्लेख गरिएको ।
- विद्यालयका शिक्षक, प्रशासक, अभिभावक तथा विद्यार्थीहरूका लागि विद्यालय सरसफाई आचारसंहिता निर्माण गरी लागू गरिएको ।
- नजिकैको स्वास्थ्य केन्द्र तथा संस्थासँग नियमित रूपमा स्वास्थ्य जाँच, निःशुल्क औषधी वितरण तथा स्वास्थ्य चेतनाका कार्यक्रम सञ्चालन गर्न सम्झौता भएको ।
- विद्यालयभित्र र वरिपरि अस्वस्थकर खाना, जंक फुड तथा दुषित हुने अवस्थामा खानाहरू विक्रीवितरण गर्न नपाइने नीति लागू गरिएको ।
- सरोकारवालाहरूका साथ विद्यालय नजिक र परिसरमा फोहोर थुपार्ने, हर्न बजाउने, धेरै धुवाँ फ्यांक्ने कल कारखाना सञ्चालन गर्नमा र विषादीहरूको भण्डारण र वितरण गर्ने केन्द्रहरू सञ्चालन गर्न निषेध गरिएको नीति ।

**संरचनागत सूचकहरू**

- विद्यालयका नजिकै, वरिपरि वा प्रभावित पार्न सकिने स्थानमा बस स्टप, धेरै गाडीको ओहरदोहर हुने, फोहोर थुपार्ने जस्ता स्थानहरू नभएको ।
- विद्यालयका कक्षा कोठा, डेस्क बेन्च जस्ता भौतिक संरचनाहरू तोकिएको मापदण्ड पूरा गरेको ।
- कक्षा कोठा तथा विद्यालय परिसरमा फोहोर फाल्ने डस्टविन एवं दैनिक रूपमा जम्मा भएको फोहोरको उपयुक्त व्यवस्थापन गर्ने स्थान तोकिएको ।

- विद्यालयमा बालबालिकाहरूका लागि सफा पिउने पानी तथा पर्याप्त पानी, सुरक्षित झ्याल ढोका सहितको बालक र बालिकाको लागि छुट्टा छुट्टै शौचालयको व्यवस्था भएको ।
- विद्यालयमा नै सफा खाजा खानको लागि सफाई मापदण्ड पूरा गरेका र स्वस्थकर खानाहरूमात्र खाने व्यवस्था भएको क्यान्टिन वा खाजा खाना बिक्रीवितरण गर्ने व्यवस्था भएको ।
- विद्यालयमा प्राथमिक उपचार तथा प्रारम्भिक आराम गर्ने व्यवस्था सहितको प्राथमिक उपचार कोठा उपलब्ध रहेको ।

**सेवा तथा कार्यक्रम सम्बन्धी सूचकहरू**

- नियमित रूपमा विद्यालय स्वास्थ्य जाँच, खोप, निःशुल्क औषधी वितरण तथा स्वास्थ्यकर्मी वा प्रशिक्षित व्यक्तिहरूबाट स्वास्थ्य चेतना कार्यक्रमहरू सञ्चालन भएको ।
- नियमित रूपमा अभिभावकहरूका लागि अभिभावक शिक्षा, पोषण शिक्षा तथा किशोरावस्था स्वास्थ्य शिक्षा जस्ता कार्यक्रमहरू सञ्चालन भएको ।
- विद्यालयमा शिक्षक, विद्यालय प्रशाषक तथा विद्यार्थीहरूका लागि निःशुल्क रूपमा प्राथमिक उपचार उपलब्ध गराउने व्यवस्था भएको ।
- नियमित रूपमा विद्यालय सरसफाइ तथा स्वास्थ्य सप्ताह सञ्चालन गर्ने गरिएको ।
- बालबालिकाहरूमार्फ उमेर अनुसार सरसफाइ, पोषिलो खाना, व्यायाम, प्रजनन स्वास्थ्य तथा एच आई भी एड्सका बारेमा कक्षा सञ्चालन गरिएको ।
- विद्यालयको पकड क्षेत्रमा नियमित रूपमा स्वास्थ्य जनचेतना तथा सरसफाई अभियानहरू सञ्चालन गरिएको ।
- बालबालिकाको स्वास्थ्य र विकासमा नकारात्मक असर पर्ने हानीकारक

परम्परागत अभ्यासहरूविरुद्ध जनचेतना कार्यक्रमहरूको सञ्चालन गरिएको ।

- सम्भव भएसम्म विद्यार्थी बालबालिकाहरूको स्वास्थ्य तथा दुर्घट्ना बिमा सुविधा प्रदान गरिएको ।
- नियमित रूपमा शिक्षक तथा व्यवस्थापन समितिका पदाधिकारीहरूलाई विद्यालय स्वास्थ्य तथा पोषण सम्बन्धी प्रशिक्षण तथा अनुशिक्षण कार्यक्रमहरू सञ्चालन गरिएको ।
- नियमित रूपमा विद्यालय स्वास्थयमा सरोकार राख्ने स्थानीय स्तरका निकाय तथा सेवा प्रदायकहरूसँग आफ्नो विद्यालय र पकड क्षेत्रको स्वास्थ्य, पोषण र सरसफाइमा सुधारका लागि अन्तर्क्रिया तथा सहकार्य योजना छलफल कार्यक्रमहरू सञ्चालन गरिएको ।

**विद्यार्थी तथा समुदायमा पर्ने प्रभाव सम्बन्धी सूचकहरू**

- शारीरिक अस्वस्थताका कारणले बालबालिकाहरू विद्यालयमा अनुपस्थित हुने दर घटेको ।
- विद्यालयका विद्यार्थीहरूको सरसफाइ, पोषण र स्वास्थ्य स्थिति
- तोकिएको न्यूनतम मापदण्डभन्दा उच्च रहेको ।
- अभिभावक तथा समुदायका व्यक्तिहरू सरसफाइ तथ स्वस्थ व्यावहारको पालनामा अग्रसर भएको ।
- बालबालिकाको अतिरिक्त क्रियाकलाप तथा शैक्षिक क्रियाकलापहरूमा सहभागिताको दर बढेको ।
- स्थानीय तहमा रहेका सरोकारवाला निकाय तथा सेवा प्रदायक संस्थाहरूसँग विद्यालय स्वास्थ्य, पोषण र सरसफाई कार्यक्रमप्रति सकारात्मक धारणा र उत्साह पैदा भएको ।

## विद्यालयमा बाल बचाउको अधिकार सुनिश्चित गर्न सहयोगी निकायहरू

**नजिकमा रहेका स्वास्थ्य संस्थाहरू :** स्थानीय स्तरमा रहेका स्वास्थय संस्थाहरू जस्तै : स्वास्थ्य चौकी, स्वास्थ्य केन्द्र, प्राथमिक स्वास्थ्य केन्द्र, जिल्ला अस्पताल तथा सामुदायिक अस्पतालहरू विद्यालयमा बाल स्वास्थ्य तथा पोषण अधिकार प्रावर्द्धन गर्ने कार्यमा अत्यन्त सहयोगी हुन सक्दछन् । यी निकायहरूले स्वास्थ्य जाँच र पोषण परीक्षण तथा जनचेतनाका लागि आवश्यक जनशक्ति एवं सूचना सामाग्रीहरू निःशुल्क रूपमा उपलब्ध गराउन सक्दछन् । स्थानीय तहका विद्यालयहरूमा बालबालिकाहरूलाई स्वास्थ्य सेवाको पहुँचभित्र ल्याउनु यी निकायहरूको पनि दायित्वभित्र पर्दछ ।

**जिल्ला जनस्वास्थ्य कार्यालय :** जिल्ला जनस्वास्थ्य कार्यालयले जिल्लाको समग्र स्वास्थ्य क्षेत्रको विकासका लागि कार्य गर्ने गर्दछ । विद्यालय स्वास्थ्य जिल्ला जनस्वास्थ्य कार्यालयको पनि एक महत्वपूर्ण सरोकारको क्षेत्र हो । यस कार्यालयले यस अन्तर्गतका निकायहरूलाई स्थानीय तहका विद्यालयहरूमा विद्यालय स्वास्थ्य कार्यक्रम सञ्चालन गर्नका लागि आवश्यक निर्देशन, स्रोत र प्रविधि उपलब्ध गराउन सक्दछ ।

**स्थानीय निकाय (जिविस, गाविस तथा नगरपालिका) :** जिल्ला विकास समिति, गाउँ विकास समिति तथा नगरापालिकाहरू स्थानीय सरकारहरू हुन् । यी निकायहरूले जिल्लाको समग्र सामाजिक तथा आर्थिक विकासका लागि वार्षिक एवं आवधिक कार्ययोजनाहरू बनाउने, बजेट विनियोजन गर्ने तथा सम्बन्धीत निकायहरूको सहकार्यमा विभिन्न परियोजनाहरू सञ्चालन गर्न सक्दछन् । विद्यालय पोषण र स्वास्थ्य कार्यमा यी निकायहरूले वार्षिक कार्ययोजनामा सम्बन्धीत प्रावधान राख्ने, बजेट विनियेजन गर्ने, आर्थिक सहयोग प्रदान गर्ने तथा विशोष परियोजनाहरू सञ्चालन गरेर सहयोग गर्न सक्दछन् । वर्तमान निर्देशिकाको आधारमा यी निकायहरूले शिक्षा, स्वास्थ्य र बालबालिकाको क्षेत्रमा निश्चित कार्यक्रमहरू तय गर्ने र आवश्यक निश्चित प्रतिशत बजेट विनियोजन गर्न अनिवार्य गरिएको पनि छ ।

**बाल समूहहरू :** बाल समूहहरू नेपाली समाजमा विकास र परिवर्तनका संवाहक भएर देखा परेका छन् । बालबालिकाकै नेतृत्व योजना र सहभागितामा सञ्चालन गरिएका बाल अधिकार र बाल विकाससँग सम्बन्धीत कार्यक्रमहरू बढी प्रभावकारी र फलदायी देखिएका छन् । बालबालिकाको बचाउको अधिकार संरक्षण गर्ने प्रक्रियामा समस्याहरूको पहिचान गर्न, साथी शिक्षा सञ्चालन गर्न तथा सामुदायिक पैरवीका प्रक्रियाहरूमा बाल समूहहरू अत्यन्तै प्रभावकारी र नेतृत्वदायी साझेदार हुन सक्दछन् । तर यसरी बाल समूहहरूको साझेदारीमा कार्यक्रमहरू सञ्चालन गरिँदा उनीहरूको अन्य अधिकार र स्वतन्त्रताको हनन नहोस र जोखिममा नपरून भनी सचेत हुनु पर्दछ ।

**गैरसरकारी संघ संस्थाहरू :** गैरसरकारी संस्थाहरू विकासका साझेदार, सुशासनका पहरेदार र सामुदायिक सशक्तिकरणका कार्यमा निकै प्रभावकारी र सहयोगी समूहका रूपमा नेपाली समाजमा आएका छन् । यस्ता गैरसरकारी संस्थाहरूले पनि स्वास्थ्य, पोषण, शिक्षा तथा बाल अधिकारका क्षेत्रमा विभिन्न कार्यक्रमहरू सञ्चालन गरिरहेका हुन सक्छन् । बाल बचाउ, बाल स्वास्थ्य, पोषण र शिक्षाका क्षेत्रमा कार्यरत यस्ता गैससहरूको पहिचान गरी उनीहरूसँगको सहकार्यमा पनि विद्यालयमा बालबालिकाको स्वास्थ्य र बाँच्न पाउने अधिकार सुनिश्चित गर्न विभिन्न कार्यक्रम तथा अभियानहरू सञ्चालन गर्न सकिन्छ ।

## छलफल/सोच्नका लागि प्रश्नहरू

१. तपाईको वा तपाईको कार्यक्षेत्रका विद्यालयहरूमा बाल बचाउको अधिकारको अवस्था कस्तो रहेको छ ?

२. बचाउको अधिकारलाई सुनिश्चित गर्न तपाईको विद्यालयले के कस्तो कार्यहरू गरिरहेको छ ?

३. बचाउको अधिकारलाई अझ बढी प्रवर्द्धन गर्न तपाईको विद्यालयले के कस्ता कार्यक्रमहरू गर्न सक्छन् ?

४. तपाईको विद्यालयलाई बाल बचाउको अधिकार सुनिश्चित गर्न सहयोग गर्न सक्ने सम्भावित निकायहरू को को छन् ?

# ४. विद्यालयमा बाल विकासको अधिकारको संरक्षण र सम्वर्द्धन

## बालबालिकाको विकासको अधिकार

कुनैपनि भेदभावबिना नै बालबालिकाहरूले आफ्नो शारीरिक, मानसिक, सामाजिक, भावनात्मक तथा नैतिक विकास गर्ने अवसरहरू पाउनुपर्दछ । यसका लागि सबै बालबालिकाहरूले शिक्षा पाउने, आफूले जानेको र रुचि राख्ने खेलकुदमा क्षमता अनुसार सहभागी हुन पाउने, मनोरञ्जन गर्न पाउने, सीप सिक्न पाउनुपर्दछ। यसैलाइ बालबालिकाको बिकास गर्न पाउने अधिकार भनिन्छ। यस अधिकारलाई बाल अधिकारसम्बन्धी महासन्धिको धारा १८, १९, २८, २९, ३० र ३१ मा उल्लेख गरिएको छ ।

## बाल विकासको अधिकारले शैक्षिक सम्पादनमा पार्ने प्रभाव

बालबालिकाले समग्र रूपमा शारीरिक, मानसिक, सामाजिक, शैक्षिक, बौद्धिक तथा संवेगात्मक विकासका अवसरहरू प्राप्त गर्न सकेको अवस्थामा पकड क्षेत्रका ठूलो संख्यामा बालबालिकाहरू विद्यालय आउने गर्छन, विद्यालय छाड्ने क्रम घट्दछ र उनीहरूको सिकाइ उपलब्धि पनि उच्च रहने गर्दछ। तर बालबालिकाहरूले विद्यालयभित्र वा परिवेशमा भेदभावपूर्ण, आलोचनात्मक, हतोत्साही एवं यस्तै खालका अन्य व्यवहारहरू भोग्नुपरेमा उनीहरूको समग्र विकासमा अवरोध पुग्दछ र ती बालबालिकाहरूको सिकाइ उपलब्धी कमजोर हुनुका साथै विद्यालय छाड्ने खतरामा पनि पुग्दछन् ।

विश्वका विभिन्न भागहरूमा तथा नेपालभित्रै भएका विभिन्न अध्ययनहरूले देखाएअनुसार विकासको अवसर र अधिकारको सम्मानले विद्यालयभित्रको

शैक्षिक गुणस्तरमा पार्न सक्ने प्रभावलाई बुँदागत रूपमा यसरी उल्लेख गर्न सकिन्छ :

- नेपाल र अन्य देशहरूमा भएका अध्ययनहरूबाट प्रमाणित भएको छ कि बाल विकास केन्द्रको रमाइलो अनुभवबाट विद्यालय प्रवेश गरेका बालबालिकाहरूको नियमितता र सिकाइ उपलब्धी दर अन्यको भन्दा बढी रहेको छ ।
- विद्यार्थीहरूका लागि खेलकुद, मनोरञ्जन र सिर्जनात्मक अभ्यासका कार्यक्रमहरू भएका विद्यालयहरू बालबालिकाका लागि बढी आकर्षक र फलदायी भएका छन् ।
- प्रशंसनीय अभ्यास गराइएका कक्षाका विद्यार्थीहरू सजिलै फरक मतलाई पनि सम्मान गर्न सक्ने, सहनशील, आत्मविश्वासी र सक्रिय देखिएका छन् ।
- विद्यालयमा हुने गरेका विभिन्न विभेद बालबालिकाहरूले विद्यालय छाड्ने एक महत्वपूर्ण कारणका रूपमा देखा परेको छ ।
- अपाङ्गता भएका बालबालिकाहरूका लागि पनि मैत्रीपूर्ण हुने भौतिक संरचनाको अभाव तथा चेतनाको कमी र विद्यालय शिक्षक, व्यवस्थापक तथा विद्यार्थीहरूमा नै पनि अपाङ्गमैत्री व्यवहारको कमीका कारणले केवल १ प्रतिशत अपाङ्गता भएका बालबालिकाहरूमात्र विद्यालयभित्र रहेका छन् ।
- विद्यालयमा मनोसामाजिक मनोविमर्शको व्यवस्था भएका विद्यालयहरूमा बालबालिकाहरूले गर्ने विज्याइ तथा सिकाइमा देखिएका समस्याहरूमा कमी आएको छ ।
- विद्यालयमा पर्याप्त संख्यामा महिला शिक्षक नभएको तथा लैंगिकमैत्री वातावरण नभएका कारणले पनि धेरै बालिकाहरू विद्यालयसम्म आइपुग्दैनन् र छोटो समयमा नै विद्यालय छाड्ने गरेको तथ्यांकहरू रहेका छन् ।

- घरपरिवार र समाजमा शान्तिपूर्ण वातावरण, प्रोत्साहनमुलक व्यवहार तथा समुदाय र अभिभावकको बालबालिकाको सिकाइ र विद्यालयको विकासमा सकारात्मक सक्रिय सहभागिता भएको अवस्थामा बालबालिकाहरूको सिकाइ बढी प्रभावकारी र देखिएका समस्याहरूलाई तत्काल निराकरण गर्न सकिएको पाइन्छ ।

## विद्यालयमा बाल विकासको अधिकारसम्बन्धी नीतिगत आधारहरू

**बालबालिका सम्बन्धी राष्ट्रीय नीति :** बालबालिका सम्बन्धी नेपाल सरकारको राष्ट्रीय नीतिले बालबालिकाहरूको समग्र शारीरिक मानसिक तथा बौद्धिक विकासमा जोड दिनका लागि विद्यालयमा बालमैत्री वातावरणको प्रवर्द्धन गर्ने, आधारभूत शिक्षा मातृभाषामा पाउने व्यवस्था गर्ने, सबै बालबालिकालाई निःशुल्क रूपमा माध्यमिक शिक्षा तथा अनिवार्य प्राथमिक शिक्षाको अवसर प्रदान गर्ने, बाल विकास केन्द्रहरूको स्थापना र विकास गर्ने तथा बाल( अधिकारमुखी शिक्षाको व्यवस्था गर्दै विद्यालयमा हुने बाल अधिकार हननका घट्नाहरूलाई न्यूनीकरण गर्ने, बालबालिकामाझ जीवनोपयोगी र शान्ति शिक्षाको प्रवर्द्धन गर्ने नीति लिएको छ ।

**विद्यालय क्षेत्र सुधार कार्यक्रम :** नेपालको शैक्षिक संरचनामा नै आवश्यक सुधार गरी बालबालिकाहरूको निःशुल्क र गुणस्तरीय शिक्षाका अधिकारलाई सुरक्षित गर्नका लागि नेपाल सरकारद्वारा सञ्चालित विद्यालय क्षेत्र सुधार कार्यक्रमले बालबालिकाहरूको चौतर्फी विकासका लागि आधारभूत शिक्षाको जग बसाल्ने लक्ष्य लिएको छ । यस अन्तर्गत यस कार्यक्रमले समुदायका सबै उमेर पुगेका बालबालिकाहरूको विद्यालय शिक्षामा समान पहुँच र अवसर प्रदान गर्न आवश्यक विद्यालय सुधार तथा विकास, शैक्षिक जनशक्तिको विकास र पाठ्क्रमहरूमा आवश्यक परिमार्जन गर्ने योजना लिएको छ ।

**बालमैत्री विद्यालय राष्ट्रिय कार्य ढाँचा :** यस कार्य ढाँचाले बालबालिकाको विकासका अधिकारहरूको संरक्षण र सम्वर्द्धन गर्नका लागि पनि न्यूनतम र अपेक्षित सूचकहरू तय गरेको छ, जुन यस प्रकार छन् :

| न्यूनतम सूचकहरू | अपेक्षित सूचकहरू |
|---|---|
| ● सवै अपांगता भएकालाई विद्यालयको पहुँचका लागि सहयोगको व्यवस्था<br>● सवै शिक्षकहरूले समावेशीकरणसम्बन्धी तालिम प्राप्त गरेको<br>● सबै बालबालिकाका लागि भेदभावरहित सिकाइको वातावरण, क्षमताका आधारमा शिक्षण सिकाइ वातावरण, बालबालिकाको गति अनुसारको सिकाइ वातावरण र बालबालिकाहरूको व्यक्तिगत कठिनाइलाई मध्यनजर गर्दै शिक्षण सिकाइ गरेको<br>● विभिन्न समूह र समुदायलाई नियमानुसार छात्रवृत्ति उपलब्ध गराइएको ।<br>● लेख्न र पढ्न वाधा नपुग्ने खालको पर्याप्त उज्यालो भएका कोठाहरू भएको<br>● भवन तथा कक्षाकोठा बाल तथा अपांगतामैत्री भएको<br>● सबै विद्यार्थीहरू एकैपटकमा अटाउनसक्ने र एक पटकमा एउटा खेल खेल्न सक्ने भएको | ● सवै अपांगता भएकालाई विद्यालयको पहुँच<br>● सवै सिक्षकहरूको समावेशीकरण सम्बन्धी तालिमको पुनर्ताजगीकरण र निरन्तर अनुगमन गरेको ।<br>● सवै बालबालिकाका लागि भेदभावरहीत सिकाइको वातावरण, क्षमताका आधारमा शिक्षण सिकाइ वातावरण, बालबालिकाको गति अनुसारको सिकाइ वातावरण र बालबालिकाहरूको व्यक्तिगत कठिनाइ पत्ता लगाई व्यक्तिगत विभिन्नताका आधारमा उपचारात्मक उपाय सहितको शिक्षण सिकाइको सुनिश्चितता भएको<br>● भवन, कक्षाकोठा, र अन्य भौतिक पूर्वाधारहरू बालमैत्री तथा अपांगतामैत्री भएको<br>● खेलमैदान सफासुग्घर, हरियाली, बालमैत्री र लैंगिकमैत्री भएको । |

| न्यूनतम सूचकहरू | अपेक्षित सूचकहरू |
|---|---|
| ● विद्यालयको एक कोठामा पाठ्यक्रम, पाठ्यपुस्तक, सन्दर्भ सामग्री राखिएको एकपटकमा २० जना सम्मले अध्ययन गर्न सक्ने फर्निचर सहितको पुस्तकालय भएको<br>● विद्यालयको एउटा कोठामा विषयगत प्रयोग सामग्रीहरू सहितको एकपटकमा २५ जना सम्मले प्रयोगात्मक कार्य गर्न सक्ने व्यवस्था भएको<br>● कम्तिमा प्रा.वि.तहका शिक्षक (१ देखि ३ कक्षा) लाई सम्वन्धित मातृभाषाको तालिम दिएको<br>● सबै शिक्षकहरूले बहुभाषिक तालिम प्राप्त गरेको<br>● हरेक महिनामा १।१ वटा मातृभाषाका अतिरिक्त क्रियाकलाप संचालन भएको | |

# विद्यालयमा बाल विकासको अधिकार सुनिश्चित हुँदाका सम्भावित सूचकहरू

**नीतिगत सूचकहरू**

- विद्यालयको पकड क्षेत्र भित्रका विद्यालय जाने उमेर पुगेका सबै बालबालिकाहरूलाई भर्ना लिइने नीति रहेको ।
- विद्यालयको पकड क्षेत्रभित्रका विभिन्न कारणले विद्यालय बाहिर रहन पुगेका बालबालिकाहरूलाई विद्यालय शिक्षा भित्र ल्याउन आवश्यक योजना र कार्यक्रम तय गरिएको ।
- विभिन्न कारणले शैक्षिक अवसरबाट बंचित तथा जोखिम परिस्थितिमा रहेका बालबालिकाहरूका लागि छात्रवृत्ति सम्बन्धी नीति लागू गरिएको ।
- विद्यालयको शिक्षण सिकाइ नीतिमा निरन्तर कक्षा अध्ययन मात्र नगराई बालबालिकाहरूलाई सृजनात्मक, प्रतिभा प्रस्फुटन, खेलकुद, अवकलोकन तथा प्रत्यक्ष सामाजिक प्रक्रियामा संलग्न गराइ प्रयोगात्मक अध्ययन अध्यापन गराउने नीति भएको ।
- कमजोर वा सुस्त सिकाइ क्षमता भएका बालबालिकाहरूका लागि विशेष प्रोत्साहन कार्यक्रम तथा निरुत्साहन गर्ने अभ्यासलाई निषेध गर्ने नीति भएको ।
- बालबालिकाहरूलाई सृजनात्मक, अनुसन्धनात्मक र सहभागितात्मक अध्ययन प्रक्रियामा प्रोत्साहन गर्ने र घोकन्ते अध्ययन शैली तथा बोझिलो गृहकार्य शैलीलाई निरुत्साहन गर्ने नीति भएको ।
- बालबालिकाहरूको चौतर्फी विकास र सिकाइको मापन गर्नका लागि निरन्तर मूल्यांकन प्रणाली लागू भएको ।
- बालमैत्री तथा बाल केन्द्रित शिक्षण सिकाइ प्रक्रियालाई निरन्तर लागू गर्नका लागि शिक्षक, प्रशासक, अभिभावक तथा विद्यालय व्यवस्थापन

समितिका सदस्यहरूका लागि विभिन्न अनुशिक्षण तथा प्रशिक्षण कार्यक्रमहरू सञ्चालन गर्ने योजना तथा नीति रहेको ।

**संरचनागत सूचकहरू**

- विद्यालयमा बालबालिकाहरूको चौतर्फी विकास र अध्ययन प्रक्रियाका लागि बालबालिकाका लागि उपयुक्त र पर्याप्त अध्ययन सामाग्रीहरूसहितको पुस्तकालय, विज्ञान प्रयोगशाला, खेलकुद सामग्री, अन्य शैक्षिक सामग्रीहरू र सम्भव भएसम्म कम्प्युटर शिक्षाको व्यवस्था भएको ।
- विद्यालयका बालबालिकाहरूका लागि उपयुक्त, सुरक्षित र पर्याप्त खुला खेल मैदान उपलब्ध रहेको ।
- विद्यालयको हाताभित्र नै उपयुक्त र बालमैत्री तालिम प्राप्त सहजकर्ता सहितको बाल विकास केन्द्रको स्थापन र सञ्चालन गर्ने नीति तथा योजना भएको ।
- विभिन्न कारणले शैक्षिक अवसरबाट बंचित तथा जोखिम परिस्थितिमा रहेका बालबालिकाहरूका लागि छात्रवृत्ति कोष तथा समिति रहेको ।
- मातृभाषामा आधारभूत शिक्षा सञ्चालन गर्न सम्बन्धीत भाषिक ज्ञान भएका शिक्षक तथा कक्षाहरूको व्यवस्था भएको ।

**सेवा तथा कार्यक्रम सम्बन्धी सूचकहरू**

- विद्यालय हाताभित्रै तालिम प्राप्त सहजकर्ता तथा आवश्यक बालमैत्री सामग्री र दिवा खाजा सहितको बाल विकास केन्द्रको सञ्चालन ।
- दैनिक रूपमा बालबालिकाहरूले खेलकुदका अभ्यास गर्न खेल सामग्रीहरूको वितरण र सहभागिता गराउने गरिएको ।
- बालबालिकाहरूका लागि नियमित पाठ्यक्रमका अतिरिक्त संगीत, नृत्य, सृजनात्मक तथा साहित्य लेखन तथा वाचन, अभिनय, वक्तृत्वकला, सामान्य ज्ञान, विभिन्न खेलकुद तथा शारीरिक व्यायाम एवं स्काउट तथा जुनियर रेडक्रस कार्यक्रमहरू तथा प्रतिस्पर्धाहरू सञ्चालन गरिएको ।

- विद्यार्थीहरूलाई निर्बाध रूपमा पुस्तकालयमा गई अध्ययन गर्न तथा सम्भव भएसम्म अध्ययन सामग्रीहरू फिर्ता ल्याउने गरी घरमै लगेर अध्ययन गर्ने सुविधा प्रदान गरिएको ।
- विद्यार्थीहरूलाई विभिन्न स्वस्फूत रूपमा सामाजिक अध्ययन, विज्ञानको प्रयोग अवलोकन तथा अभ्यासमा संलग्न गराउने गरिएको ।
- विद्यार्थीहरूलाई सूचना प्रविधिको ज्ञान सम्भव भएसम्म प्रयोगात्मक कक्षा सहित कम्प्युटर शिक्षा सञ्चालन गरिएको ।
- कमजोर तथा सुस्त सिकाइ भएका बालबालिकाहरूका लागि विशेष अतिरिक्त कक्षा सञ्चालन गरिएको ।
- विद्यालय बाहिर रहेका बालबालिकाहरूलाई विद्यालयभित्र ल्याउनका लागि विभिन्न किसिमका वैकल्पिक शैक्षिक कार्यक्रम तथा रोजगार शिक्षाहरू र जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिएको ।
- गरिबीमा रहेका, पछाडि पारिएका तथा विभिन्न कारणले शैक्षिक अवसरबाट बंचित हुन सक्ने जोखिममा रहेका बालबालिकाहरूका लागि विशेष छात्रवृत्तिहरू उपलब्ध गराउने गरिएको ।
- विद्यालयका भौतिक संरचना तथा शिक्षण सिकाइ क्रियाकलापहरू अपाङ्गतामैत्री, लैंगिकमैत्री, एवं समावेशी र सामाजिक सदभाव प्रसार गर्ने खालका भएको ।
- विद्यालयका शिक्षक, प्रशाषाक, व्यवस्थापक, अभिभावक तथा विद्यार्थीहरूका लागि प्रशंसनीय र सकारात्मक व्यबहारको अभ्यास नीति लागू गरिएको हतोत्साही अभ्यास तथा व्यवहारलाई निषेध गरिएको ।
- बालबालिकाहरूलाई नियमित रूपमा बाल अधिकार, किशोरावस्था, शान्ति शिक्षा, पर्यावरण परिवर्तन, समावेशिता, लोकतन्त्र र सामाजिक सदभाव र सद्वयवहारबारे जेतनामुलक कार्यक्रम सञ्चालन गर्ने गरिएको ।

- आवश्यकता अनुसार तालिम प्राप्त शिक्षकहरूबाट मातृभाषामा आधारभूत तहका कक्षाहरू सञ्चालन गर्ने गरिएको ।
- स्थानीय समुदायका व्यक्तिहरूलाई नै विद्यालयमा स्रोत व्यक्ति बनाई उक्त समुदायका विभिन्न संस्कृति, चाड पर्व तथा भाषाहरूका बारेमा विद्यार्थी एवं शिक्षकहरूमाझ अन्तर्क्रिया सञ्चालन गर्ने गरिएको ।
- नियमित रूपमा शिक्षक, प्रशासक, व्यवस्थापक तथा अभिभावकहरूलाई बाल विकासका विभिन्न चरणहरू, वयस्कहरूको व्यवहार र त्यसले पार्ने प्रभाव तथा सकारात्मक र सहयोगात्मक शिक्षण सिकाइ तथा व्यावहारिक अभ्यासहरूका बारेमा प्रशिक्षण तथा अनुशिक्षणहरूको सञ्चालन गर्ने गरिएको ।

**विद्यार्थी तथा समुदायमा पर्ने प्रभाव सम्बन्धी सूचकहरू**

- विद्यालयको पकड क्षेत्रभित्रका विद्यालय जाने उमेर पुगेका सबै बालबालिकाहरू विद्यालय भर्ना हुने गरेको ।
- विद्यालयको पकड क्षेत्र भित्रका विशेष कारणले विद्यालय आउनबाट बंचित जस्तै अपाँगता भएका बालबालिका, सामाजिक तथा पारिवारिक विभेदमा परेमा बालबालिका एवं श्रमिक बालबालिकाहरूको उल्लेखनीय अनुपात विद्यालय भित्र रहेको ।
- बिचैमा विद्यालय छाड्ने, अनुपस्थित हुने तथा कक्षा दोहोर्‍याउने बालबालिकाको दर १० प्रतिशत भन्दा पनि कम भएको ।
- विभिन्न सृजनात्मक तथा खेलकुद कार्यक्रमहरूमा विद्यार्थीहरूको सक्रिय सहभागिता र उत्कृष्ट प्रदर्शनी रहने गरेको ।
- समुदाय तथा विद्यार्थीहरू माझमा विविध भाषा, संस्कृति, सम्प्रदाय तथा समुदायहरू माझ सम सम्मान र जानकारी रहेको ।
- बालबालिकाहरूमाझ प्रशंसनीय दृष्टिकोण, सकारात्मक तथा एक आपसमा सहयोगी व्यवहारको विकास भएको ।

# विद्यालयमा बाल विकासको अधिकार सुनिश्चित गर्न सहयोगी निकायहरू

**जिल्ला शिक्षा कार्यालय :** जिल्ला शिक्षा कार्यालय विद्यालय शिक्षाका लागि जिल्लास्थित मुख्य विषयगत कार्यालय हो । जिल्ला शिक्षा कार्यालयले जिल्ला शिक्षा समितिको समन्वयमा जिल्लाको शैक्षिक विकास र उन्नतिका लागि कार्ययोजना निर्माण गर्ने र कार्यान्वयन गर्ने गर्दछ । यसका साथै नेपाल सरकार शिक्षा विभाग तथा शिक्षा मन्त्रालयको नीति अनुरुप विद्यालय शिक्षाको विकासका लागि विभिन्न आर्थिक स्रोतहरूको परिचालन, छात्रवृत्ति कार्यक्रमहरू त्था परियोजनाहरू पनि सञ्चालन गर्ने गर्दछ । बालबालिकाको विकासको अधिकारलाई विद्यालयभित्र संरक्षण र सम्वर्द्धन गर्नका लागि जिल्ला शिक्षा कार्यलय तथा सम्बन्धीत स्रेत केन्द्रहरूसँग सहकार्य र समन्वय गर्न सकिन्छ ।

**जिल्लास्थित खेलकुद तथा स्काउटका कार्यालयहरू :** नेपालका सबै जिल्लाहरूमा जिल्ला खेलकुद तथा स्काउटका कार्यालयहरू र विकास समितिहरू रहेका छन् । यी कार्यालयहरूले खेलकुद तथा स्काउटलाई विद्यालयस्तरसम्म पहुँच बनाउनका लागि कार्यक्रम, मानवीय स्रोत र कतिपय अवस्थामा आर्थिक सहायता पनि प्रदान गर्न सक्छन् । साथै यी कार्यालयहरूले विभिन्न समयमा प्रतियोगिताहरू तथा विभिन्न विधामा अभ्यास कार्यक्रमहरू सञ्चालन गरिरहेका हुन्छन् जसबाट विद्यालयले आफ्ना बालबालिकाहरूका लागि लाभ उठाउन सक्दछ ।

**स्थानीय निकाय (जिविस, गाविस तथा नगरपालिका):** जिल्ला विकास समिति, गाउँ विकास समिति तथा नगरापालिकाहरू स्थानीय सरकारहरू हुन् । यी निकायहरूले जिल्लाको समग्र सामाजिक तथा आर्थिक विकासका लागि बार्षिक एवं आवधिक कार्ययोजनाहरू बनाउने, बजेट विनियोजन गर्ने तथा सम्बन्धीत निकायहरूको सहकार्यमा विभिन्न परियोजनाहरू सञ्चालन गर्न सक्दछन् । विद्यालयमा बालिबालिकाको विकासको अधिकार संरक्षण र सम्वर्द्धन गर्नका लागि यी निकायहरूले बार्षिक कार्ययोजनामा सम्बन्धीत

प्रावधान राख्ने, वजेट विनियोजन गर्ने, आर्थिक सहयोग प्रदान गर्ने तथा विशेष परियोजनाहरू सञ्चालन गरेर सहयोग गर्न सक्दछन् । वर्तमान निर्देशिकाको आधारमा यी निकायहरूले शिक्षा, स्वास्थ्य र बालबालिकाको क्षेत्रमा निश्चित कार्यक्रमहरू तय गर्ने र आवश्यक निश्चित प्रतिशत बजेट विनियोजन गर्न अनीवार्य गरिएको पनि छ ।

**बाल समूहहरू :** बाल समूहहरू नेपाली समाजमा विकास र परिवर्तनका संवाहक भएर देखा परेका छन् । बालबालिकाकै नेतृत्व योजना र सहभागितामा सञ्चालन गरिएका बाल अधिकार र बाल विकाससँग सम्बन्धीत कार्यक्रमहरू बढी प्रभावकारी र फलदायी देखिएका छन् । बालबालिकाको विकासको अधिकार संरक्षण गर्ने प्रक्रियामा समस्याहरूको पहिचान गर्न, बंचितीकरणमा परेका तथा विद्यालय बाहिर रहेका बालबालिकाहरूको पहिचान गर्न, साथी शिक्षा सञ्चालन गर्न, सृजनात्मक कार्यक्रमहरू तथा प्रतिस्पर्धाहरू आयोजना गर्न, विविध सामाजिक संस्कृति तथा भाषाहरूप्रति सम सम्मान प्रवर्द्धन गर्न, सामुदायिक पैरवीका प्रक्रियाहरूमा बाल समूहहरू अत्यन्तै प्रभावकारी र नेतृत्वदायी साझेदार हुन सक्दछन् । तर यसरी बाल समूहहरूको साझेदारीमा कार्यक्रमहरू सञ्चालन गरिँदा उनीहरूको अन्य अधिकार र स्वतन्त्रताको हनन नहोस र जोखिममा नपरून भनी सचेत हुनु पर्दछ ।

**स्थानीय समूह तथा सामुदायिक संस्थाहरू :** नेपालका ग्रामीण तथा शहरी इलाकाहरूमा सामूहिकीकरण तथा सामुहिक हितका लागि समुदायका मानिसहरू संगठित रूपमा अग्रसर हुने प्रक्रिया निकै व्यापक रहेको छ । यस प्रक्रियामा महिला समूह, आमा समूह, युवा समूह, वन उपभोक्ता, सिचाइ उपभोक्त, टोल सुधार समिति तथा टोल विकास संस्थाहरू एवं सामुदायिक सहकारीहरू तथा निजी क्षेत्रका उद्यमी व्यवसायीहरू निकै अग्रपंक्तिमा देखिएका छन् । बालबालिकाहरूको विकासको अधिकार संरक्षण सम्वर्द्धन गर्नका लागि सामुदायिक चेतनामूलक अभियानहरू, शैक्षिक छात्रवृत्ति तथा भौतिक संरचना एवं शिक्षक विकासका लागि विभिन्न कार्यक्रमहरू सञ्चालन गर्न यस्ता समूहहरूले पनि आर्थिक, भौतिक र सामाजिक परिचालनका माध्यमाबाट सहयोग पुर्‍याउन सक्दछन् । तसर्थ यिनीहरूसँगको सहकार्य र

साझेदारीमा पनि विद्यालयमा बालबालिकाको विकासको अधिकार संरक्षण गर्नका लागि आवश्यक कार्यहरू गर्न सकिन्छ ।

**गैरसरकारी संघ संस्थाहरू :** गैरसरकारी संस्थाहरू विकासका साझेदार, सुशासनका पहरेदार र सामुदायिक सशक्तिकरणका कार्यमा निकै प्रभावकारी र सहयोगी समूहका रूपमा नेपाली समाजमा आएका छन् । यस्ता गैरसरकारी संस्थाहरूले पनि बालबालिकाको शैक्षिक, सामाजिक तथा सृजनात्मक र संवेगात्मक विकासका क्षेत्रमा तथा बाल अधिकारका क्षेत्रमा विभिन्न कार्यक्रमहरू सञ्चालन गरिरहेका हुन सक्छन् । बालबालिकाको विकासको अधिकार र शिक्षाका क्षेत्रमा कार्यरत यस्ता गैससहरूको पहिचान गरी उनीहरूसँगको सहकार्यमा पनि विद्यालयमा बालबालिकाको विकासका अवसरहरूका लागि विभिन्न कार्यक्रम तथा अभियानहरू सञ्चालन गर्न सकिन्छ ।

## छलफल/सोच्नका लागि प्रश्नहरू

१. तपाई वा तपाईको कार्यक्षेत्रका विद्यालयहरूमा बाल विकासको अधिकारको अवस्था कस्तो रहेको छ ?

२. विकासको अधिकारलाई सुनिश्चित गर्न तपाईको विद्यालयले के कस्तो कार्यहरू गरिरहेको छ ?

३. विकासको अधिकारलाई अझ बढी प्रवर्द्धन गर्न तपाईको विद्यालयले के कस्ता कार्यक्रमहरू गर्न सक्छन् ?

४. तपाईको विद्यालयलाई बाल विकासको अधिकार सुनिश्चित गर्न सहयोग गर्न सक्ने सम्भावित निकायहरू को को छन् ?

# ५. विद्यालयमा बाल संरक्षणको अधिकारको संरक्षण र सम्वर्द्धन

## बाल संरक्षणको अधिकार

बालबालिकाहरू शारीरिक तथा मानसिक हिसाबले हुर्कदै गरेको अवस्थाका व्यक्तिहरू भएकाले उनीहरूलाई हाम्रो समाज घर तथा विश्वमा थुप्रै अप्ठचारा तथा जोखिमताहरू आइपर्न सक्छन् । ती सबै अप्ठचारा परिस्थितिबाट उनीहरूलाई सुरक्षित गर्नुपर्दछ । यस अन्तर्गत उमेर नपुगेका बालबालिक(ाहरूलाई श्रममा लाग्न बाट जोगाउने, बेचबखिन, यौन दुर्व्यबहार, यौन शोषण, हिंसा, लडाइ झगडा, गरिबी, प्राकृतिक प्रकोप र यसबाट उत्पन्न भएका अप्ठचाराहरू, कुलत, दुर्व्यसन आदिबाट उनीहरूले सुरक्षा पाउनुपर्ने अधिकार पर्दछन् । यसरी उनीहरूलाई विभिन्न जोखिमहरूबाट संरक्षण गर्न सरकारले कानून बनाएर लागू गर्नुपर्ने कुरा पनि यसै अन्तर्गत पर्दछ । यस अधिकारलाई बाल अधिकारसम्बन्धी महासन्धिको धारा ९, २०, २१, २२, २३, २६, ३२, ३३, ३४, ३५, ३६, ३७, ३८, ३९ र ४० मा उल्लेख गरिएको छ ।

## बाल संरक्षणको अधिकारले शैक्षिक सम्पादनमा पार्ने प्रभाव

बालबालिकाहरूको लागि विद्यालय सुरक्षित, सहयोगी र प्रोत्साहनमूलक हुनु जरुरी छ । असुरक्षित विद्यालय, जहाँ द्वन्द्व, हिंसा, शारीरिक सजायँ, दुर्व्यवहार, यौन दुर्व्यवहार, हेपाइ तथा भेदभाव र असुरक्षीत तथा जोखिम अवस्थाका संरचनाहरू रहेका छन्, त्यस्ता विद्यालयहरूमा बालबालिका आफै पनि विद्यालय आउन चाहँदैनन र अभिभावकहरू पनि विद्यालय पठाउन चाहँदैनन् । यस्ता विद्यालयमा उपस्थित विद्यार्थीहरू पनि तनाव र भयमा रहने हुँदा उनीहरूको मनोभावना र सिकाइस्तर कमजोर हुने गर्दछ । कतिपय स्थानमा

विद्यालयभित्र भएका यस्ता व्यवहारका कारण बालबालिकाहरूलाई शारीरिक चोटपटक लागेको, मानसिक समस्याहरू देखिएको तथा केही स्थानमा मृत्यु भएको पनि पाइएको छ ।

विद्यालयभित्रको वातावरण मात्र होइन विद्यालयको वरिपरिको परिवेश र समाज पनि बालबालिकाको लागि सुरक्षित र सहयोगी हुन आवश्यक छ । विभेदपूर्ण, हिंसात्मक तथा दुर्व्यवहारका अभ्यासहरू भएका समाज र परिवारका बालबालिकाहरू विद्यालयभित्र पनि तनावपूर्ण मानसिक अवस्थामा रहने हुँदा उनीहरूको सिकाइ कमजोर हुने, विद्यालय छाड्ने, कुलतमा फस्ने खतरा रहिरहन्छ ।

समग्रमा भन्नुपर्दा विद्यालयले बाल संरक्षणको अधिकारको सम्मान, संरक्षण र सम्वर्द्धन गर्दा र नगर्दा बालबालिकाको शैक्षिक कार्यसम्पादन तथा विद्यालयमा निम्न प्रभावहरू पर्न सक्छन् :

- विद्यालयमा दिइने हिंसात्मक सजायँको अभ्यासले बालबालिकाहरूमा विद्यालय, शिक्षक र साथीहरूविरुद्ध नकारात्मक तथा बदलाको भावना पैदा गर्दछ ।
- विद्यालयमा बालबालिकालाई होच्याउने, गिज्याउने तथा भेदभाव गर्नाले बालबालिकाको आत्मविश्वास कमजोर हुन जान्छ र सिकाइ प्रक्रिया झन कमजोर हुने गर्दछ ।
- विद्यालयमा वा विद्यालय परिसर तथा आउने बाटोहरू असुरक्षित हुँदा साना बालबालिका तथा बालिकाहरू विशेष गरी विद्यालय अनाउन सकछन् वा विद्यालय छाड्न सक्छन् ।
- विद्यालयमा वा विद्यालय परिसरमा वयस्क वा ठूला बालबालिकाहरूबाट यौन दुर्व्यवहार जस्ता गलत व्यवहारहरूका कारणले बालबालिकाहरू विद्यालय आउन बन्द गर्ने, पढाइमा ध्यान केन्द्रित गर्न नसक्ने र विज्याइका कार्यहरू गर्ने हुन सक्छन् ।
- विद्यालय परिसर, मार्ग तथा वरिपरि अश्लील सामाग्रीहरूको बिक्रिवितरण,

वयस्क चलचित्रहरूको प्रचार प्रसार एवं सुर्ती, चुरोट, खैनि, जाँडरक्सी,वियर जस्ता मादक पदार्थ तथा लागू औषधको विक्रिवितरणले गर्दा बालबालिकाहरू गलत मार्गमा लाग्न सक्ने र अध्ययन प्रक्रियामा अवरोध उत्पन्न हुन सक्दछ ।

- विद्यालयका भौतिक संरचनाहरू कमजोर, असुरक्षित तथा भुकम्पीय दृष्टिकोणबाट पनि असुरक्षित रहेको तथा खोला नजिक, बनजंगल नजिक रहेका छन् भने बालबालिकाहरू सदैव प्राकृतिक तथा मानवीय दुर्घट्नाहरूको खतरामा रहन्छन् ।
- विद्यालयलाई साम्प्रदायिक तथा राजनीतिक द्वन्द्व वा सैनिक सुरक्षाबलको आवासका लागि प्रयोग गरिएको छ भने बालबालिकाहरू सम्भावित हिंसा र हतियार प्रयोगको खतराबाट असुरक्षित महसुश गर्ने गर्दछन् र यसले उनीहरूको सम्झन सक्ने, बभम्‍झने र नियमित विद्यालय उपस्थितिमा पनि नकारात्मक प्रभाव पार्दछ ।

## विद्यालयमा बाल संरक्षणको अधिकार सम्बन्धी नीतिगत आधारहरू

**विद्यालय शान्ति क्षेत्र निर्देशिका** : नेपाल सरकारले २०६८ मा लागू गरेको विद्यालय शान्ति क्षेत्र निर्देशिकाले बालबालिकाहरू पढ्ने स्थल, खेलकुद मैदान बालबालिकाहरू चढ्ने सवारी साधनहरूलाई सबैखाले हिंसा, द्वन्द्व र नकारात्मक राजनीतिक हस्तक्षेपबाट मुक्त राख्नका लागि विभिन्न प्रावधानहरूको व्यवस्था गरेको छ । यसले विशेषत विद्यालय र विद्यालय, परिसर र विद्यालयका सवारी साधनहरूलाई राजनीतिक तथा हिंसात्मक द्वन्द्वका प्रभावहरू र हस्तक्षेपहरूबाट बाहिर राख्नका लागि आवश्यक व्यवस्था गरेको छ ।

**बालबालिकासम्बन्धी राष्ट्रिय नीति :** बालबालिका सम्बन्धी राष्ट्रिय नीतिले घर परिवार, समाज तथा विद्यालयहरूमा हुनेगरेका बालबालिकाविरुद्धका सबैखाले हिंसा दुर्व्यवहार र भेदभावलाई दण्डनीय बनाउने, बालबालिकालाई सम्भाविता जोखिमताहरूबाट संरक्षण प्रदान गर्ने तथा अनावश्यक रूपमा परिवबारबाट

छुटिनुपर्ने बाध्यतालाई हटाउनका लागि विभिन्न कार्यक्रमिक तथा नीतिगत प्रावधानहरूको व्यवस्था गरेको छ । यसले कानूनको विवादमा परेका विभिन्न हिंसा तथा दुर्व्यवहारका कारण कानूनको सम्पर्कमा आएका बालबालिकाहरूका लागि विशेष संरक्षण, सुरक्षा र सामाजिक पुनर्स्थापना तथा पारिवारिक एकीकरणको प्रावधानहरू तय गरेको छ । यसले विद्यालय तथा बालबालिकासँग प्रत्यक्ष कार्य गर्ने संघसंस्थाहरूमा उपयुक्त बाल संरक्षण नीति लागू गनुपर्ने व्यवस्था पनि गरेको छ ।

**बालमैत्री विद्यालय राष्ट्रिय कार्यढाँचा :** बालमैत्री विद्यालय राष्ट्रिय कार्यढाँचाले विद्यार्थीहरूलाई विद्यालयभित्र वा वरिपरिका परिसरहरूमा सम्भावित हिंसा दुर्व्यवहारबाट संरक्षण गर्ने, भौतिक संरचनाका कारणहरूबाट हुन सक्ने सम्भावीत क्षतीहरूबाट संरक्षण गर्ने तथा विद्यालयभित्र भेदभावको वातावरणलाई निरुत्साहित गर्ने र बालबालिकाविरुद्ध दिइने शारीरिक सजायलाई निषेध गर्ने प्रावधानहरू समेटेको छ । यस कार्यढाँचाले तय गरेका न्यूनतम र अपेक्षित सूचकहरू तल दिइएका छन् :

| न्यूनतम सूचकहरू | अपेक्षित सूचकहरू |
|---|---|
| ● सबै खालका शैक्षिक गतिविधिमा लैंगिक पक्षलाई विशेष जोड दिइएको ।<br>● विद्यालयमा भौतिक, शारीरिक दण्ड/सजाय निषेध गरिएको<br>● विद्यालय हाताभित्र खाल्डाखुल्डी नरहेको र विद्यालय हातालाई केही न केहीले घेराबार गरेको<br>● हावा, पानीबाट बच्न विद्यालयका कक्षाकोठामा ढोका र झ्यालको व्यवस्था भएको | ● शैक्षिक गतिविधिका हरेक क्रियाकलापमा लैंगिक पक्ष अभिन्न अंगको रूपमा स्थापीत भएको ।<br>● विद्यालयमा शारीरिक दण्ड/सजाय दिन नपाइने र बालबालिकाको पृष्ठभूमि र क्षमताको आधारमा कसैलाई मानसिक कष्ट, दुर्व्यवहार, घृणा गर्न नपाइने नीति नियम बनाइ लागू गरेको र सोको अनुगमन तथा मूल्याङ्कन गरेको |

| न्यूनतम सूचकहरू | अपेक्षित सूचकहरू |
|---|---|
| ● भूकम्प आउँदा कसरी बच्न सकिन्छ भन्ने कुराको जानकारी बालबालिकाहरूलाई दिएको<br>● सामुदायिक नक्शांकनबारे बालबालिकालाई जानकारी दिइएको<br>● भूकम्प निरोधक भवन भएको, घामपानी छेक्ने छाना भएको<br>● छात्र तथा छात्राको लागि छुट्टाछुट्टै झ्यालढोका सहितको चुकुल लगाउन र खोल्न सकिने<br>● शौचालय भएको । | ● विद्यालयभित्र र समुदायमा समेत बालबालिकामाथि हुने शारीरिक सजाय, हेपाइ, यौन शोषण एवं दुरव्यवहारको अन्त्यका लागि विद्यालयमा स्पष्ट योजना तथा कार्यक्रमहरू भएको<br>● खाल्डाखुल्डी पुर्नुका साथै विद्यालय हातामा पर्खाल वा बार लगाइएको र आवश्यक मर्मत सम्भार गर्ने गरेको<br>● कक्षाकोठाको झ्यालमा ग्रील हुनुका साथै बरण्डा एवं भऱ्यांगमा रेलिंगको व्यवस्था भएको<br>● भूकम्प आएको खण्डमा के गर्ने भन्नेबारे बालबालिका र शिक्षकहरूलाई समय-समयमा अभ्यास समेत गराउने गरेको<br>● विद्यालयले समुदायमा रहेका सेवा प्रदायक संस्थाहरू जस्तै, प्रहरी, स्वास्थ्यचौकी, अग्नि नियन्त्रक आदिको सामुदायिक नक्साङ्कन गरेका । |

# विद्यालयमा बाल संरक्षणको अधिकार सुनिश्चित हुँदाका सम्भावित सूचकहरू

**नीतिगत सूचकहरू**

- विद्यालयमा बालसंरक्षण नीति तथा आचारसंहिता लागू भएको ।
- विद्यालय तथा विद्यार्थीहरूलाई नकारात्मक राजनीतिक हस्तक्षेप तथा असुरक्षित हिसाबले राजनीतिक प्रयोजनमा प्रयोग गर्न निषेध गरिएको ।
- विद्यालयभित्र शारीरिक दण्ड सजायँ, भेदभाव तथा हेपाइका कार्यहरू निषेध गर्ने नीति भएको ।

**संरचनागत सूचकहरू**

- विद्यालय व्यवस्थापन समितिबाट अधिकार प्रत्यायोजन गरिएको निष्पक्ष र स्वतन्त्र बाल संरक्षण समिति गठन भएको ।
- विद्यालयमा उजुरी तथा सुझाव पेटिकाको व्यवस्था र प्रभावकारी सञ्चालन भएको ।
- विद्यालयका भौतिक संरचनाहरू भुकम्पीय दृष्टिकोण तथा अन्य हिसाबले सुरक्षित, अपांगमैत्री भएको ।
- विद्यालयमा आगजनी तथा अन्य यस्तै विपत्ती भएका बखत तत्काल प्रयोग गर्नका लागि आवश्यक सामग्रीहरू उपलब्ध रहेको ।
- विद्यालयको छत, भर्‍यांग कक्षा कोठा आदिमा उपयुक्त बार, झ्याल, ढोका तथा अन्य सुरक्षाको व्यवस्था गरिएको ।
- विद्यालय परिसरलाई पर्खाल वा तारबार गरी सुरक्षित गरीएको ।
- विद्यालयमा छुट्टै आवश्यक सामग्रीहरू सहितको बालमैत्री मनोविमर्श कक्षा रहेको ।

**सेवा तथा कार्यक्रम सम्बन्धी सूचकहरू**

- शिक्षक, व्यवस्थापक, प्रशासक तथा अभिभावकहरूलाई हिंसारहित शिक्षण विधि, बाल संरक्षण तथा उजुरी प्रक्रियाहरूका बारेमा नियमित प्रशिक्षण एवं अनुशिक्षण सञ्चालन गर्ने गरिएको ।
- विद्यालयमा आवश्यक्ता परेको अवस्थामा मनोविमर्श सेवा प्राप्त गर्न सकिने तालिमप्राप्त मनोविमर्शकर्ताबाट मनोविमर्श सेवा सञ्चालन भएको ।
- विद्यार्थी, शिक्षक तथा प्रशासकहरूलाई भूकम्पीय तथा अन्य विपत्तीमा संयमित व्यवस्थापन सम्बन्धमा विभिन्न प्रशिक्षण तथा अनुशिक्षण कार्यक्रमहरू सञ्चालन गरिएको ।
- विद्यार्थीहरू समेतको सहभागितामा उजुरी पेटिकामा प्राप्त उजुरीहरूमा छलफल र निर्णय गरी कार्यान्वयन गर्ने गरिएको ।
- विद्यार्थी, शिक्षक, प्रशासक तथा अभिभावकहरूलाई बाल संरक्षणका विभिन्न विषयहरू तथा, सकरात्मक अभ्यास एवं कानूनी प्रक्रियाहरूका बारेमा प्रहरी निकाय वा उपलब्ध सामाजिक कार्यकर्ता तथा कानूनविद्बाट अनुशिक्षण गर्ने गरिएको ।
- विभिन्न संस्थाहरूबाट सञ्चालन गरिएको बाल हेल्पलाईन सेवाहरूका बारेमा सबैले थाहा पाउने गरी भित्ते लेखन, ब्यानर वा अन्य तरिकाबाट सूचना प्रसार गरिएको ।
- स्थानीय स्तरमा बाल श्रम, बाल दुर्व्यवहार, बाल विवाह, एच आइ भी एड्स जस्ता विषयहरूमा जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने गरिएको ।
- बालबालिका तथा अभिभावकहरूलाई सकेसम्म अध्ययनका लागि मात्र परिवारबाट छुटिएर, बाल गृह वा अन्य त्यस्तै आवासगृहहरूमा नबस्न र परिवारमा नै बसेर अध्ययन गर्दा हुने फाइदाहरूका बारेमा जानकारी दिने व्यवस्था गरिएको ।

**विद्यार्थी तथा समुदायमा पर्ने प्रभाव सम्बन्धी सूचकहरू**

- हिंसा, भेदभाव र दुर्व्यवहारका कारण विद्यालय अनुपस्थित हुने, कक्षा दाहोर्‍याउने, अनुतीर्ण हुने र विद्यालय छाड्ने बालबालिकाको संख्यामा निरन्तर कमी आएको ।
- विद्यालयभित्र बालबालिकाहरूले एक आपसमा सम्मान, विश्वास र सहयोगको भावना व्यक्त गर्ने गरेको ।
- विद्यालय, अभिभाव, विद्यार्थी र समुदायबिचको द्वन्द्व र असमझदारीमा कमी आई सामाजिक सहकार्य र सहयोगमा अभिवृद्धि भएको ।
- पकडक्षेत्रभित्र बाल श्रम, बाल विवाह, भेदभाव, हिंसा एवं दुर्व्यवहारका घट्नाहरूमा कमी आएको ।
- पकडक्षेत्रभित्र अध्ययनका कारणले मात्र घर छाड्ने बालबालिकाहरूको संख्यामा कमी आएको ।
- बालबालिका, अभिभावक तथा शिक्षकहरूमा सकारात्मक अनुशासनका अभ्यासहरूका बारेमा तथा बाल दुर्व्यवहारका उजुरी प्रक्रिया एवं सामान्य कानूनी प्रावधानहरूका बारेमा जानकारी रहेको ।

## विद्यालयमा बाल संरक्षणको अधिकार सुनिश्चित गर्न सहयोगी निकायहरू

**जिल्ला प्रहरी कार्यालय तथा स्थानीय प्रहरी निकायहरू :** बालबालिकाको संरक्षणका विषयहरूमा सहकार्य गर्न स्थानीय प्रहरी निकायहरू जस्तै प्रहरी चौकी, सामुदायिक प्रहरी तथा जिल्ला प्रहरी कार्यालयहरूले बालबालिका, अभिभावक एवं शिक्षकहरूलाई बाल संरक्षण, कानूनी व्यवस्था र उपलब्ध सेवाहरूका बारेमा जानकारी दिएर तथा आवश्यकता परेको अवस्थामा हिंसा तथा दुर्व्यवहार गर्ने व्यक्तिहरूलाई कानूनी प्रक्रियामा ल्याउन सहयोग गरेर

महत्वपूर्ण सहयोग गर्न सक्दछन् । जिल्ला प्रहरी कार्यालयहरूमा महिला तथा बालबालिकाको संरक्षणका सवालहरूलाई विशेष ध्यान दिनका लागि महिला तथा बालबालिका सेवा केन्द्रहरू पनि सञ्चालनमा रहेका छन् ।

**जिल्ला बाल कल्याण समिति :** जिल्ला बाल कल्याण समिति बालबालिकाको संरक्षणका लागि तोकिएको निकाय हो । बाल अधिकार अधिकृत तथा महिला तथा बालबालिका विकास अधिकृत समेत रहेको जिल्ला बाल कल्याण समतिमा प्रमुख जिल्ला अधिकारी अध्यक्ष र महिला तथा बालबालिका विकास अधिकृत बाल कल्याण अधिकारीको रूपमा रहेका हुन्छन् । जिल्ला बाल कल्याण समितिले बाल अधिकार र बाल संरक्षणका सवालमा जनचेतनामूलक तथा आवश्यकता पर्दा उद्धार, राहत र पुनर्स्थापनाका कार्यहरू पनि गर्दछ । यस समितिले नै बालबालिकाहरूको अस्थायी वा स्थायी संरक्षक तोकिदिने व्यवस्था पनि गर्दछ । विद्यालयहरूले आफ्ना विद्यालयहरूमा यस्ता विषयमा चेतनामूलक, सृजनात्मक तथा उद्धार राहतको सहयोगको आवश्यकता परेमा जिल्ला बाल कल्याण समितिमा सम्पर्क राख्न सक्दछन् ।

**जिल्ला बाल न्याय समन्वय समिति :** कानूनको सम्पर्कमा आएका बालबालिक( ाहरूलाई उपयुक्त ढंगले बालमैत्री न्याय प्रक्रियाद्वारा न्याय प्रदान गर्नका लागि सरोकारवालाहरूसंलग्न रहेको जिल्ला बाल न्याय समन्वय समिति रहेको छ । यस समितिसँगको सहयोगमा विद्यालयमा बाल न्याय प्रक्रियाका बारेमा जानकारीहरू दिन सकिन्छ ।

**स्थानीय निकाय (जिवीस, गाविस तथा नगरपालिका):** जिल्ला विकास समिति, गाउँ विकास समिति तथा नगरपालिकाहरू स्थानीय सरकारहरू हुन् । यी निकायहरूले जिल्लाको समग्र सामाजिक तथा आर्थिक विकासका लागि वार्षिक एवं आवधिक कार्ययोजनाहरू बनाउने, बजेट विनियोजन गर्ने तथा सम्बन्धीत निकायहरूको सहकार्यमा विभिन्न परियोजनाहरू सञ्चालन गर्न सक्दछन् । विद्यालयमा बालिबालिकाको संरक्षणको अधिकार संरक्षण र सम्वर्द्धन गर्नका लागि यी निकायहरूले वार्षिक कार्ययोजनामा सम्बन्धीत प्रावधान राख्ने, बजेट विनियोजन गर्ने, आर्थिक सहयोग प्रदान गर्ने तथा विशोष परियोजनाहरू सञ्चालन गरेर सहयोग गर्न सक्दछन् । वर्तमान निर्देशिकाको आधारमा यी निकायहरूले शिक्षा, स्वास्थ्य, संरक्षण र

बालबालिकाको क्षेत्रमा निश्चित कार्यक्रमहरू तय गर्ने र आवश्यक निश्चित प्रतिशत बजेट विनियोजन गर्न अनिवार्य गरिएको पनि छ ।

**गाउँ तथा नगर बाल संरक्षण समिति एवं पारालिगल कमिटिहरू :** नेपाल सरकारको निर्देशिकाअनुसार स्थानीय तहमा भएका द्वन्द्व, हिंसा तथा भेदभावका घट्नाहरूमा स्थानीय तहमा नै मध्यस्थता गर्न, मध्यस्थता गर्न नमिल्ने अपराधका घट्नाहरूलाई सम्बन्धीत निकायहरूमा पुरयाउन तथा पिडीत, प्रभावित र साक्षीहरूको लागि सामाजिक संरक्षण तथा पुनर्स्थापनामा सहयोग गर्नका लागि र मानव अधिकार र कानूनका विषयमा सामान्य जनचेतना अभिवृद्धि गर्नका लागि विभिन्न गाउँ, टोल तथा नगरस्तरमा बाल संरक्ष समिति, पारा लिगल कमिटि तथा मध्यस्थता समितिहरू रहेका छन् । यी समितिहरूसँगको सहकार्यमा विद्यालयमा जनचेतनामूलक कार्यक्रम, बाल संरक्षणका सवालमा सृजनात्मक कार्यक्रमहरू तथा आवश्यकताअनुसार मध्यस्थता र कानूनी उपचारका कार्यहरू गर्न सकिन्छ ।

**बाल समूहहरू :** बाल समूहहरू नेपाली समाजमा विकास र परिवर्तनका संवाहक भएर देखा परेका छन् । बालबालिकाकै नेतृत्व योजना र सहभागितामा सञ्चालन गरिएका बाल अधिकार र बाल विकाससँग सम्बन्धित कार्यक्रमहरू बढी प्रभावकारी र फलदायी देखिएका छन् । बालबालिकाको अधिकार संरक्षण गर्ने प्रक्रियामा समस्याहरूको पहिचान गर्न, हिंसा दुर्व्यवहारबाट प्रभावित एवं जोखममा रहेका बालबालिकाहरूको पहिच( ान गर्न, साथी शिक्षा सञ्चालन गर्न, सृजनत्मक कार्यक्रमहरू तथा प्रतिस्पर्धाहरू आयोजना गर्न र सामुदायिक पैरवीका प्रक्रियाहरूमा बाल समूहहरू अत्यन्तै प्रभावकारी र नेतृत्वदायी साझेदार हुन सक्दछन् । तर यसरी बाल समूहहरूको साझेदारीमा कार्यक्रमहरू सञ्चालन गरिँदा उनीहरूको अन्य अधिकार र स्वतन्त्रताको हनन नहोस र जोखिममा नपरून भनी सचेत हुनु पर्दछ ।

**स्थानीय समूह तथा सामुदायिक संस्थाहरू :** नेपालका ग्रामीण तथा शहरी इलाकाहरूमा सामूहिकीकरण तथा सामुहिक हितका लागि समुदायका मानिसहरू संगठित रूपमा अग्रसर हुने प्रक्रिया निकै व्यापक रहेको छ । यस प्रक्रियामा महिला समूह, आमा समूह, युवा समूह, वन उपभोक्ता, सिचाइ

उपभोक्ता, टोल सुधार समिति तथा टोल विकास संस्थाहरू एवं सामुदायिक सहकारीहरू तथा निजी क्षेत्रका उद्यमी व्यवशायीहरू निकै अग्रपंक्तिमा देखिएका छन् । बालबालिकाहरूको विकासको अधिकार संरक्षण सम्वर्द्धन गर्नका लागि सामुदायिक चेतनामूलक अभियानहरू, शैक्षिक छात्रवृत्ति तथा भौतिक संरचना एवं शिक्षक विकासका लागि विभिन्न कार्यक्रमहरू सञ्चालन गर्न यस्ता समूहहरूले पनि आर्थिक, भौतिक र सामाजिक परिचालनका माध्यमाबाट सहयोग पुर्‍याउन सक्दछन् । तसर्थ यिनीहरूसँगको सहकार्य र साझेदारीमा पनि विद्यालयमा बालबालिकाको संरक्षणको अधिकार संरक्षण गर्नका लागि आवश्यक कार्यहरू गर्न सकिन्छ ।

**गैरसरकारी संघ संस्थाहरू :** गैरसरकारी संस्थाहरू विकासका साझेदार, सुशासनका पहरेदार र सामुदायिक सशक्तिकरणका कार्यमा निकै प्रभावकारी र सहयोगी समूहका रूपमा नेपाली समाजमा आएका छन् । यस्ता गैरसरकारी संस्थाहरूले पनि बालबालिकाको संरक्षण, जोखिमता न्युनीकरण, पुनर्स्थापना र न्यायमा पहुँचका क्षेत्रमा तथा बाल अधिकारका क्षेत्रमा विभिन्न कार्यक्रमहरू सञ्चालन गरिरहेका हुन सक्छन् । बालबालिकाको संरक्षणको अधिकार र शिक्षाका क्षेत्रमा कार्यरत यस्ता गैससहरूको पहिचान गरी उनीहरूसँगको सहकार्यमा पनि विद्यालयमा बालबालिकाको विकासका अवसरहरूका लागि विभिन्न कार्यक्रम तथा अभियानहरू सञ्चालन गर्न सकिन्छ ।

## छलफल/सोच्नका लागि प्रश्नहरू

१. तपाईको वा तपाईको कार्यक्षेत्रका विद्यालयहरूमा बालबालिकाहरूले कस्ता कस्ता दुर्व्यवहार तथा जोखिमताहरू भोग्नु परिरहेको छ ?

२. बालबालिकाका यी जोखिमताहरूलाई न्यूनीकरण गर्न र दुर्व्यवहारहरूबाट संरक्षण गर्नका लागि तपाईको विद्यालयले के कस्तो कार्यहरू गरिरहेको छ ?

३. बालबालिकाहरूको संरक्षण र जोखिमता न्यूनीकरणका लागि तपाईको विद्यालयले थप के कस्ता कार्यक्रमहरू गर्न सक्छन् ?

४. तपाईको विद्यालयलाई यस्ता कार्यक्रमहरू सञ्चालन गर्न सहयोग गर्न सक्ने सम्भावित निकायहरू को को छन ?

crrs_booklet.qxp 12/12/2012 5:37 PM Page 70

# ६. विद्यालयमा बाल सहभागिताको अधिकारको संरक्षण र सम्वर्द्धन

## बाल सहभागिताको अधिकार

बालबालिकाहरूले आफ्नो जीवनमा असर पार्ने विषय र गतिविधिहरूमा र त्यस सम्बन्धी नीति निर्णयहरू गर्दा आफू सहभागी हुन र आफ्नो बिचार राख्न पाउनुपर्दछ । यसैलाई बालबालिकाको सहभागीताको अधिकार भनिन्छ। बालबालिकाहरूले आफ्नो घर, टोल समाज, विद्यालय, संस्था, समूह राष्ट्र र अन्तर्राष्ट्रिय तहमा पनि बालबालिकाका विषयमा हुने छलफल, कुराकानी तथा नियम कानून र कार्यक्रमहरू बनाउँदा आफ्नो बिचार ठीक तरिकाले ठीक ठाउँमा राख्न पाउने अधिकार नै यस अधिकारभित्र पर्दछ। यस अन्तर्गत बालबालिकाहरूले सूचना पाउने र प्रदान गर्ने तथा आफ्नो संगठन र समूहहरू बनाएर बाल अधिकारको संरक्षण र लागू गर्ने काम पनि गर्न सक्छन्। यस अधिकारलाई बाल अधिकारसम्बन्धी महासन्धिको धारा १२, १३, १४ र १५ मा उल्लेख गरिएको छ।

## बाल सहभागिताको अधिकारले शैक्षिक सम्पादनमा पार्ने प्रभाव

बाल सहभागिताको अभ्यासले बालबालिकाहरूको शिक्षण सिकाइ प्रक्रियामा अत्यन्तै सकरात्मक प्रभाव पार्ने कुरा विभिन्न अध्ययनहरूले प्रमाणित गरेका छन् । अध्ययनहरूका अनुसार सहभागितात्मक अभ्यास गरिएका शिक्षण सिकाइ क्रियाकलापहरूबाट बालबालिकाहरू बढी सिर्जनात्मक भएको, स्वअनुशासित भएको तथा जिम्मेवारी लिन सक्ने अवस्थामा पुगेको पाइएको छ। यतिमात्रै होइन शिक्षण सिकाइका अभ्यासहरूमा बालबालिकाहरू सक्रिय

सहभागी हुँदा उनीहरूले विषय वस्तुको ज्ञान पनि सजिलै बुझ्ने गरेको पाइएको छ ।

सहभागिता बालबालिकाको एक प्रमुख अधिकार हो यस अन्तर्गत शान्तिपूर्ण रूपमा संगठित हुन पाउने, सृजनात्मक तथा रचनात्मक क्रियाकलापहरू सञ्चालन गर्न पाउने, सूचना प्राप्त गर्ने र अभिव्यक्त गर्ने हक तथा बालबालिकाको विषयमा हुने निर्णयहरूमा आफ्नो विचार व्यक्त गर्न पाउने अधिकारहरू पर्दछन् । यदि बालबालिकाहरूको सहभागिताको अधिकारलाई सम्मान, संरक्षण र सम्वर्द्धन गर्न सकिएन भने उनीहरूको शैक्षिक सम्पादनमा निम्न असरहरू पर्न सक्दछ :

- बालबालिकाको सृजनात्मक अभिव्यक्ति सीप र कला कुण्ठित हुन जान्छ र उनीहरू आत्म विश्वासका साथ आफ्ना कुराहरू राख्न सक्दैनन् ।
- बालबालिकाहरूको बिज्याइ गर्ने वा अनुशासनका नियमहरू उल्लंघन गर्ने अभ्यास बढ्न सक्छ ।
- बालबालिकाहरूले एक आपसमा समझदारी कायम नगर्ने र फरक विचारहरूलाई निषेध गर्ने बानी विकास गर्न सक्छन् ।
- विषयवस्तुहरूमा बालबालिकाको स्वस्फुर्त जानकारी र ज्ञानभन्दा पनि कण्ठस्थ पार्ने अध्ययन बानी विकास हुन सक्दछ ।
- बालबालिकाहरूले आफूले पाएको ज्ञानको व्यावहारिक प्रयोग र अभ्यास तथा उपादेयताको बारेमा जानकार नहुन सक्दछन् ।

## विद्यालयमा बाल सहभागिताको अधिकार सम्बन्धी नीतिगत आधारहरू

**बालमैत्री विद्यालय राष्ट्रिय कार्यढाँचा :** बालमैत्रि विद्यालय राष्ट्रिय कार्यढाँचाले विद्यालयमा बालबालिकाहरूसँग साभागितात्मक अभ्यास हुन जरुरी ठानी निम्न लिखि न्यूनतम र अपेक्षित सूचकहरू तय गरेको छ :

| न्यूनतम सूचकहरू | अपेक्षित सूचकहरू |
|---|---|
| ● विविधतापूर्ण विशेषता भएका बालबालिकाको सहभागिताको सुनिश्चितता भएको<br>● बालक्लबको गठन भएको<br>● विद्यालय सुधार योजना निर्माणमा बालबालिकाको सहभागिता भएको<br>● बालबालिकासँग सम्बन्धित आन्तरिक नियम बनाउँदा बालबालिकाहरूको सहभागिता भएको<br>● विद्यालय व्यवस्थापनद्वारा बालक्लब गठन र क्षमता बृद्धि गर्ने कार्यक्रम स्पष्ट भएको<br>● बालक्लबको नियमित बैठक र कार्ययोजना निर्माण भएको | ● विद्यालयद्वारा आयोजित अतिरिक्त क्रियाकलापमा समावेशीकरण भए नभएको अनुगमन तथा मूल्याङ्कन गरेको<br>● बालक्लब गठन भएको र सो क्लबले सञ्चालित कार्यक्रमहरूको अनुगमन तथा समीक्षा गरेको ।<br>● विद्यालय सुधार योजना निर्माणमा बालबालिकाहरूद्वारा प्रेषित सुझावहरूको पूर्ण कार्यान्वयन भएको<br>● बालबालिकासँग सम्बन्धीत आन्तरिक नियम बनाउँदा बालबालिकाहरूको सहभागिता भएको र नियमको कार्यान्वयनमा लेखाजोखा भएको<br>● विद्यालय व्यवस्थापनद्वारा बालक्लबका सदस्यहरूलाई क्षमता अभिवृद्धि कार्यक्रम गराएका<br>● सबैजसो निर्णयहरूमा बालबालिकाको सहभागिता भएको र उनीहरूको सुझावलाई प्राथमिकता दिएको |

**बालबालिकासम्बन्धी राष्ट्रिय नीति :** बालबालिकासम्बन्धी राष्ट्रिय नीतिले घर परिवार, समुदाय र विद्यालय हुँदै राष्ट्रियस्तर सम्म बालबालिकाका सवालमा गरिने योजना तथा निर्णय प्रक्रियाहरूमा बालबालिकाको प्रभावकारी र नैतिक सहभागिता प्रवर्द्धन गर्ने नीति लिएको छ । यसका लागि यस नीतिले बालबालिकाको संगठनहरूलाई सहयोग गर्ने, सूचिकृत गर्ने, योजना चक्रमा बाल परामर्शहरू सञ्चालन गर्ने तथा बालबालिकासँग सम्बन्धी निर्णय गर्ने निकायहरूमा बालबालिकाको प्रतिनिधित्व गर्ने व्यवस्था मिलाउने प्रावधानहरू त्य गरेको छ । यसका साथै बालबालिकाहरूको सूचनाको पहुँचलाई प्रवर्द्धन गर्ने र सञ्चार माध्यमहरूलाई बाल मैत्री कार्यक्रमहरू सञ्चालन गर्न प्रोत्साहित गर्ने नीति लिएको छ ।

## विद्यालयमा बाल सहभागिताको अधिकार सुनिश्चित हुँदाका सम्भावित सूचकहरू

**नीतिगत सूचकहरू**

- विद्यालयको विद्यालय सुधार योजना तथा वार्षिक योजना निर्माण गर्ने प्रक्रियामा अनिवार्य बाल परामर्श गर्ने नीति रहेको ।
- विद्यालयका विद्यार्थीहरूलाई प्रत्यक्ष प्रभावित पार्ने कार्यक्रम तथा योजनाहरू बनाउँदा बालबालिकाको अनवार्य परामर्श गर्ने नीति रहेको ।
- विद्यालयमा रहेको बाल समूहका कार्यक्रमहरूलाई सहयोग गर्न बजेट विनियोजन गरिएको ।

**संरचनागत सूचकहरू**

- विद्यालयमा बाल समूह गठन भएको र बाल अधिकार संरक्षण र सम्वर्द्धनका लागि विभिन्न सृजनात्मक तथा रचनात्मक कार्यक्रमहरूसहित क्रियाशिल भएको ।

- विद्यालयमा बाल समूहका कार्यक्रमहरूका लागि संरक्षक शिक्षक तोकिदिएको ।
- बालबालिकाहरूले भित्ते पत्रिका जस्ता सृजनात्मक अभ्यासहरू गर्नका लागि निश्चित स्थानहरू तेकिदिएको ।

**सेवा तथा कार्यक्रम सम्बन्धी सूचकहरू**

- विद्यालय व्यवस्थापन समितिले बालबालिकालाई असर पर्ने कुनै पनि निर्णय तथा योजना गरिरहँदा, कार्यान्वयन गर्दा र मूल्यांकन गर्दा प्रभावित बालबालिकाहरूसँग परामर्श गर्ने गरेको ।
- विद्यालयमा बाल समूहहरूले विद्यालयको आर्थिक तथा प्राविधिक सहयोगमा विभिन्न जनचेतनामुलक, रचनात्मक तथा सृजनात्मक कार्यक्रमहरू गर्ने गरेको ।
- नियमित रूपमा बाल भित्ते पत्रिकाहरू प्रकाशित हुने गरेको ।
- बालबालिकाहरूलाई सूचनाको पहुँच प्रदान गर्न नियमित पत्रपत्रिका तथा अध्ययन सामग्रीहरूको व्यवस्था सहितको पुस्तकालयमा पहुँच भएको ।
- शिक्षकहरूले बालबालिकालाई आफ्नो विषयवस्तुको शिक्षण सिकाइ प्रक्रियाका बारेमा मैत्रीपूर्ण तरिकाले नियमित प्रतिक्रिया लिने गरेको ।
- बालबालिकाकै सहभागितामा आचारसंहिता तथा अनुशासनका नियमहरू निर्माण गरी लागू गरिएको ।
- छात्रवृत्ति वितरण प्रक्रियाको योग्यता निर्धारणमा बालबालिकाको सुझावलाई कार्यान्वयन गरिएको ।
- विद्यालय भर्ना अभियान तथा विद्यालयमा निरन्तरताका लागि बालबालिकाको सहभागितामा विभिन्न कार्यक्रमहरू सञ्चालन गरिएको ।

**विद्यार्थी तथा समुदायमा पर्ने प्रभाव सम्बन्धी सूचकहरू**

- बालबालिकाहरूलाई हुर्कदों क्षमता भएका परिवर्तनशील र सक्रिय समूहको रूपमा विद्यालय तथा समुदायमा पहिचान गरिएको ।
- बालबालिकाको नेतृत्वमा सञ्चालित कार्यक्रमहरूका कारणले जनचेतनामा अभिवृद्धि तथा बाल अधिकार हननका घट्नाहरूमा कमी आएको ।
- बालबालिकाहरूको वाक कला, सृजनात्मक अभिव्यक्ति तथा आत्म विश्वास बढेको र लोकतान्त्रिक शान्तिपूर्ण अभ्यासहरूको प्रयोग गर्ने गरेको ।
- बालबालिकाहरूमा समसामयिक सामाजिक, राजनीतिक तथा नागरिक हक र कर्तब्य तथा समस्या र भइरहेका गतिविधिहरूका बारेमा जानकारी भएको ।

## विद्यालयमा बाल सहभागिताको अधिकार सुनिश्चित गर्न सहयोगी निकायहरू

**जिल्ला बाल कल्याण समिति** : जिल्ला बाल कल्याण समितिले बाल क्लबहरूको सूचीकरण गर्ने, बाल क्लब गठन गर्न सहयोग गर्ने , बाल क्लबका विभिन्न कार्यक्रमहरूलाई सहयोग उपलब्ध गराउने, प्रशिक्षण प्रदान गर्ने तथा जिल्लाभरका बाल क्लबहरूको भेला आयोजना गर्ने कार्यहरू गर्दछ । विद्यालयले जिल्ला बाल कल्याण समितिसँग आफ्नो विद्यालयमा बाल क्लब गठन गर्नका लागि, सूचीकरण गर्नका लागि, प्रशिक्षण कार्यक्रमहरूमा सहभागी गराउनका लागि र बाल क्लबका अन्य कार्यक्रमहरू सञ्चालन गर्नका लागि सहयोग माग्न सक्दछ ।

**जिल्ला शिक्षा कार्यालय** : जिल्ला शिक्षा कार्यालय शिक्षा क्षेत्रको विषयगत कार्यालय भएको हिसाबले बालमैत्री विद्यालय राष्ट्रिय कार्यढाँचाका सूचकहरू प्राप्त गर्न विद्यालयलाई विभिन्न सहयोग उपलब्ध गराई सहयोग गर्न सक्दछ ।

**स्थानीय निकाय (जिविस, गाविस तथा नगरपालिका):** जिल्ला विकास समिति, गाउँ विकास समिति तथा नगरपालिकाहरू स्थानीय सरकारहरू हुन् । यी निकायहरूले जिल्लाको समग्र सामाजिक तथा आर्थिक विकासका लागि वार्षिक एवं आवधिक कार्ययोजनाहरू बनाउने, बजेट विनियोजन गर्ने तथा सम्बन्धीत निकायहरूको सहकार्यमा विभिन्न परियोजनाहरू सञ्चालन गर्न सक्दछन् । विद्यालयमा बालिबालिकाको सहभागिताको अधिकार संरक्षण र सम्वर्द्धन गर्नका लागि यी निकायहरूले वार्षिक कार्ययोजनामा सम्बन्धीत प्रावधान राख्ने, बजेट विनियोजन गर्ने, आर्थिक सहयोग प्रदान गर्ने तथा विशेष परियोजनाहरू सञ्चालन गरेर सहयोग गर्न सक्दछन् । वर्तमान निर्देशिकाको आधारमा यी निकायहरूले बालबालिकाको शिक्षा, स्वास्थ्य, संरक्षण र सहभागिताको क्षेत्रमा निश्चित कार्यक्रमहरू तय गर्ने र आवश्यक निश्चित प्रतिशत बजेट विनियोजन गर्न अनिवार्य गरिएको पनि छ ।

**जिल्ला तथा स्थानीय स्तरमा रहेका आम सञ्चार माध्यमहरू :** जिल्ला तथा स्थानीय तहमा रहेका आम सञ्चार माध्यमहरू बलबालिकाहरूलाई निःशुल्क रूपमा सूचना उपलब्ध गराउन तथा उनीहरूका माध्यममा बालबालिकाको सहभागिता बढाइ बालमैत्री सुचनाहरू प्रचारप्रसार गर्न सहयोगी हुन सक्दछन् । यी निकायमा कार्यरत सञ्चारकर्मीहरूले बालबालिकालाई बाल पत्रकारिताका प्रशिक्षणहरू पनि उपलब्ध गराउन सक्दछन् ।

**जिल्ला एवं गाउँ तथा नगर बाल क्लब नेटवर्क तथा सञ्जाल :** बाल क्लबहरू, बाल समूह गठन गर्ने तयारीमा लागेका बालबालिकाहरूका लागि सहयोगी सिद्ध हुन सक्दछन् । बाल क्लब सञ्जालहरूले धेरै बाल क्लबहरूलाई एकै ठाउँमा ल्याउने हुँदा बालबालिकाहरूले यहाँबाट बाल क्लब सञ्चालनका विविध अनुभवहरू प्राप्त गर्न सक्छन् र उक्त सिकाइबाट आफ्नो बाल क्लबमा धेरै असल अभ्यासहरू पनि गर्न सक्छन् ।

**बाल समूहहरू :** बाल समूह आफैंमा बाल सहभागिताको प्रभावकारी अभ्यास हो । बाल समूहहरू नेपाली समाजमा विकास र परिवर्तनका संवाहक भएर देखा परेका छन् । बालबालिकाकै नेतृत्व योजना र सहभागितामा सञ्चालन गरिएका बाल अधिकार र बाल विकाससँग सम्बन्धीत कार्यक्रमहरू बढी प्रभावकारी र फलदायी देखिएका छन् । बालबालिकाको सहभागिताको

अधिकार संरक्षण गर्ने प्रक्रियामा समस्याहरूको पहिचान गर्न, बंचितीकरणमा परेका बालबालिकाहरूको पहिचान गर्ने र समूहमा समावेश गर्ने, साथी शिक्षा सञ्चालन गर्न, सृजनात्मक कार्यक्रमहरू तथा प्रतिस्पर्धाहरू आयोजना गर्न, विविध सामाजिक संस्कृती तथा भाषाहरूप्रति सम सम्मान प्रवर्द्धन गर्न, सामुदायिक पैरवीका प्रक्रियाहरूमा बाल समूहहरू अत्यन्तै प्रभावकारी र नेतृत्वदायी साझेदार हुन सक्दछन् । तर यसरी बाल समूहहरूको साझेदारीमा कार्यक्रमहरू सञ्चालन गरिँदा उनीहरूको अन्य अधिकार र स्वतन्त्रताको हनन नहोस र जोखिममा नपरून भनी सचेत हुनु पर्दछ।

**गैरसरकारी संघसंस्थाहरू :** गैरसरकारी संस्थाहरू विकासका साझेदार, सुशासनका पहरेदार र सामुदायिक सशक्तिकरणका कार्यमा निकै प्रभावकारी र सहयोगी समूहका रूपमा नेपाली समाजमा आएका छन् । यस्ता गैरसरकारी संस्थाहरूले पनि बालबालिकाको शैक्षिक, सामाजिक तथा सृजनात्मक र संवेगात्मक विकासका क्षेत्रमा तथा बाल अधिकारका क्षेत्रमा विभिन्न कार्यक्रमहरू सञ्चालन गरिरहेका हुन सक्छन् । बालबालिकाको सहभागिताको अधिकार र शिक्षाका क्षेत्रमा कार्यरत यस्ता गैससहरूको पहिचान गरी उनीहरूसँगको सहकार्यमा पनि विद्यालयमा बालबालिकाको विकासका अवसरहरूका लागि विभिन्न कार्यक्रम तथा अभियानहरू सञ्चालन गर्न सकिन्छ ।

## छलफल/सोच्नका लागि प्रश्नहरू

१. तपाईको वा तपाईको कार्यक्षेत्रका विद्यालयहरूमा बालबालिकाहरूले कस्ता कस्ता दुर्व्यवहार तथा जोखिमताहरू भोग्नुपरिरहेको छ ?

२. बालबालिकाका यी जोखिमताहरूलाई न्युनिकरण गर्न र दुर्व्यवहारहरूबाट संरक्षण गर्नका लागि तपाईको विद्यालयले के कस्तो कार्यहरू गरिरहेको छ ?

३. बालबालिकाहरूको संरक्षण र जोखिमता न्यूनीकरणका लागि तपाइको विद्यालयले थप के कस्ता कार्यक्रमहरू गर्न सक्छन् ?

४. तपाईको विद्यालयलाई यस्ता कार्यक्रमहरू सञ्चालन गर्न सहयोग गर्न सक्ने सम्भावित निकायहरू को को छन् ?

# अनुसूचीहरू

## अनुसूची १ :

### विद्यालयमा बाल अधिकार संरक्षण तथा सम्वर्द्धन कार्ययोजना फारम

| सम्बन्धीत बाल अधिकार | के कार्यक्रम गर्ने ? | कहिलेसम्म गर्ने ? | विद्यालयको तर्फबाट जिम्मेवार को हो ? | सहयोगी निकाय कुनै भए ? |
|---|---|---|---|---|
| बचावटको अधिकार | | | | |
| | | | | |
| विकासको अधिकार | | | | |
| | | | | |
| संरक्षणको अधिकार | | | | |
| | | | | |
| सहभागिताको अधिकार | | | | |
| | | | | |

प्रधानाध्यापक व्यवस्थापन समिति अध्यक्ष

अभिभावक शिक्षक संघ बाल क्लब प्रतिनिधि

## अनुसूची २ :

## विद्यालयमा बाल अधिकार अनुगमन तथा सुझाव फारम

| सूचकहरू | वर्तमान अवस्था | सुझाव गरिएको कार्य | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

अनुगमन मिति :

अनुगमन गर्ने :

विद्यालय निरीक्षक

crrs_booklet.qxp 12/12/2012 5:37 PM Page 80